# अध्याय एक : परिचय (CHAPTER ONE : INTRODUCTION)

## १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

आम्दानी तथा उपभोग दुवै अर्थशास्त्रको महत्वपुर्ण क्षेत्रहरू हुन् । मानव जीवनको लागि उपभोग अत्यावश्यक र अनिवार्य तत्व हो भने त्यस्तो उपभोग तथा आवश्यकता परिपुर्ती गर्ने माध्यम आम्दानी हो । अर्थशास्त्र मानवीय क्रियाकलापको आर्थिक पक्षको अध्ययन गर्ने सामाजिक विज्ञान हो । यसलाई समय परिर्वन-सँगै यसको परिभाषापनि परिवर्तन हुदै आइरहेको छ । प्राचीन ग्रीक दार्शनिक जेनेफोनले 'अर्थशास्त्र गृहव्यवस्थापनको विज्ञान हो' त्यस्तै भारतीय दार्शनिक कौटिल्यले 'अर्थशास्त्र राज्य व्यवस्थापनको विज्ञान हो' भनि परिभाषित गर्दै अर्थशास्त्रको विभिन्न पक्षहरू मध्ये आय तथा उपभोगको व्याख्या गरेका छन् । त्यस्तै मध्यकालीन युगका दार्शनिकहरूले अर्थशास्त्रलाई नीतिशास्त्रको सहायक शास्त्र हो जसले धन सम्पत्तीलाई मोक्ष प्राप्तगर्ने माध्यमको रुपमा परिभाषित गरेका थिए भने वाणिकवादीहरूले धन तथा वैदेशिक व्यापारलाई महत्वपुर्ण स्थान दिदै अत्याधिक सुन, चादि र शक्ति आर्जन गर्ने पक्षमा जोड दिएका थिए । अठारौं शताब्दिको मध्य तिर फ्रान्समा प्रकृतिवादी सम्प्रदायको विकास भयो त्यस सम्प्रदायले प्राकृतिक नियमको माध्यमबाट मात्र मानव जीवनको भौतिक कल्याण वृद्धि गर्न सकिन्छ जसका लागि कृषि क्षेत्रको विकासमा जोड दिनुपर्ने उल्लेख गरेका थिए । त्यसपश्चात क्रमशः शास्त्रीय, नवशास्त्रीय तथा आधुनिक अर्थशास्त्रीहरूले अर्थशास्त्रलाई समय सान्दर्भिक रुपमा विकास तथा विस्तार गर्दै आय तथा उपभोगको विभिन्न सिद्धान्तहरू विकास आम्दानी र उपभोगको विश्लेषण गरेका छन् । वर्तमान समयमा आम्दानी र उपभोगलाई देश विकासको सूचकको रुपमा विश्लेषण गर्दै आईरहेको पाइन्छ (अधिकारी र दाहाल, २०७२) ।

वि. स. २०७२ असोज ३ गते नेपालको संविधान पारित भयो । यस संविधानले सम्पत्ति र उपभोगलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ । उक्त संविधानको भाग ३ को मौलिक हक र कर्तव्य शिर्षक अन्तरगत धारा २५ मा सम्पत्तीको हक र धारा ४४ मा उपभोक्ताको हक उल्लेख गरिएको छ । सम्पत्तीको हक अन्तरगत प्रत्येक नागरिकलाई कानुनको अधिनमा रही आय आर्जन गर्ने, भोग गर्ने, बेचविखन गर्ने, व्यावशायीक लाभ प्राप्त गर्न तथा आय वृद्धि गर्ने उत्पादन प्रक्रियामा आधुनिकीकरण गर्न पाउने र राज्यले तोकेको आय कर तिर्नुपर्ने व्यवस्था छ । तर

व्यक्तिले गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ती भएमा राज्यले जफत गरी क्षतिपुर्ति सहित कानुन बमोजिम कार्भाइको व्यवस्था पनि रहेको छ भने धारा ४४ मा उपभोत्ताको हकको व्यवस्था गरी प्रत्येक उपभोत्तालाई गुणस्तरिय वस्तु तथा सेवा उपभोग गर्ने हक सुनिस्चित गरेको छ र यदि उपभोक्ताले गुणस्तरहिन वस्तु तथा सेवाको उपभोगबाट उपभोक्तालाई क्षति पुगेमा कानुन बमोजिम क्षतिपुर्ति पनि पाउने हकको व्यवस्था गरिएको छ (नेपालको संविधान, २०७२) ।

व्यक्तिहरूको आम्दानी उपभोग र बचतमा विभाजन हुन्छ। उपभोग भन्नाले वस्तु तथा सेवाहरूको उपयोगिता नस्ट गर्ने प्रक्रिया हो, जुन उपभोक्ताको आम्दानीसँग प्रत्यक्ष सम्बन्ध रहन्छ । यसै सन्दर्भमा अर्थशास्त्री J.M. Keynes ले उपभोग फलनको विश्लेषण गर्दै भनेका छन् देशमा रोजगारीको स्तर प्रभावकारी मागमा भर पर्दछ र प्रभावकारी माग स्वयम् उपभोग्य वस्तुको माग तथा लगानी जन्य वस्तुहरूको मागमा भर पर्दछ। उपभोग फलन भन्नाले आम्दानी र उपभोगबीच रहने अन्तर सम्बन्ध हो जसलाई C = f(Y) ले जनाउदछ । यहाँ C = उपभोग, Y = आम्दानी हो । Keynes ले कुल आम्दानीलाई उपभोग र लगानी गरी दुई भागमा विभाजन गरेका छन् र वन्द अर्थतन्त्रमा बचत र लगानी एक आपसमा बराबर हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् । जसलाई समिकरणद्वारा देखाईएको छ । Y = C+S .... (i) यहाँ Y = आम्दानी, C = उपभोग र S = बचत त्यस्तै Y = C+I .... (ii) यहाँ I = लगानी हो र S=I हुन्छ। अर्थव्यवस्थामा उपभोगमा भएको वृद्धिले वस्तुको माग पनि वृद्धि हुन्छ तसर्थ वस्तुको उत्पादनमा वृद्धि भई रोजगार पनि वृद्धि हुन्छ । आम्दानी र उपभोग बिचमा सकारात्मक सम्बन्ध रहन्छ । तर एउटा देशको आर्थिक विकासका लागी उपभोगको तुलनामा आम्दानी बढी अथवा बचत बढी हुनुपर्दछ । जति बढी बचत हुन्छ त्यति नै लगानी हुन्छ तसर्थ लगानीको आकार ठुलो भएमा प्रतिफल पनि उच्च भई देशको आर्थिक विकास तीव्र हुन्छ। आम्दानीको बचत हिस्सा विकसित देशहरूको २५ प्रतिशत भन्दा बढी रहेको हुन्छ भने अल्प तथा केहि विकासशिल देशबाहेक लगभग ८/१० प्रतिशत रहेको पाइन्छ (Keynes, 1936)।

विश्वमा प्रत्येक राष्ट्रले आ-आफ्नो राष्ट्रको आम्दानीको गणना गर्ने गर्दछ। आम्दानी गणनाबाट देशको वास्तविक अर्थतन्त्र तथा जनताहरूको जीवनस्तरको अवस्था पत्ता लाग्दछ। यसरी आम्दानी गणना गर्दा उत्पादन, उपभोग र खर्च विधिबाट गर्न सकिन्छ । उत्पादनको पक्षबाट हेर्दा कुनै

देशमा एक आर्थिक वर्षभित्र उत्पादन गरिएका अन्तिम वस्तु तथा सेवाहरूको कुल बजार मूल्यको योग नै राष्ट्रिय उत्पादन हो । जुन राष्ट्रिय आयसँग बराबर हुन्छ । त्यस्तै खर्चको पक्षबाट देशमा एक आर्थिक वर्षभित्र नीजी उपभोग तथा लगानी खर्च र सरकारी खर्चको कुल योग नै राष्ट्रिय खर्च हो । जुन राष्ट्रिय आम्दानीसँग बराबर हुन्छ र उपभोग पक्षबाट हेर्दा देशमा एक आर्थिक वर्षभित्र प्रत्यक्ष रुपमा उपभोग गरिएको वस्तु तथा सेवाहरूको शुद्ध वार्षिक उत्पादनको कुल योग नै राष्ट्रिय उपभोग हो । जुन राष्ट्रिय आयसँग बराबर हुन्छ । यसै सन्दर्भमा संयुक्तराष्ट्र संघले राष्ट्रिय आम्दानीलाई यसरी परिभाषित गरेको छ "शुद्ध राष्ट्रिय उत्पादनको आधारमा राष्ट्रिय आम्दानी भनेको एक निश्चित समयावधिभित्र आर्थिक क्रियाकलापको सबै साधनहरूको शुद्ध मुल्य अभिवृद्धि र विदेशबाट प्राप्त शुद्ध आम्दानीको योग हो । उत्पादनका साधनहरूको योगका आधारमा उत्पादनका साधनहरूको मुल्य लागत, ज्याला, ब्याज र नाफाहरूको कुल योगबाट प्राप्त हुने आम्दानी नै राष्ट्रिय आम्दानी हो । शुद्ध राष्ट्रिय खर्चका आधारमा वस्तु तथा सेवाहरूको अन्तिम उपभोगमा गरिएको खर्च र आन्तरिक तथा बाह्य लगानी खर्चलाई जोड्दा प्राप्त हुने खर्च नै राष्ट्रिय आम्दानी हो ।" यसरि राष्ट्रिय आम्दानी भनेको उत्पादन, आय र खर्च को प्रबाह हो । जब व्यक्ति वा फर्मले वस्तु उत्पादन गर्दछ तब उत्पादनका साधनहरूले मूल्य प्राप्त गर्दछन् । उक्त मूल्यबाट प्राप्त आम्दानीको केही भाग उपभोगमा खर्च हुन्छ र बाँकी रकम बचतमा परिणत हुन्छ । बचत भएको रकम पुनः उत्पादन कार्यमा नै लगाउने र पुनः आम्दानी प्राप्त हुन्छ । यहि प्रक्रियाद्वारा उत्पादन, आम्दानी र खर्च एक अर्कामा प्रबाह हुने गर्दछ । त्यसैले उत्पादन, आय र खर्च प्रबाह एक आपसमा बराबर हुने गर्दछ (पौडेल, २०७१) ।

Karl Marx ले आर्थिक विकासको सम्बन्धमा 'आर्थिक विकासको सिद्धान्त' नामक सिद्धान्तको विकास गरी अर्थव्यवस्थामा पुँजीपतिवर्ग र सर्वहारावर्ग हुन्छन् र पुँजीपति वर्गले सर्वहारा वर्गमाथि शोषण गरिरहेका हन्छन् । शोषण गर्ने क्रम झन् बढिरहन्छ त्यसले सर्वहारावर्गहरू शोषण, दमनको विरुद्धमा एकजुट तथा शक्तिशाली हुन्दै जान्छन् र वर्ग संगर्षमा उत्रन्छन् । यसरी दुई वर्गबीचको वर्ग संगर्षपश्चात अन्ततः पुँजीपति वर्गको अन्त्य गरी समाजवादी आर्थिक व्यवस्थाको सुरुवात तथा विकास हुन्छ । यस समाजवादी अर्थव्यवस्था अन्तर्गत उत्पादनका साधनहरू र सामाजिक सम्पत्तीमाथि समान र सामुहिक स्वामित्व रहन्छ र प्रत्येक व्यक्तिबाट उसको सामर्थ्य, सीपअनुसार

आयआर्जन गर्ने, उपभोग तथा जीवनस्तर उच्च वनाउन स्वतन्त्र पाउँदछ भनि उल्लेख गरेका छन् (Marx, 1960)।

### १.२ समस्याको कथन (Statement of the Problem)

नेपाल संघीय शासन सञ्चालन भइरहेको देश हो । यहाँको स्थानीय स्तर देखि केन्द्र सम्मका विभिन्न चुनाव भइसकेका छन् । प्रत्येक स्थानीय तह, प्रदेश तथा केन्द्रमा प्रतक्ष्य मतदानद्वारा प्रतिनिधिहरूको छनौट गरी सरकार सञ्चालन भइरहेको छ । त्यस चुनावी समयमा प्रत्येक राजनैतिक पाटीहरूले आ-आफ्नो चुनावी घोषणा पत्रमा गरिवी निवारण, आर्थिक समृद्दि तथा भ्रष्टचारको अन्त्य गरी सुशासनयुक्त दिगो विकासको व्यावस्था गरिनेछ भनि उल्लेख गरेका थिए तर अझपनि प्रदेशको नामाकरण तथा प्रशासनिक पुर्वाधारको स्थायित्व गर्न सकिरहेको छैन । त्यसको साथै स्थानीय स्तरको आय वृद्धिको लागि स्थानीय स्रोत साधानहरूको पहिचान, परिचालन तथा प्रयोग गर्न सकिरहेको छैन । वर्तमान समयमा स्थानीय स्तरमा केन्द्र सरकारबाट अनुदान, स्थानीय स्तरको घरजग्गा, व्यवसायी करबाहेक अन्य आर्थिक स्रोतहरू प्रयाप्त रुपमा पहिचान भएका छैनन् । यता देश विकासको मुख्य आधार मानवीय स्रोत पनि हो । वर्तमान समयमा नेपाली मानवीय स्रोतहरू सुनौलो भविष्यको खोजीमा प्रतिदिन विदेशीरहेका छन् । यस्तो अवस्थामा स्वदेशमा विप्रेषणका कारण नेपालिहरूको जीवनस्तर वढेतापनि त्यो दिर्घकालिन भने छैन किनकी स्वदेशमा आर्थिक रुपमा अशक्त बुढाबुढी, वालवच्चाहरूको बसोबास बढ्नु तथा नेपाली जीवनशैलीमा परनिर्भरता बढीरहेकोले विदेशबाट प्राप्त विप्रेषणको ठुलो हिस्सा उपभोगमा र बचत अत्यान्तै न्यून भैरहेको छ जसले गर्दा कृषि, उद्योग जस्ता उत्पादकीय क्षेत्रको उत्पादकत्व घटिरहेको छ भने नेपालमा ग्रामिण क्षेत्रबाट शहरी क्षेत्रमा बसाइसराईको कारण गाउँको उर्वर भुमि जङ्गलीकरण भइरहेको छ र तराई क्षेत्र शहरीकरण हुदै गैरहेको छ । यस्तो अवस्थामा दीर्घकालीन सोचरहित अल्पकालीन स्वार्थमा फसेर निकट भविष्यमा आर्थिक, सामाजिक तथा समग्र भौतिक विकास अझ दयनीय वन्ने सम्भावना बढीरहेको छ । तसर्थ देशको अर्थतन्त्रको आकार विस्तार र जनताहरूको जीवनस्तर उच्च बनाउने सोच राख्नु वर्तमान परिपेक्षको आवश्यकता रहेको छ ।

देशको दिगो तथा समग्र विकासको मुख्य आधार आम्दानी हो । हाम्रो देश नेपालको अथतन्त्रको आकार बढीरहेको छ । तर नेपालको व्यापार दिनानुदिन निर्यातको तुलनामा आयतको अनुपात

बढीरहेको छ । जसमा प्राथमिक वस्तुमा परनिर्भरता, विलासिताका वस्तुहरूको आयत बढ्नु, आयतित वस्तुसंग प्रतिस्पर्धा गर्न नसक्दा आन्तरीक उत्पादन प्रतिस्थापन हुनु जस्ता कारणले व्यापार घाटा बढीरहेको छ । त्यसकारण देश तथा व्यक्तिहरूको आम्दानीको ठुलो हिस्सा चालु खर्चमा गईरहेको छ । देशको आय वृद्धि तथा विकास गर्न तुलनात्मक लागत लाभ हुने वस्तु तथा सेवाहरू उत्पादन व्यापार क्षेत्रको विस्तार गर्दै निर्यात व्यापार प्रवर्द्धन गर्नुपर्दछ जसकोलागी स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीपको प्रयोग हुने वस्तुको निकासी प्रवर्द्धनमार्फत प्राप्त हुने लाभलाई ग्रामीण तहसम्म विस्तार गरी तुलनात्मक लाभका वस्तु तथा सेवाको मूल्य र गुणस्तरलाई प्रतिस्पर्धी बनाई व्यापार घाटा कम गर्दै नेपाललाई आर्थिक रुपमा समृद्ध बनाउनु पर्दछ (अर्थमन्त्रालय, २०७५) ।

## १.३ अध्ययनको महत्व (Significance of the Study)

विकासको मुख्य आधार लगानी हो । लगानी बचतमा भर पर्दछ भने बचत आम्दानी र उपभोगको अन्तरमा भर पर्दछ । देशको दिगो विकासको लागि सम्पूर्ण पूर्वाधारको विकास, स्रोत साधनको संरक्षणका साथसाथै आम्दानी र उपभोगको स्तर उच्च हुनुपर्दछ । सामान्यतः आम्दानी उच्च हुने व्यक्तिको उपभोगको स्तर पनि उच्च रहेको हुन्छ । यसरी आम्दानी र उपभोगबीचमा सकारात्मक सम्वन्ध हुन्छ । उपभोगको स्तर उच्च भएमा व्यक्तिको कार्यक्षमता पनि वुद्धि हुन्छ । जसको कारण पुनः आम्दानी वृद्धि गर्न सहयोग पुर्याउँदछ । नेपाल विकासको शिखर चुम्न लम्किरहेको देश हो । यहाँको पुर्वाधार विकासमा ठुलो आर्थिक लगानी भईरहेको छ तर नेपाली जनताहरूको आम्दानी तथा उपभोगको स्तर असमान प्रकृतिको छ । यस्तो अवस्थामा विशेषतः निम्न आम्दानी तथा उपभोगको स्तर भएको व्यक्तिहरूको जीवनस्तर उच्च वनाउन आम्दानी तथा उपभोगको स्तर वढाउँने रणनीति वनाई कार्यन्वयन गर्नु नितान्त आवश्यक छ । त्यसैले यस अध्ययनको महत्वलाई निम्नानुसार बुँदागत रुपमा उल्लेख गरी अध्ययन, अनुसन्धान गरिएको छ :

(क) यो अध्ययनले अध्ययन क्षेत्रको आर्थिक अवस्थाको पहिचान गर्ने छ ।

(ख) घरपरिवारहरूको आम्दानीका स्रोतहरू, खर्चको क्षेत्र र बचतको अवस्थाको बारेमा जानकारी दिनेछ ।

(ग) यो अध्ययन घरायसी आम्दानी र उपभोगको सम्बन्धको अध्ययनसंग सम्वन्धित रहेको छ ।

(घ) यस अध्ययनले कृषि र गैरकृषि पेशामा आवद्ध घरपरिवारहरूको जीवनस्तरको तुलनात्मक अध्ययन गर्नेछ ।

(ङ) वार्षिक आम्दानी र खर्चको बारेमा जानकारी लिन चाहाने व्यक्ति वा सरोकारवालाहरूको लागी आधार प्रदान गर्दछ ।

(च) आम्दानी र खर्चको बारेमा थप अनुसन्धान गर्नचाहाने नयाँ सोध कर्ता तथा यस संग सम्वन्धित सरोकारवालाहरूलाई आधार प्रदान गर्ने छ ।

(छ) यस अध्ययनले अर्थशास्त्र शिक्षा विभागलाई शैक्षिक शामग्रीको रुपमा सहयोग गर्नेछ ।

## १.४ अध्ययनको उद्देश्य (Objectives of the Study)

यस अध्ययनको साधारण उद्देश्य आम्दानी तथा उपभोगबीचको सम्बन्धको अध्ययन गर्नु रहेको छ । भने विशिष्ट उद्देश्यहरू निम्नअनुसार रहेका छन् :

(क) अध्ययनमा समावेश भएका परिवारहरूको आम्दानी र खर्चको विश्लेषण गर्नु,

(ख) परिवारहरूको उपभोग प्रवृत्तिको अध्ययन गर्नु,

(ग) न्यून आम्दानी भएका परिवारहरूको न्यून आम्दानी हुनुका कारणहरू पत्ता लगाई आम्दानी वृद्धि गर्ने माध्यमहरूको खोजी गर्नु ।

## १.५ अनुसन्धान प्रश्नहरू (Research Questions)

यस अध्ययन अनुसन्धानबाट निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ :

(क) अध्ययनमा समावेश भएका परिवारहरूको आम्दानी र खर्चको स्रोतहरू के-के रहेका छन् ?

(ख) परिवारहरूको उपभोग प्रवृत्ति कस्तो रहेको छ ?

(ग) न्यून आम्दानी भएका परिवारहरूको आम्दानी न्यून हुनुका कारणहरू के-के हुन् ?

(घ) न्यून आम्दानी भएका परिवारहरूको आम्दानी वृद्धि गर्ने उपायहरू के-के छन् ?

## १.६ अध्ययनको परिसीमाहरू (Delimitations of the Study)

यस अध्ययनलाई नतिजामुलक वनाउँनकालागी समय, लागत तथा अन्य स्रोतसाधनको सीमितताको कारण निश्चित सीमाभित्र सीमावद्ध गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरीएको छ ।

(क) यो अध्ययन आम्चोक गाउँपालिकाको वाड नं. २ मा मात्र सीमित गरिएको छ ।

(ख) यो अध्ययन आम्दानी तथा खर्चको तथ्याङ्कसँग मात्र सीमित रहेको छ ।

(ग) यो अध्ययनमा आम्चोक गाउँपालिकाको वडा नं. २ मा बसोबास गर्ने कुल घरपरिवारमध्ये १५ प्रतिशतलाई मात्र समावेश गरिएको छ ।

(घ) यस अध्ययनमा आ. व. २०७३/७४ को आम्दानी तथा उपभोगको विवरणलाई मात्र तथ्याङ्कको रुपमा लिइएको छ ।

(ङ) यस अध्ययनमा न्यून आम्दानी भन्नाले नेपाल जीवनस्तर सर्वेक्षण प्रतिवेदन केन्द्रीय तथ्यांक विभागले निर्धारण गरेको तथ्यांक अनुसार प्रतिव्यक्ति वार्षिक आम्दानी रु. १९,२६१ भन्दा न्यून भएको घरपरिवारहरू रहेका छन् ।

(च) यस अध्ययनमा प्राथमिक र द्वित्तिय स्रोत बाट प्राप्त जानकारी लाई समावेस गरिएको छ ।

(छ) यस अध्ययनबाट प्राप्त निष्कर्षलाई अन्य क्षेत्रमा सामान्यीकरण गर्न सकिने छैन ।

## १.७ अध्ययनको संगठन (Orgnization of the Study)

भोजपुर जिल्ला आम्चोक गाउँपालिकाको वडा नं. २ मा बसोबास गर्ने घरपरिवारहरूको आम्दानी तथा उपभोगको सम्बन्धको अध्ययन गर्ने उद्देश्यले गरिएको यस अध्ययलाई जम्मा ५ अध्यायमा संगठित गरिएको छ । जुन यस प्रकार रहेका छन् : पहिलो अध्यायमा अध्ययनको पृष्ठभुमि, समस्याको कथन, अध्ययनको महत्व, उद्देश्य, परिसीमा र अध्ययनको संगठनलाई राखिएको छ । दोस्रो अध्यायमा सम्बन्धित साहित्यको पुनरावलोकन, अनुसन्धानात्मक साहित्यको पुनरावलोकन, साहित्यको पुनरावलोकन अध्ययनको उपादेयता, अनुसन्धान अन्तर र कार्यात्मक ढाँचालाई क्रमशः राखिएको छ। अध्याय तीनमा अध्ययनको विधि र प्रक्रियाहरू रहेका छन् जस अन्तर्गत अनुसन्धान ढाँचा, तथ्यांङ्को स्रोत, जनसङ्ख्या, नमूना आकार र नमूना छनौट रणनीति, अध्ययन क्षेत्रको परिचय, तथ्यांङ्क संकलनको साधनहरू, तथ्यांङ्क संकलनको प्रविधिहरू, तथ्यांङ्क विश्लेषण प्रक्रिया र नीतिगत प्रावधान समावेश गरिको छ। त्यसैगरी अध्याय चारमा नतिजा विश्लेषण र व्याख्या गरीएको छ । अध्याय पाँचमा सारांश, निष्कर्ष र सुझावहरू रहेका छन् । त्यसपछि अनुसूची र सन्दर्भ सूचीहरू राखिको छ ।

## अध्याय दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र कार्यात्मक ढाँचा (CHAPTER TWO : REVIEW OF RELATED LITERATURE AND FUNCTIONAL FRAMEWORK)

यस अध्यायमा आम्दानी, खर्च तथा उपभोग प्रवृत्तिसंग सम्बन्धित साहित्यहरूको पुनरावलोकन गरिएका छन् । यसका साथै अध्ययन शीर्षकसंग सम्बन्धित अनुसन्धानात्मक साहित्यको पुनरावलोकन, साहित्यको पुनरावलोकनको उपादेयता, अनुसन्धान अन्तर तथा अवधारणत्मक ढाँचा र कार्यात्मक ढाँचालाई क्रमशः प्रस्तुत गरिएको छ ।

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन (Review of Related Literature)

Keynes (1936) ले 'The General Theory of Employment, Interest and Money' नामक पुस्तक प्रकाशण गरेका थिए । उक्त पुस्तकमा उपभोग प्रवृत्तिको विश्लेषण गर्ने नमुना प्रस्तुत गरेका छन् जसलाई 'Absolute Income Hypothesis' भनिन्छ । Keynes ले उपभोग फलनको विश्लेषण गर्दै भनेका छन् जव निरपेक्ष आम्दानी वृद्धि हुदै जान्छ तव उपभोगको स्तर पनि वृद्धि हुदै जान्छ तर आम्दानी वृद्धिको तुलनामा उपभोग वृद्धि कम अनुपातमा हुन्छ । यसको मुख्य कारण उपभोक्ताको आम्दानी वढ्दै जादा क्रमशः आवश्यकताहरू पूरा हुदै गइरहेका हुन्छन् । Keynes को Absolute Income Hypothesis को मुख्य तिन मान्यताहरू रहेका छन्:

(क) वास्तविक उपभोग वास्तविक आम्लानीको फलन हो ।

(ख) MPC धनात्मक हुन्छ तर १ भन्दा कम ($0 < MPC < 1$) हुन्छ ।

(ग) अल्पकालमा $APC > MPC$ हुन्छ र आम्दानी वढ्दै जादा APC घट्दै जान्छ ।

प्रस्तुत मान्यताका आधारमा Keynes ले उपभोग फलनलाई अल्पकाल र दिर्घकाल दुवै पक्षबाट विश्लेषण गरेका छन् । अल्पकालीन उपभोग फलन भन्नाले स्वाधिन उपभोग र प्रेरित उपभोगको योग हो । अल्पकालिन उपभोग फलनलाई Keynes ले निम्न समिकरणद्वारा प्रस्तुत गरेका छन् :

$C= a + bY$ …….. (i)

Where,

a = Autonomous Consumption

bY = Induce Consumption

b = Marginal Propencity to Consume

दिर्घकालमा उपभोग फलन $C = bY$ ……… (ii) हुन्छ ।

Fridman (1957) ले 'A Theory of the Consumption Function' नामक पुस्तक प्रकाशन गरी उपभोग प्रवृत्तिको सम्वन्धमा 'Permanent Income Hypothesis' नमुनाको प्रतिपादन गरेका छन् । Fridman को यस परिकल्पनामा वर्तमान आम्दानी अथवा कुल आम्दानी र उपभोगको आदतमा आधारित हुने स्थायी आम्दानीबीच अन्तर देखाएका छन् । यस नमुना अनुसार स्थायी आम्दानी भनेको उपभोक्ताको कुल आम्दानीको औषत आम्दानी हो । यस स्थायी आम्दानीको अनुमान प्रत्येक उपभोक्ताले आ-आफ्नो मानवीय तथा गैरमानवीय कुल आम्दानीका आधारमा गर्न सक्दछन् । मानवीय आम्दानी भनेको व्यक्तिले प्रत्यक्षरुपमा सेवा गरेवापत प्राप्त पूँजीगत ज्याला वा सम्पत्ति हो भने गैरमानवीय आम्दानी भनेको व्यक्तिगत सेवा वाहेक अन्य क्षेत्रबाट प्राप्त आम्दानी जस्तै लगान, व्याज तथा लाभांश को मात्रा हो । प्रत्येक व्यक्तिले मानवीय तथा गैरमानवीय पूँजीबाट धेरै आम्दानी प्राप्त गर्न चाहान्छन् त्यस आम्दानीलाई व्यक्तिको वर्तमान सम्पत्ति भनिन्छ । यसरी व्यक्तिको चालु वर्षको स्थायी आम्दानी, कुल सम्पत्ति र व्याजदर गुणन गर्दा प्राप्त हुन्छ । Fridman ले कुल आम्दानीलाई स्थायी र क्षणिक आम्दानी गरी दुई भागमा विभाजन गरेका छन् । जसलाई समिकरणमा उल्लेख गरिएको छ :

$$Y\frac{m}{t} = Y\frac{P}{t} + Y\frac{T}{t} \text{ …….. (i)}$$

Where,

$Y\frac{m}{t}$ = Measured Income, $Y\frac{P}{t}$ = Permant Income and $Y\frac{T}{t}$ = Transitory Income

यस परिकल्पना अनुसार कुल आम्दानी स्थायी आम्दानी भन्दा घटी वा बढी भन्ने कुरा क्षणिक आम्दानीले निर्धारण गर्दछ । यदि क्षणिक आम्दानी $Y\frac{T}{t} < 0$ छ भने कूल आम्दानी $Y\frac{m}{t} < Y\frac{P}{t}$ र यदि क्षणिक आम्दानी $Y\frac{T}{t} > 0$ छ भने कुल आम्दानी $Y\frac{m}{t} > Y\frac{P}{t}$ हुन्छ । क्षणिक आम्दानी भनेको व्यक्ति प्राप्त गरेको लाभांश, लगान तथा चिट्ठाबाट प्राप्त आम्दानी हो । यसरी नै Fridman ले कुल उपभोगलाई पनि स्थायी उपभोग र क्षणिक उपभोग गरी दुई भागमा विभाजन गरेका छन् । जुन निम्नानुसार रहेको छ :

$$C\frac{m}{t} = C\frac{P}{t} + C\frac{T}{t} \text{ …….. (ii)}$$

Where,

$C\frac{m}{t}$ = Measured Consumption, $C\frac{P}{t}$ = Permant Consumption and $C\frac{T}{t}$ = Transitory Consumption

कुल आम्दानी जस्तै कुल उपभोग पनि स्थायी उपभोग भन्दा घटी अथवा बढी हुन सक्दछ । यदि क्षणिक उपभोग $C\frac{T}{t} < 0$ छ भने कुल उपभोग $C\frac{m}{t} < C\frac{P}{t}$ र यदि क्षणिक उपभोग $C\frac{T}{t} > 0$ छ भने कुल उपभोग $C\frac{m}{t} > C\frac{P}{t}$ हुन्छ ।

Rostow (1960) ले 'The Stage of Economic Growth' सिद्धान्तको विकास गरी देशको आर्थिक विकासको क्रममा प्रत्येक देशले विभिन्न विकासका चरणहरू पार गर्दै जानुपर्दछ भन्ने कुरा उल्लेख गरेका छन् । Rostow ले आर्थिक विकासको चरणलाई परम्परागत समाज, उत्सर्गका लागी पुर्व सर्तहरू, उत्सर्गको चरण, परिपक्कोन्मुख चरण र अत्याधिक आम उपभोगको चरण गरी जम्मा पाच तहमा विभाजन गरेका छन् । यी विभिन्न चरणहरू पारगर्दै जादा जब अत्याधिक आम उपभोगको चरणमा अर्थतन्त्रको विकास पुग्दछ तब देशमा बसोबास गर्ने जनताहरूको उच्च आय, उच्च प्रतिव्यक्ति आय, उच्च उपभोगको स्तर भई देश समृद्ध हुन्छ । यसरी Rostow ले विकसित मुलुकहरूको आर्थिक इतिहासलाई अध्ययन गरेर एउटा गरीव तथा पिछडिएको देशलाई औधोगिक तथा विकसित देशमा रुपान्तरण गर्न आवश्यक पर्ने विभिन्न उपायहरू वताएका छन् । Rostow ले अर्थतन्त्रको विकास उच्च वनाउनको लागि राजनैतिक सामाजिक, पूँजी निर्माण, कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गरी निर्यात वृद्धि गर्नुपर्ने सुझव दिएका छन् ।

Modigliani and Brumberg (1966) ले आम्दानी र उपभोगको विश्लेषण गर्नका लागि 'Life Cycle Hypothesis' को प्रतिपादन गरेका छुन् । यस परिकल्पना अनुसार कुनै एक समयमा व्यक्तिको उपभोग त्यस समयमा प्राप्त आम्दानीको अंशमा आधारित नभई सापेक्षित आम्दानी तथा सम्पत्तिमा निर्भर रहन्छ । त्यसैगरी यस परिकल्पना अनुसार एक व्यक्तिको औषत आम्दानी उसको जीवनको सुरुवात र अन्त्यमा उपभोग खर्च भन्दा कम र मध्य उमेरमा खर्च भन्दा औषत आम्दानी बढी हुन्छ भन्ने तथ्य प्रस्तुत गरेको छ । यो परिकल्पना निम्न मान्यतामा आधारीत रहेको छ :

(क) मुल्यमा भएको परिवर्तनले उपभोक्ताको माग, कुल उपभोग तथा औषत उपभोगमा पनि परिवर्तन ल्याउदछ तसर्थ उपभोक्ताको जीवन समयवधिमा वस्तुको मुल्यमा परिवर्तन हुदैन ।

(ख) ब्याजमा हुने परिवर्तनले लगानीमा परिवर्तन हुनगई आम्दानीमा पनि परिवर्तन गराउदछ ।

(ग) व्यक्तिको आषैत उपभोग उसको पैतृक सम्पत्तिले प्रभाव पार्दैन ।

प्रस्तुत मान्यमाका आधारमा जसरी परिवारको उपभोग उसको जीवनमा कमाउन सक्ने आम्दानीको वर्तमान मुल्यमा आधारीत हुन्छ त्यसरी नै यो परिवारको संख्यामा आउने परिवर्तन संगै उपभोगमा पनि परिवर्तन हुन्छ ।

दसौं योजना (२०५९) नेपाल सरकारले नेपालको दिगो आर्थिक तथा मानवीय विकासको लागि योजनाहरू निर्माण र कार्यन्वयन गर्ने क्रममा 'दसौं पञ्चवर्षीय योजना (२०५९/६४)' कार्यन्वयन गरीसकेको छ । दसौं योजना कार्यन्वयनको समयमा नेपालमा दशवर्षे जनयुद्धपस्चात बृहत शान्ति सम्झौता भइसकेको थियो । उक्त समयमा नेपालले आर्थिक, भौतिक तथा मानवीय रुपमा ठुलो क्षति व्यहोर्नु परेको थियो । यसै क्रममा नेपाल सरकार, स्थानिय निकाय, गैरसरकारी क्षेत्र, नीजि क्षेत्र र नागरिक समाजको संयुक्त सहभागीतामा स्रोत साधनहरूको समुचित परिचालन गर्दै र यसबाट आर्थिक अवशरहरू एवम् रोजगारीको क्षेत्रहरू विस्तार तथा जनशक्तीकरण, मानवीय विकास, सुरक्षा, लक्षित कार्यक्रम मार्फत महिला, दलित, दुर्गम क्षेत्रका वासिन्दा लगायत अति गरिव एवम् पिछडिएका वर्गको साधन तथा आर्थिक उपलब्धिहरूमा पहुँच वृद्धि गरेर आर्थिक, मानवीय साथै सामाजिक परिसुचकहरूको सुधार गरेर गरिवी हटाउनु यस योजनाको उद्देश्य रहेको थियो । दसौं योजनाले विशेषतः कृषि, उर्जा, पूर्वाधार विकास, पर्यटन, सामाजिक सेवा, औद्योगिक विकास, मानविय संसाधन विकास, आर्थिक विकास, गरिवी निवारण, जनसंख्या नियन्त्रण जस्ता पक्षलाई जोड दिएको थियो ।

सिन्हा (२०७०) ले 'शिक्षाको वित्तशास्त्र' नामक पुस्तकमा देश विकासको विभिन्न पक्षहरू मध्ये शिक्षा महत्वपुर्ण पक्ष हो भन्ने कुरा व्यक्त गरेका छन् । उनले देशमा रोजगार, साधन स्रोतहरूको प्रचुर सदुपयोग, सेवा क्षेत्रको विकार तथा विस्तर, नयाँ खोज तथा अनुसन्धानबाट देशको आर्थिक तथा भौतिक पक्षको विकास हुन्छ । जसको लागि प्राविधिक तथा गुणस्तरीय शिक्षाको माध्यमबाट दक्ष, सीपयुक्त जनशक्ति उत्पादनमा प्रयाप्त लगानीको आवश्यक रहेको कुरा उल्लेख गरेका छन् । सिन्हाले देशको आर्थिक तथा जनताहरूको जिवनस्तर उच्चवनाउन कम्तिमा सार्वजनिक बजेटको २० प्रतिशत र कुल ग्राहस्थ उत्पादनको ५ प्रतिशत रकम शिक्षा क्षेत्रमा लगानी गर्नुपदर्छ भनेका छन् । उनले राट्रिय आय समुह तथा क्षेत्रीय स्तरमा शिक्षा क्षेत्रमा कुल राट्रिय उत्पादनको लगानी प्रवृत्तिलाई तुलना गर्दै करीब एक दशकमा मध्ये एसियाका देशहरूमा सरकारी लगानी

वृद्धिदर सवभन्दा वढी ८.५ प्रतिशत र सबभन्दा कम पुर्वी एसिया क्षेत्रमा जम्मा २ प्रतिशतका दरले वृद्धि भएको तथ्य उल्लेख गर्दै राज्यले शिक्षा क्षेत्रमा जति धेरै लगानी गर्नसक्छ त्यति देशको आय तथा जनताहरूको जीवनस्तर त्यतिनै वृद्धि हुन्छ तशर्थ शिक्षा आम्दानि तथा उपभोग प्रवृत्तीबीच सकारात्मक सम्बन्ध रहन्छ भन्ने कुरा उल्लेख गरेका छन् ।

अर्थमन्त्रालय (२०७५) ले नेपाल सरकार, संघीय संसदको संयुक्त बैठक बसी 'आर्थिक वर्ष २०७५/७६ को बजेट वक्तव्य' वि. स. २०७५ जेठ १५ गते अर्थमन्त्री डा. युवराज खतिवडाद्वारा प्रस्तुत गरिएको थियो । उक्त बजेटमा जीवनयापनका न्यूनतम आधारभुत आवश्यक्ताहरूको परिपुर्ती गर्दै चरम गरिवी, विपन्नता र पछौटेपनाको अन्त्य गर्ने, साधन स्रोत, अवसर र क्षमाताको विकास तथा उच्चतम उपयोग गरी द्रुत आर्थिक तथा मानवीय विकास गर्ने साथै आर्थिक, भौतिक, सामाजिक पुर्वाधारहरूको विकास गरी समुन्नत, स्वधिन र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने उद्देश्य रहेको छ । यसका लागि कृषि, उद्योग, पर्यटन, शिक्षा, स्वास्थ्य, सुरक्षा, यातायात, उर्जा, रोजगार, वाणिज्य तथा आपुर्ति, सरसफाई, सुचना तथा सञ्चारका साथै खोज, अध्ययन अनुसन्धानआदी क्षेत्रमा प्रयाप्त लगानीको आवश्यकता रहेको छ जसकालागि प्राथमिकताका आधारमा बजेट विनियोजन गरिएको उल्लेख छ ।

१४ औं योजना (२०७६) को सफल कार्यन्वयन संगै नेपालको योजनाबद्ध विकासको प्रयास सुरू भएको छ दशक पुगेको छ । पछिल्लो राजनीतिक परिवर्तनले स्थापित गरेको नागरिक अधिकारसँगै सामाजिक न्यायसहितको आर्थिक विकास र समृद्ध समाज निर्माण कार्य राज्यको प्रमुख कार्यसूचीमा परेको छ । विश्वव्यापीकरणको कारण मुलुकमा परेको आर्थिक एवम् सामाजिक प्रभाव, भूकम्प लगायतका प्राकृतिक प्रकोप एवम् विपद्बाट सिर्जित पुनर्निर्माणको जिम्मेवारी पूरा गर्दै न्यून आर्थिक वृद्धिको अवस्थाबाट गुज्रिरहेको अर्थतन्त्रलाई क्रियाशील गराउँदै जनताको विकासको आकाङ्क्षालाई सम्बोधन गर्न आवश्यकतालाई मध्यनजर गरी राष्ट्रिय बचत परिचालनबाट लगानी वद्धि र सबल अर्थतन्त्र निर्माण उच्च बचत परिचालन गरी सार्वजनिक, नीजी र सहकारी क्षेत्रमार्फत राष्ट्रिय पूँजी निर्माण गर्ने, आम्दानी वृद्धि र उपभोग व्यवस्थापनबाट सबै क्षेत्रमा बचत गर्ने क्षमतामा अभिवृद्धि गर्ने सोच लक्ष्य तथा उद्देश्यकासाथ यो योजना कार्यन्वयनमा रहेको छ ।

मौद्रिक नीति (२०७६) नेपाल राष्ट्र बैंकले 'आर्थिक वर्ष २०७५/७६' पारित गरेको छ। यस नीतिमा समग्र चालु आर्थिक क्रियाकलापको प्रक्षेपन र गत आर्थिक वर्षको मौद्रिक व्यवस्थाको समिक्षालाई उल्लेख गरीएको छ। राष्ट्र बैंकले मुख्यतः मुल्य स्थिरता, मुद्रास्फिति ६.५ प्रतिशत को दायरामा राख्ने, ८ प्रतिशत आर्थिक वृद्धिदर प्राप्त गर्ने, स्वदेशी वस्तु उत्पादन र उपभोगलाई प्राथमिकता दिदै आयत कटैति र निर्यात प्रवर्दन, व्याजदर नियन्त्रण जस्ता लक्ष्यलाई आत्मासात गरी नेपाली अर्थतन्त्रलाई तिव्र वृद्धि र मजवुद वनाउने नीति अवलम्वन गरेको छ। तर अन्तराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मुल्य वृद्धि, डलरको मुल्य वृद्धि जस्ता कारणले मुद्रास्फिति वड्ने संकेत पनि उत्तिकै देखिन्छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. १ बिराटनगर (२०७६) ले प्रदेश नं. १ को आर्थीक वर्ष २०७५/७६ को वार्षिक नीति तथा कार्यक्रम प्रदेश सरकारबाट वि. स. २०७४ जेष्ठ २७ गते पेश भएको थियो। प्रदेश नं. १ लाई कसरी विकासको मार्ग निर्माण गर्ने, आयको स्रोत के के हुन्, ती स्रोतहरूलाई कसरी आदर्शतम परीचालन गर्ने र जनताहरूको जीवनस्तर उच्च वनाउन के-कस्ता कार्ययोजना वनाउनुपर्दछ भन्ने खाका तयार पारेको छ। प्रदेश नं. १ को आर्थिक विकासका लागि क्षेत्र, भूगोल, हावापानी तथा मौषम अनुसार कृषिप्रणालीको आधुनिकीकरण गर्ने, कृषिक्षेत्रमा अन्नवाली भन्दा पनि विशेषतः नगदेवाली जस्तै अलैची, चिरैतो, रुद्राक्ष, अदुवा, बदाम, किवीफल, एबोकार्ड, अम्लिसो आदिको उत्पादनमा जोड दिने र कृषि जन्य तथा औद्योगिक विकास, घरेलु तथा साना उद्योगको सञ्चालन, यातायात, विद्युत आदिको प्रयाप्त विकास गरिने लक्ष्य लिएको छ। समग्र प्रदेश नं. १ को विकासको लागि आवश्येक दक्षजनशक्ति उत्पादनका लागि प्राविधिक शिक्षा, तालिमको व्यवस्था गरिएकोछ। प्रदेश नं. १ को आयका विभिन्न स्रोतहरू मध्ये पर्यटन एक हो। पर्यटन विकासको लागि पर्यटकिय क्षेत्र सगरमाथा, कञ्चनजंगा, पाथिभरा, भेडेटार, कोशीटप्पु वन्यजन्तु आरक्षण केन्द्र, कन्याम, फिक्कल लगायत होटल, होमस्टे, स्मार्ट सिटी जस्ता क्षेत्रको विकास तथा प्रचारप्रसार गर्ने नीति निर्माण गरेको छ। त्यसैगरी उपभोक्ताहरूलाई स्थानिय तथा स्वदेशी वस्तु उत्पादन गरी उपभोग गर्ने, बाह्य निर्यात वृद्धि गरी व्यापार विस्तार गर्ने, मिसावट रहित उपभोग्य बस्तुहरूको उपभोग गरी उच्च तथा स्वोस्थ्य जीवनस्तर वनाउने नीति अवलम्बन गरेको छ।

## २.२ अनुसन्धानात्मक साहित्यको पुनरावलोकन (Review of the Research Literature)

अर्थमन्त्रालय (२०७४) अनुसार आर्थिक वर्ष २०७३/७४ यता नेपालको आर्थिक वृद्धिदर सकारात्मक रहेको छ । आर्थिक वर्ष २०७३/७४ मा आर्थिक वृद्धिदर ७.५ प्रतिशत रहेको थियो भने आर्थिक वर्ष २०७४/७५ मा ५.९ प्रतिशत रहने अनुमान रहेको थियो । यस आर्थिक वर्षको शुरुमा तराईमा आएको बाढीका कारण कृषि क्षेत्रको वृद्धिदर २.८ प्रतिशत रहेतापनि उद्योग क्षेत्रको वृद्धिदर ८.८ प्रतिशत र सेवा क्षेत्रको वृद्धि दर ६.६ प्रतिशत भएबाट आर्थिक वर्ष २०७४/७५ मा उत्साहजनक आर्थिक वृद्धि हासिल भएको हो । यसरी आर्थिक वृद्धिमा आएको सुधारसँगै नेपाली अर्थतन्त्रको आकार रु. ३० खर्ब ७ अर्ब पुगेको थियो । विगत २०७३/७४ देखी यता कुल गार्हस्थ्य बचतको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपातमा वृद्धि हुँदै आइरहेको छ । यस्तो अनुपात आर्थिक वर्ष २०७४/७५ मा १५ प्रतिशत पुग्ने अनुमान रहेको थियो । त्यसै गरी वैदेशीक रोजगारीले विप्रेषण भित्रिरहेकोले गर्दा आर्थिक वर्ष २०७४/७५ मा कुल राष्ट्रिय बचतको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ४३.९ प्रतिशत रहेको थियो भने कुल पुँजी निर्माण अनुपातमा विस्तार भई ५१.८ प्रतिशत पुगेको र स्रोत अपर्याप्तता कुल गार्हस्थ्य उत्पादनको ७.८ प्रतिशत रहने अनुमान थियो । यस आ. व. मा खुद निर्यातको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपातमा समेत अघिल्लो वर्षको तुलनामा केही वृद्धि भई आर्थिक वर्ष २०७४/७५ मा ३६.७ प्रतिशतले ऋणात्मक रहने अनुमान थियो । आर्थिक वर्ष २०७३/७४ मा ४.५ प्रतिशत रहेको औसत उपभोक्ता मुद्रास्फीति दर आर्थिक वर्ष २०७४/७५ को एघार महिनामा ४.१ प्रतिशतमा झरेको छ । वि. स. २०७५ असार २५ गतेसम्म नेपाल सरकारको चालु खर्च वार्षिक बजेट अनुमानको ८४.२९ प्रतिशत र पूँजीगत खर्च ६०.५५ प्रतिशत भई कुल खर्च वार्षिक बजेट अनुमानको ७६.२० प्रतिशत रहेको थियो । त्यसैगरी राजस्व वार्षिक अनुमान रु. ७३० अर्बको ९३.१५ प्रतिशत संकलन भएको थियो । आर्थिक वर्ष २०७४/७५ मा नेपाल सरकारले परिचालन गरेको कुल आन्तरिक ऋण रु. १४४ अर्ब ७५ करोड र आन्तरिक ऋणको भुक्तानी रु. ३७ अर्ब ५२ करोड रहेको थियो । आर्थिक वर्ष २०७४/७५ को एघार महिनामा चालु खाता घाटा रु. २०९ अर्ब २१ करोड थियो, जुन कुल गार्हस्थ्य उत्पादनको ७.० प्रतिशत हो । निर्यातको तुलनामा आयातमा भएको वृद्धिका कारण आर्थिक वर्ष २०७४/७५ को एघार महिनामा व्यापार घाटा रु. १०३३ अर्ब ४ करोड पुगेको थियो भने यो कुल गार्हस्थ्य उत्पादनको ३४.४ प्रतिशत हो । आर्थिक वर्ष २०७३/७४ मा रु. ८२ अर्ब ११ करोडले बचतमा रहेको

शोधनान्तर स्थिति आर्थिक वर्ष २०७४/७५ को एघार महिनामा रु. ४ अर्ब ३४ करोडले घाटामा थियो तर बैंकिङ्ग क्षेत्रसँग ९.६ महिनाको वस्तु तथा सेवा आयात धान्नका लागि पर्याप्त विदेशी विनिमय सञ्चिति रहेको थियो ।

बराल (२०७६) ले 'नेपालको आर्थिक वृद्धि ७ प्रतिशत नजिक' शीर्षकमा नयाँ पत्रिका दैनिकमा लेख प्रकासन गरी उक्त लेखमा नेपालको प्रतिव्यक्ति आय १,०३४ डलर र अर्थतन्त्रको आकार ३४ खर्व ६४ अर्व पुगी नेपालको अर्थतन्त्र सकारात्मक दिशामा गइरहेको उल्लेख गरेका छन् । बरालको लेखमा वि. सं. २०७६ वैशाख १३ गते शुक्रबार केन्द्रिय तथ्याङ्क विभागले प्रकाशन गरेको तथ्याङ्कका आधारमा चालु आर्थिक वर्ष २०७५/७६ मा ६.८१ प्रतिशत (आधारभूत मुल्य) आर्थिक वृद्धि हुने प्रक्षेपण गरेको छ । यस संगै नेपालको लगातार तेस्रो पटक ६ प्रतिशतभन्दा उच्च आर्थिक वृद्धिदर हासिल गर्ने भएको छ । नेपालले गत आर्थिक वर्ष २०७४/७५ मा ६.३ प्रतिशत र त्यस वर्षअघि २०७३/७४ मा ७.७४ प्रतिशत कायम गरेको थियो । यस तथ्याङ्कको आधारमा नेपालको कृषि क्षेत्रको वृद्धिदर उच्च, उद्योगको घट्दो र सेवा क्षेत्रको स्थिर रहेको छ । चालु आर्थिक वर्षमा प्राथमिक क्षेत्र (कृषि, वन, मत्स्या र खानी) को वृद्धिदर ५.१० प्रतिशत रहने प्रक्षेपन गरीएको छ । गत आर्थिक वर्षमा यो क्षेत्रको वृद्धिदर २.७१ प्रतिशत मात्रै थियो भने कुल गार्हस्थ उत्पादनमा यस क्षेत्रको हिस्सा २७.०१ प्रतिशत रहेको छ । विभागको अनुसार द्वितिय क्षेत्र (निर्माण, उद्योग, विद्युत, ग्यास तथा पानी) को वृद्धिदर ८.१० प्रतिशत रहेको छ । गत आर्थिक वर्ष मा यो क्षेत्रको वृद्धिदर ९.६२ प्रतिशत रहेको थियो भने जिडिपीमा यस क्षेत्रको योगदान १४.६ प्रतिशत रहेको छ । त्यस्तै सेवा क्षेत्रको वृद्धिदर ७.२१ प्रतिशत रहने अनुमान गरीएको छ । गत वर्ष यस क्षेत्रको वृद्धिदर ७.१६ प्रतिशत रहेको थियो साथै जिडिपीमा ५७.८१ प्रतिशत योगदान रहेको छ । वर्तमान समयमा नेपालको आम्दानी केवल उपभोगमा मात्र सीमित रहेको आरोप लाग्दै आएको छ तर पछिल्लो तथ्याङ्कले नेपालीहरूको आम्दानी र उपभोगको साथसाथै बचत पनि बढीरहेको देखिन्छ । केन्द्रिय तथ्याङ्क विभागको अनुसार राष्ट्रिय बचत २०.४८ प्रतिशत पुगेको छ । यो गत आर्थिक वर्षमा यो १७.८१ प्रतिशत थियो तर त्यसभन्दा अघिल्ला वर्षहरूमा राष्ट्रिय बचत ११ प्रतिशत भन्दा माथि बढ्न सकेको थिएन ।

IMF (2017) ले विश्व अर्थतन्त्रको अवस्थाको अध्ययन प्रतिवेदन प्रकासन गरेको छ। यस अध्ययनले विश्व अर्थतन्त्रको आयको आकार दिनानुदीन बढीरहेको निष्कर्ष निकालेको छ । अन्तराष्ट्रिय मुद्रा कोषको अनुसार सन् २०१७ सम्ममा विस्व अर्थतन्त्रको आकार ७,९८,६५,४८१ US $ रहेको छ भने सन् २०१६ मा ७,५६,४८,४४८ US $ रहेको थियो जुन सन् २०१७ को भन्दा ४२,१७,०३३ US $ ले कमि हो । विश्व अर्थतन्त्र विकासको आधारमा विकसित, विकासशील र अल्पविकशीत गरी तिन चरणमा विभाजित छ । विकसित तथा केहि विकासशील देशहरूले विश्व अर्थतन्त्रको ठुलो हिस्शा ओगटेका छन् भने बाकि विकासशील र अल्पविकासशील देशहरूले थोरैमात्रा ओगटेका छन् । यहाँ IMF द्वारा प्रकाशीत आर्थिक प्रतिवेदनका आधारमा सवधन्दा ठुलो अर्थतन्त्र भएको देश अमेरिका हो । अमेरिकाको अर्थतन्त्रको आकार १,९३,९०,६०० US $ रहेको छ जुन विश्व अर्थतन्त्रको २४.२८ प्रतिशत हो । त्यसपश्चात क्रमशः घट्दो दरमा चीन, जापान, जर्मन, यु. के, भारत, फ्रन्स, ब्राजिल,इटाली र क्यानडा रहेका छन् । यी ठुलो अर्थतन्त्र भएको देशहरूको कुल अर्थतन्त्र ५,३४,२६,५३७ US $ रहेको छ जुन विस्व अर्थतन्त्रको ६६.९० प्रतिशत हो । यस तथ्याङ्क अनुसार नेपाल विश्व अर्थतन्त्रको १०५ औं स्थानमा रहेको छ । नेपालको अर्थतन्त्रको आकार २४,४७२ US $ रहेको छ । यो विश्व अर्थतन्त्रको ०.०३०६४ प्रतिशत हो । यसरी विस्वको बढीरहेको अर्थतन्त्रको आकार संगै उपभोगको स्तर पनि बढीरहेको छ तर आयको अनुपात भन्दा कम अनुपातमा बढिरहेको छ ।

अर्थमन्त्रालय (२०७५) अनुसार गत वर्षको आर्थिक सर्वेक्षण अनुसार नेपालको आर्थिक वृद्धिदर ७.५ प्रतिशत रहेको थियो भने चालु आर्थिक वर्ष २०७४/७५ मा ५.९ प्रतिशत ले वृद्धि हुने प्रक्षेपन गरिएको छ । यसरि देशको कुल आय बढ्नुमा कृषि तथा गैरकृषि क्षेत्रमा सुधार आएकोले त्यसको प्रभाव देशको कुल आयमा प्रत्यक्षरुपमा देखिरहेको हो । विगतका दिनहरूमा देशको आम्दानीको ठुलो हिस्सा कृषि क्षेत्रले ओगट्दै आईरहेको थियो तर पछिल्लो वर्षहरूमा यो दर बढिनै भएपनि क्रमशः घट्दोदरमा रहेको छ । आर्थिक वर्ष २०७३/७४ अनुसार देशको कुल ग्राहस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २८.८ प्रतिशत र गैरकृषि क्षेत्रको ७१.२ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यो दर २७.६ प्रतिशत र गैरकृषि क्षेत्रको योगदान ७२.४ प्रतिशत रहने अनुमान गरिएको छ । नेपाल गरिवीको चक्रबाट बाहिरिन दिनरात प्रयात्न गरिरहेको छ । यहाँ अझै पनि २१.८

प्रतिशत जनताहरू गरिवीको रेखामुनि रहेका छन् भने बहुआयमिक गरिवीको मापनको आधारमा २८.६ प्रतिशत नेपाली जनताहरू बहुआयमिक रुपमा गरिव रहेका छन् । यस्तो चरम गरिवीको अवस्थामा देशको आयको ठुलो हिस्सा उपभोगमा खर्च भईरहेको हुन्छ । वार्षिक रुपमा नेपाल सरकारले ठुलो मात्रामा बजेट विनियोजन गर्ने गर्दछ तर त्यस्को ठुलो हिस्सा पुँजीगत खर्च नभई चालु खर्चमा गइरहेको छ । अझ हाम्रो देश नेपाल संघिय शाषण संरचनामा गइसकेको छ, यस्तो स्थितिमा देशको खर्च तथा उपभोग अझ तत्कालीन समयमा बढ्ने संकेत देखिन्छ । आ. व. २०७३/७४ मा देशको कुल ग्राहस्थ्य उत्पादनको ८८.१ प्रतिशत उपभोग खर्च र बाकि ११.९ प्रतिशत बचत रहेको थियो तर चालु आर्थिक वर्षमा उपभोगको मात्रा ३.१ प्रतिशतले कमि भई ८५ प्रतिशत मा झरि बचतको अनुपात १५ प्रतिशत पुग्ने अनुपान गरिएको छ ।

राष्ट्रिय योजना आयोग, (२०६८) को आधारमा नेपालको कुल जनसंख्या मध्ये २३.८ प्रतिशत जनताहरू गरिवीको रेखामुनी रहेका छन् । नेपालमा गरिबीको रेखामुनि रहेका व्यक्तिहरूको प्रतिव्यक्ति प्रति वर्ष आम्दानी रु. १९,२६१ अर्थात दैनिक १ डलर भन्दा कम निर्धारण गरिएको छ । यसलाई खाद्य र गैरखाद्यरुपमा हेर्दा खाद्य गरिबीको रु. ११,९२९ र गैरखाद्य गरिबीको रु. ७,३३२ देखिएको छ । यस किसिमले काठमाडौं उपत्यका लगायत शहरी क्षेत्रको गरिबी रेखा भन्दा बढी वार्षिक रु. ४०,९३३ कायम हुन आएको छ भने ग्रामीण पश्चिमाञ्चल तराई क्षेत्रको गरिबीको रेखा सबैभन्दा कम रु. १५,९९८ कायम हुन आएको छ । यी गरिवीको रेखाहरूले ती क्षेत्रका व्यक्तिहरूको जीवनयापनका लागि न्यूनतम आवश्यकताका भन्दा मुनि उपभोग खर्च भएका व्यक्ति, परिवारहरू गरिव मानिन्छन् । गरिवी निराकरण गर्न नसकिने तर न्यूनीकरण गर्न भने सकिन्छ । वर्तमान समयमा नेपालमा गरिवीलाई न्यूनीकरण गर्न नसक्नुको कारणहरू रोजगारीमुलक, सिपमूलक तथा व्यावसायिक शिक्षाको अभाव, जनचेतनाको कमी, निर्वाहमुखी खेती प्रणाली, बहुसंख्यक जनताको प्रभुत्व कृषि क्षेत्रमा हुनु, कृषि अनुसन्धानको कमी, पुँजीको अभाव, ग्रामिण अर्थतन्त्रको वर्चस्व, दक्ष र प्राविधिक जनशक्तिको अभाव, न्यून औद्योगिकीकरण, सहुलियतपूर्ण व्यावसायिक ऋणको अभाव, भौतिक सेवा सुविधाको अभाव, लामो राजनैतिक अस्थिरता सामाजिक समावेशिताको कमी, भ्रष्टाचार बढ्नु, ग्रामिण वित्तिय संघ संस्थाहरूको अभाव, प्राकृतिक प्रकोप तथा न्यून आय हुनु र उपभोगको स्तर न्यून गुणस्तर हुनुको कारणहरू

रहेका छन् । यी समस्याहरूको समाधान गर्न सरकार तथा नीजि क्षेत्रको सहकार्यमा उपायहरूको खोजि गरिव घरपरिवारहरूको आर्थिक सुधार गर्नुपर्दछ ।

## २.३ साहित्यको पुनरावलोकन अध्ययनको उपदेयता (Implication of the Review for the Reseaech)

देशको समग्र विकास त्येस देशको आम्दानीमा भर पर्दछ । विकसीत तथा केहि उच्च आय भएका विकाससिल देशहरूको विकास तिव्र गतिमा हुनुको मुख्य कारण उनिहरूको आम्दानी उपभोगको तुलनामा उच्च हुनु हो । भने अल्प तथा विकाससिल देशहरूको आर्थिक तथा भौतिक विकास सुस्त हुनुको मुख्य कारण आम्दानी र उपभोगको अनुपात न्यून हुनु वा आम्दानि भन्दा उपभोग बढी हुनु हो । देश विकास तथा व्यक्तिहरूको जीवनस्तर उच्च वनाउन प्रयाप्त पुँजी लगानी गर्नपर्दछ । यसरी प्रयाप्त लगानीका लागी आम्दानीको ठुलो हिस्सा बचत गर्नुपर्दछ । बचतको उच्च दर विकसीत तथा केहि विकाससिल देशहरुको मात्र रहेको छ । तर अल्प तथा अन्य विकाससिल देशहरूको उपभोगको अनुपात उच्च र बचतको दर अत्यान्तै न्यून रहेको छ ।


नेपालले सन् २०२२ सम्ममा विकाससिल राष्ट्रको सूची पदोन्नती हुने लक्ष्य राखेको छे । यहाँका जनताहरूको जीवनस्तर क्रमशः वृद्धि हुदै गइरहेको छ । देश विकासको लागि नयाँ प्रविधि, दक्ष जनशक्ति तथा उच्च पुँजी लगानी भइरहेको छ । नेपालको कुल ग्रास्थ्य उत्पादनमा क्रमशः कृषि क्षेत्रको योगदान घटिरहेको र शेवा क्षेत्रको योगदान क्रमशः वृद्धि हुदै गइरहेको छ साथै आन्तरीक स्रोत साधनहरूको प्रयोग क्रमशः बढी रहेको छ । हाल नेपालको समग्र तथा समान विकासको लागि प्रान्तिय राजनैतिक संरचणा व्यावस्था गरी संघ, प्रदेश र स्थानिय स्तरबाट दिगो विकासको विभिन्न नीतिहरू निर्माण तथा क्रमश कार्यन्वयन भइरहेका छन् जहा सरकार, समुदाय र नीजि क्षेत्रको सहकार्य बढीरहेको छ । त्येसका साथै देश विकासको लागि वर्षेनि वाह्य देश तथा सघंसस्थाबाट सहयोग पनि प्राप्त भईरहेको छ । तर अझ पनि नेपाली जनताहरूले पुर्ण विकास तथा सुः खको महशुस गर्वकासाथ गर्न सकेका छैनन् । यसै सन्दर्भलाई ध्यानमा राख्दै आम्दानि तथा उपभोगबीचको सम्बन्धको तुलनात्मक अध्ययन तथा विस्लेषण गरि देशको आम्दानीको स्रोत, खर्चका क्षेत्रहरू के के तथा नेपाली जनताहरूको उपभोग प्रवृत्तिको स्तरको कस्तो रहेको छ ? भन्ने तथ्य पत्ता लगाउनको लागि यो अध्ययन गरिएको छ ।

## २.४ अनुसन्धान अन्तर (Reserch Gap)

नेपाल साधन र स्रोतको आधारमा प्रयाप्त विकासको सम्भावना भएको देश हो । यहाँ उपलब्ध स्रोत साधनहरूको खोज, उत्खनन् तथा प्रयोग पुर्णमात्रामा हुन सकेको छैन । त्यसैले नेपाली जनताहरूको आम्दानि तथा उपभोगको स्तर पनि प्रयाप्त मात्रामा वृद्धि हुन सकेको छैन । यसरी आम्दानि तथा उपभोगको खोज, अध्ययन तथा अनुसन्धान त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्रसंकाय केन्द्रिय विभागमा गरेको पायीएन साथै पुर्व साहित्य, अध्ययन, अनुसन्धानहरूमा सम्बन्धित व्यवशायले आयमा पारेको प्रभावसंग सम्बन्धित मात्र पाईयो । तसर्थ यो अध्ययन मुख्यतः व्यक्तिहरूको आम्दानीको साथसाथै उपभोग र घरपरिवारहरूको उपभोग प्रवृत्तिको पनि अध्ययन गरिएको छ ।


## २.५ अवधारणात्मक ढाँचा (Conceptual Framework)

यस अध्ययनको अवधारणात्मक ढाँचा निम्न अनुसार रहको छ :



## २.६ कार्यात्मक ढाँचा (Functional Framework)

यस अध्ययनको कार्यात्मक ढाँचा निम्न अनुसार रहेको छ :



## अध्ययन तीन : अनुसन्धान विधि र प्रकृयाहरू (CHAPTER THREE : RESEARCH METHOD AND PROCEDURES)

अध्याय तीनमा अनुसन्धानको क्रममा आवश्यक विधि तथा प्रक्रियाहरू उल्लेख गरिएको छ । जसमा अनुसन्धान ढाँचा, अध्ययनको जनसङ्ख्या, नमुना छनौट, तथ्याङ्कको स्रोत, अध्ययन क्षेत्रको परिचय, तथ्याङ्क संकलनका साधनहरू, तथ्याङ्क संकलनको प्रविधि, तथ्याङ्क विश्लेषण प्रक्रिया तथा नीतिगत प्रावधानलाई समावेश गरिएकोछ ।

### ३.१ अनुसन्धान ढाँचा (Research Design)

यो अध्ययन सर्भे ढाँचामा आधारित रहेको छ । यस अध्ययनको उद्देश्य प्राप्तिको लागि प्राथमिक स्रोतको तथ्याङ्क संकलन गरी परिमाणत्मक तथा गुणात्मक विधिद्वारा विश्लेषण गरिएको छ । यसरी संकलित तथ्याङ्कलाई तालिका, चित्र र उपभोग प्रवृत्तिद्वारा ब्याख्या तथा विश्लेषण गरी निष्कर्ष तथा सुझावहरू प्रस्तुन गरिएको छ ।

### ३.२ जनसङ्ख्या, नमुना आकार र नमुना छनौट रणनीति (Population, Sample Size and Sampling Atrategi)

यस अध्ययनका लागि आवश्यक जनसङ्ख्या, जसबाट छनौट गरिएको नमुनाको आकार तथा नमुना छनौट रणनीतिहरूलाई निम्नाअनुसार उल्लेख गरिएको छ ।

#### ३.२.१ जनसङ्ख्या (Population)

यस अध्ययनको जनसंख्या भोजपुर जिल्ला आम्चोक गाउँपालिकाको वडा नं. २ मा बसोबास गर्ने कुल ३५१ घरपरिवार रहेका छन् ।

#### ३.३.२ नमुना आकार (Sample Size)

यस अध्ययनको लागी भोजपुर जिल्ला आम्चोक गाउँपालिकाको वडा नं. २ मा बसोबास गर्ने कुल ३५१ घरपरिवारहरूमध्ये आन्तरिक सुपरिवेक्षकको सल्लाह बमोजिम अनुसन्धान प्रतिनिधित्व हुने गरी १५ प्रतिशत परिवारलाई नमुनाको रुपमा छनोट गरिएको छ । उक्त १५ प्रतिशतभित्र जम्मा ५३ घरपरिवारहरू पर्दछन् ।

### ३.२.३ नमुना छनौट रणनीति (Sampling Strategy)

यस अध्ययनको लागि नमुना छनोटको रणनीति निम्नानुसार रहेका छन् :

(क) यस अध्ययनमा भोजपुर जिल्ला आम्चोक गाउँपालिकाको वडा नं. २ मा बसोवास गर्ने कुल ३५१ घरपरिवारहरूमध्ये सम्भावनायुक्त नमुना छनोट विधिद्वारा १५ प्रतिशत घरपरिवारलाई छनौट गरिएको छ ।

(ख) यस अध्ययनमा आम्दानी र उपभोगबीचको सम्बन्धको तुलनात्मक अध्ययन गर्न मात्र नमुना छनौट गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोतहरू (Sources of Data)

यस अध्ययनमा मुख्यतः प्राथमिक स्रोतबाट तथ्याङ्कको संकलन गरीएको छ र आवश्यकता अनुसार द्वितीय स्रोतबाट पनि तथ्याङ्क संकलन गरिएको छ । यी तथ्याङ्क संकलनका स्रोतहरू निम्नअनुसार रहेका छन् ।

### ३.३.१ प्राथमिक स्रोतहरू (Primary Sources)

यस अध्ययनको लागि छनौट गरिएको अध्ययन क्षेत्रमा बसोबास गर्ने कुल घरपरिवारहरू मध्ये १५ प्रतिशत घरपरिवार तथ्याङ्कको प्राथमिक स्रोतको रुपमा रहेका छन् । प्राथमिक स्रोतको तथ्याङ्क संकलनको साधनलाई अनुसूची १ मा राखिएको छ ।

### ३.३.२ द्वितीय स्रोतहरू (Secondary Sources)

यस अध्ययन कार्यलाई थप प्रभावकारी तथा नतिजामुखी बनाउन नेपाल सरकार अर्थमन्त्रालयद्वारा प्रकाशित आर्थिक सर्वेक्षण, बजेट बक्तव्य पत्र २०७५/७६, १४ औं योजना, भोजपुर जिल्लाको पाश्वचित्र २०७५, आम्चोक खोज दर्शन (मासिक पत्रिका) को साथै यस अध्ययनसँग सम्बन्धित विभिन्न प्रकाशित तथा अप्रकाशित साहित्यहरू द्वितीय स्रोतको रुपमा रहेका छन् ।

### ३.४ अध्ययन क्षेत्रको परिचय (Introduction to the Study Area)

यस अध्ययन पूर्वी नेपालको १ नंबर प्रदेशको भोजपुर जिल्ला आम्चोक गाउँपालिकाको वडा नं. २ मा बसोबास गर्ने कुल घरपरिवारहरूमध्ये १५ प्रतिशत घरपरिवारलाई यस अध्ययनको क्षेत्रको रुपमा छनौट गरिएको छ ।

### ३.५ तथ्याङ्क संकलनका साधन (Tool of Data Collection)

यस अध्ययनका लागि तथ्याङ्क संकलन गर्न निम्न साधनहरूको प्रयोग गरिएका छन् :

#### ३.५.१ घरायसी सर्वेक्षण फाराम (Household Survey Form)

छनौटमा परेका घरपरिवारहरूको आम्दानी तथा उपभोगको अवस्था कस्तो छ ? भनी अध्ययन गर्न आवश्येक पर्ने तथ्याङ्क संकलनका लागि सर्वेक्षण फाराम तयार गरिएको छ । उक्त फाराम अध्ययनकर्ता स्वयम अध्ययन क्षेत्रको छनौटमा परेका प्रत्येक घरमा गई प्रत्यक्ष व्यक्तिगत अन्तरवार्ताद्वारा तथ्याङ्क संकलन गरीएको छ । यस फाराममा आम्दानी पक्षको १४ वटा र खर्च पक्षको १९ वटा क्षेत्रहरू समावेश गरीएका छन् । जसलाई अनुसुची १ मा राखीएको छ ।

### ३.६ तथ्याङ्क संकलनका प्रविधिहरू (Techniques of Data Collection)

यस अध्ययन पुरा गर्नका लागि अन्तर्वाता, प्रत्यक्ष अवलोकन, लक्षित समुह छलफल जस्ता तथ्याङ्क संकलनको प्रविधिहरूको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ । जुन निम्नअनुसार रहेका छन् :

#### ३.६.१ प्रत्यक्ष अन्तवार्ता (Direct Interview)

यस अध्ययनमा प्राथमिक तथ्याङ्क संकलनका लागि छनौटमा परेका प्रत्येक घरको घरमुली/संवन्धित व्यक्तिसँग प्रत्यक्ष अन्तरवार्ता/प्रश्नोत्तरको माध्यमद्धारा तथ्याङ्क संकलन गरिएको छ ।

#### ३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation)

अध्ययनको उद्देश्य प्राप्तिका लागी प्राप्त तथ्याङ्कलाई थप विश्वसनीय वनाउन उत्तरदाताहरूको घर, व्यवसाय, पेशा आदिको प्रत्यक्ष अवलोकन गरिएको छ ।

### ३.६.३ लक्षित समुह छलफल (Focus Group Discussion-FGD)

यस अध्ययनको लागी नमुना छनौटमा परेका कुल घरपरिवारहरूमध्ये न्यून आम्दानी भएको ७ घरपरिवारहरूको आम्दानी न्यून हुनुको कारण र आम्दानी वृद्धि गर्ने उपायहरूको खोजि गर्न अध्ययन क्षेत्रको ३-५ जनाको समुहमा वुद्धिजिवी तथा युवा समुह र न्यून आम्दानी भएका परिवारबाट अर्को समुह वनाई छुट्टाछुटै छलफल गरीएको छ । जसलाई अनुसुची २ मा समावेश गरिएिको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया (Data Analysis Procedure)

यस अध्ययनमा तथ्याङ्क संकलनका साधन र प्रविधिहरूबाट प्राप्त परिमाणत्मक तथ्याङ्क तथा सूचनाहरूलाई उपयुक्त उप-शीर्षकअनुसार तालिका, वृत्तचित्र, स्तम्भचित्र, प्रतिशताङ्क, उपभोग प्रवृत्ति को माध्यमद्वारा विश्लेषण गरिएको छ साथै गुणात्मक रुपमा प्राप्त तथ्याङ्कलाई वर्णनात्मक विधिद्वारा व्याख्या गरिएको छ । यहाँ उपभोग प्रवृत्तिलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ३.७.१ औषत उपभोग प्रवृत्ति (Average Propencity to Consume - APC)

आम्दानी र उपभोगबीचको अनुपातलाई औषत उपभोग प्रवृत्ति भनिन्छ । यसलाई समीकरण (i) मा देखाइएको छ ।

$$APC = \frac{C}{Y} \quad \ldots\ldots\ldots\ldots \text{(i)}$$

यहाँ, APC = Average Propencity to Consume

Y = Income

C = Consumption

### ३.७.२ सीमान्त उपभोग प्रवृत्ति (Marginal Propencity to Consume - MPC)

आम्दानीको स्तरमा परिवर्तन हुँदा उपभोगको स्तरमा हुन जाने परिवर्तनको अनुपातको अवस्थालाई सीमान्त उपभोग प्रवृत्ति भनिन्छ । यसलाई समीकरण (ii) मा ‘b’ ले जनाएको छ ।

$$C = a + bY \quad \ldots\ldots\ldots\ldots \text{(ii)}$$

Where, C = Consumption (Dependent variable)

Y = Income (Independent variable)

a = Regression constant

b = Marginal propensity to consume

### ३.८ नीतिगत प्रावधान (Ethical Consideration)

यस अध्ययनको क्षेत्रमा परेका घरपरिवारको विवरण मास्टर टेवल निर्माण गरी नाम गोप्य राखिएको छ । छलफल तथा अन्तर्वाको क्रममा लक्षित व्यक्तिहरूसँग अनुमति लिई सञ्चालन गरिएको थियो, उनिहरूको परिचय गोप्यका साथसाथै उनिहरूबाट प्राप्त तथ्याङ्क तथा सुचनालाई जस्ताको तस्तै साभार गरिएको छ । अन्त्यमा प्राप्त सुचना तथा तथ्याङ्कलाई यस अध्ययनको उद्देश्य पुरा गर्न मात्र प्रयोग गरिएको छ ।

## अध्याय चार : तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण (CHAPTER FOUR : ANALYSIS AND INTERPRETATION OF DATA)

अध्याय तीनमा उल्लेख गरिएका तथ्याङ्क संकलनका विभिन्न विधिहरू प्रयोग गरी प्राप्त सुचनालाई यस अध्ययनमा प्रस्तुत गरिएको छ। अध्ययनको क्रममा प्राप्त कोरा तथ्याङ्कबाट ठोस सुचना प्राप्त नहुने हुँदा उक्त तथ्याङ्कको व्याख्या विश्लेषण गर्नु पर्ने हुन्छ । यस अध्यायमा अध्ययनका मुख्य उद्देश्यहरू पूरा गर्नका लागी प्राप्त तथ्याङ्कको आधारमा विभिन्न वुँदाहरूमा विभाजन गरी प्रस्तुत गरीएको छ ।

### ४.१ भोजपुर जिल्लाको परिचय (Introduction to the Bhojpur District)

नेपालको १ नं. प्रदेश अन्तरगत पर्ने विभिन्न जिल्लाहरूमध्ये पहाडी क्षेत्रमा भोजपुर जिल्ला पर्दछ । साविक रुपमा हेर्दा पुर्वाञ्चल विकास क्षेत्रको कोशी अञ्चलमा अवस्थित जिल्लाहरूमध्ये भोजपुर एक हो । खुकुरिले प्रसिद्ध यस जिल्ला डाँडाकाडाँ, वेसिफाँट, भिर, जङ्गल, खोलानाला, झर्ना आदी मिलेर वनेको छ । यस जिल्लाको पूर्वमा धनकुटा र संखुवासभासँग अरुण नदी, पश्चिममा खोटाङ्ग, उत्तरमा सोलुखुम्बु र दक्षिणमा उदयपुर जिल्लासंग दुधकोशीको सीमाना रहेको छ । यस भोजपुर जिल्लामा यूँ थामडाँडा, सेल्मेटेम्के, साल्पा सिलिचुङ्ग, संखाम डाँडा जस्ता उच्च श्रृंखलाहरू रहेका छन् भने काङ्वा, पिखुवा, सिग्देल, बुवा खोलाहरू र पूर्वमा अरुण तथा दक्षिणमा दुधकोशी नदी भएर वहने गर्दछन् (जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५) ।

#### ४.१.१ भोजपुरको इतिहास (History of Bhojpur)

भोजपुर जिल्लाको पुरानो नाम सिद्धपुर थियो । यस जिल्लाको प्रसिद्ध धार्मिक स्थल सिद्धकालीको नामबाट यसको नामाकरण हुनसक्दछ । पृथ्वीनारायाण शाहले नेपालको एकीकरण गर्ने क्रममा माझ किराँत विजय गर्दै आउँदा यस ठाउँलाई जितेपछि जितको खुशीयालीमा ठूलो भोज खाएको र बाँकी रहेको भोज यहि ठाउँमा पुरेर गएको हुनाले यस जिल्लाको नाम सिद्धपुरबाट भोजपुर रहन गएको भन्ने किम्वदन्ती छ। अर्को भनाई अनुसार पहिले यस जिल्लाको उच्च पहाडी क्षेत्रको जंगलमा भोजपत्रहरूको रुखहरु प्रशस्त पाइने हुनाले यसको नाम भोजपुर रहन गएको भन्ने लोकोक्ति रहेको पाइन्छ ।

पाल्पाका राजा मुकुन्द सेनले पूर्वी नेपालको सम्पुर्ण भू-भागलाई जिती आफ्नो राज्य बनाएका थिए । पछि सो राज्य टुक्रिएर मकवानपुर, विजयपुर र चौंदण्डीगढी गरी तीन राज्यमा विभाजन भयो । चौदण्डी राज्य माझ किराँत अर्थात दुधकोशीदेखी अरुणसम्म र तराईमा सप्तकोशी र कमला नदीबीचको भू-भाग थियो । यसको सदरमुकाम चौदण्डी गढी भए तापनि पहाडी क्षेत्रमा शासन चलाउँन सजिलोको लागि हतुवागढी (भोजपुर) मा अर्को शासन कायम गरिएको थियो । जुन हाल भोजपुर जिल्लाको हतुवा गाउँपालीकामा अवस्थित छ । नेपालको एकीकरण पछि पूर्वी गौँडा धनकुटाबाट यो क्षेत्र प्रशासित भए तापनि माझ किराँतको नामले प्रसिद्धी थियो । राणाकालीन समय पुर्व ४ नं. भोजपुर (माझ किराँत) एक प्रशासनिक एकाइ थियो । वि. स. २०१९ सालमा प्रशासनीक क्षेत्र विभाजन गरे पश्चात यो जिल्ला सगरमाथा र वि.स. २०३२ सालपछि कोशी अञ्चल अन्तर्गत र हाल प्रदेस नं. १ अन्तर्गत रहेको छ भने यसको सदरमुकाम भोजपुर बजार हो । यो बजार बसेको ठाउँ चारैतिरबाट देखिने खुल्ला डाँडामा रहेको प्राकृतिक, प्रशासनिक र सामाजिक दृष्टिकोणले गढी र अड्डा बन्न उपयुक्त भएको, प्रसिद्ध धार्मिक स्थल सिद्धकाली देवीको मन्दिर बजारमाथि रहेको साथै तलतिर सिकामाछा (हाल टक्सार बजार) पनि बसोबासको दृष्टिकोणले उपयुक्त देखिएकोले उक्त स्थानमा भोजपुरको सदरमुकामको रुपमा कायम भएको देखिन्छ (जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५) ।

### ४.१.२ भौगोलिक अवस्था (Geographical Situation)

भौगोलिक रुपमा पूर्वी मध्यपहाडी क्षेत्रमा अवस्थित भोजपुर जिल्लाको कुल क्षेत्रफल १,५२२ वर्ग कि. मि. अर्थात १,५०,७०० हेक्टर रहेको छ जुन नेपालको कुल क्षेत्रफलको १.०२ प्रतिशत, पूर्वाञ्चल विकास क्षेत्रको ५.३० प्रतिशत र कोशी अञ्चलको १५.५९ प्रतिशत हो । भोजपुर जिल्लाको औषत लम्बाई ९३ कि. मि र औषत चौडाई ३४ कि. मि रहेको छ । समग्र हरियो वनजङ्गल, डाँडाकाँडा, लेकवेशी, खोलानाला, झरना, भिर, सिमसार आदि मिलेर बनेको भोजपुर समुन्द्री सतहबाट १५३ मिटर देखि ४,१५३ मिटर मा रहेको यो जिल्ला २६°५३' उत्तर देखि २६°४६' उत्तरी अक्षांश र ८६°५३' पूर्वदेखि ८७°१७' पूर्वी देशान्तरको बीचमा अवस्थित छ (जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५) ।

### ४.१.३ जनसाङ्ख्यिकीय विवरण (Demographic Description)

वि. सं. २०६८ सालको जनगनणा अनुसार नेपालको कुल जनसंख्या २,६४,९४,५०४ जना रहेको छ। सोहि समयमा भोजपुर जिल्लाको कुल जनस्ंख्या १,८०,७३० रहेको थियो तर भोजपुर जिल्ला पार्शचित्र २०७५ अनुसार यस जिल्लाको कुल जनसंख्या २,०१,९५८ जना रहेको छ, जसमा पुरुषको संख्या १,०२,५५२ जना अर्थात कुल जनसंख्याको ५०.७८ प्रतिशत हो भने महिलाको संख्या ९९,४०६ जना अर्थात कुल जनसंख्याको ४९.२२ प्रतिशत हो। भोजपुर जिल्लाको जनघनत्व १३३ प्रति वर्ग कि. मि रहेको छ भने घरपरिवार संख्या ३६,९१२ रहेकोमा सरदर परिवारको आकार ५.४७ जना रहेको छ (जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५)।

### ४.१.४ प्रशासनिक विवरण (Administration Description)

भोजपुर जिल्लाको राजनैतिक तथा प्रशासनिक विभाजनलाई हेर्दा प्रतिनिधी सभाको निर्वाचन क्षेत्र : १, प्रदेश सभाको निर्वाचन क्षेत्र : २, नगरपालिका संख्या : २, गाउपालिका संख्या : ७ र कुल वडा संख्या ८१ वटा रहेका छन् (जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५)।

### ४.१.५ हावापानी (Climate)

भोजपुर जिल्लाको भौगोलिक विविधताले गर्दा यहाँको हावापानी पनि विविधता पाइन्छ। यहाँ हिमाली हावापानी देखि लिएर उष्ण मनसुनी हावापानी सम्म पाइन्छ तसर्थ यस जिल्लाको उत्तरी क्षेत्रमा हिँउदको समयमा हिँउ पर्ने र दक्षिण क्षेत्रमा वर्षा समयमा अत्याधिक गर्मि हुने गर्दछ। भोजपुरको माटोको बनावट रातो र फुस्रो भएकोले जमिन प्राय सुख्खा हुने गर्दछ। साधारणतया वर्षा ऋतुको श्रावण र भाद्र महिनामा अत्याधिक वर्षा हुने गर्दछ भने हिँउदमा समेत हिँमपात सहित वर्षा हुने गर्दछ। यस जिल्लाको अधिकतम तापक्रम ३२.२° से. र न्युनतम तापक्रम ०.१०° से. सम्म पुग्दछ भने सापेक्षिक आर्द्रता वर्षामा ९० प्रतिशत र हिँउदमा ५०-७० प्रतिशत सम्म रहने यस जिल्लामा वार्षिक १००५.९ मि. मि. देखि २१२३.१ मि. मि. वर्षा हुने गर्दछ (जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५)।

### ४.१.६ सामाजिक विवरण (Social Description)

भोजपुर जिल्लाको सामाजिक जनजीवन भित्र सरलता, सजगता र जनमुक्तता बढी पाइन्छ। तत्कालीन राणाकालमा सती प्रथाको पहिलो विरोधी तथा सामाजिक अभियान्ता योगमाया न्योपाने,

क्रान्तिकारी योद्धाहरू रामप्रसाद राई, नारदमुनि थुलुङ्ग र हाल नेपालको बहालवाला राष्ट्रपती विद्यादेवी भण्डारी त्यस्तै १ नं. प्रदेशका मुख्य मन्त्री शेरधन राईको जन्मभुमि यो राणाशासणबाट सवभन्दा पहिला मुक्त जिल्लाको रुपमा चिनिन्छ । यहाँको सम्पुर्ण वासिन्दाहरूमा पारस्परिक मेलमिलाप, सद्भाव, समाजदारी कायम रहेको छ । दुई हजार वर्ष पहिलाबाट नै यस ठाउँमा विभिन्न किराँत जातिको बसोबास हुँदै आएको अहिले पनि किराँत जातिकै (जम्मा जनसंख्याको ३८.४९ प्रतिशत) बाहुल्यता रहेको छ । किराँत जातिको सभ्यता र सँस्कृतिको उत्गमस्थल यहि माझ किराँत हो । किराँत जाति बाहेक क्षेत्री, तामाङ्ग, नेवार, ब्राम्हण, मगर, गुरुङ्ग, दमाई, कामी, सार्की आदिको  बसोबास रहँदै आएको छ । अधिकांश किराँत जातिको बसोबास रहे तापनि हिन्दु धर्मावलम्विको बाहुल्यता रहेको यस जिल्लामा किराँत धर्म मान्नेहरूको संख्या दोस्रो स्थानमा रहेको छ । त्यसैगरि बौद्ध, क्रिश्चियन, मुश्लिम र अन्य धर्मावलम्बीहरू समेत यस जिल्लामा बसोबास गर्दै आएको भए तापनि धार्मिक सहिष्णुता कायम नै रहेको छ । भोजपुर जिल्लाको मानव विकास सुचांकलाई तालिका ४.१ मा प्रस्तुत गरिएको छ :

**तालिका ४.१**

**भोजपुर जिल्लाको मानव विकास सुचांक २०७५**

| क्षेत्र | नेपाल | पूर्वाञ्चल | पूर्वी पहाड | भोजपुर |
|---|---|---|---|---|
| मानव विकास सुचांक | ०.४९ | ०.४९ | ०.५० | ०.४८ |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

तालिका ४.१ मा नेपाल, पूर्वाञ्चल, पूर्वी पहाड र भोजपुर जिल्लाको मानव विकास सुचांकलाई प्रस्तुत गरिएको छ । नेपालको मानव विकास सुचांक ०.४९ रहेको मा भोजपुर जिल्लाको ०.४८ रहेको छ । जुन समग्र नेपालको भन्दा ०.१ ले कम हो ।

### ४.१.७ आर्थिक अवस्था (Economic Status)

भोजपुर जिल्लाको आर्थिक अवस्थालाई अध्ययन गर्दा निम्न उप-शीर्षकमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

#### ४.१.७.१.व्यवसाय र पेशाको अवस्था (Business and Profession Status)

भोजपुर जिल्लाको प्रमुख पेशा कृषि हो । यस जिल्लाको कुल जनसङ्ख्या मध्ये ६०.४५ प्रतिशत मानिसहरू कृषि पेशामा संलग्न रहेका छन् भने ४९.५५ प्रतिशत गैरकृषिमा संलग्न रहेका छन् । भोजपुर जिल्लाको कुल ग्राहस्थ उत्पादनको ५९.७५ प्रतिशत योगदान कृषि क्षेत्रको रहेको छ । यस जिल्लाको पेशागत विवरणलाई तालिका ४.२ मा प्रस्तुत गरीएको छ :

**तालिका ४.२**

**भोजपुर जिल्लाको पेशा तथा व्यवसाय २०७५**

| क्र. सं. | पेशाको विवरण | महिलाको संख्या | पुरुषको संख्या | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कृषि, वन तथा माछा पालन सम्वन्धि श्रमिकहरू | ३१,८२८ | ४०,२८५ | ७२,११३ | ८३.३२ |
| २ | विशेषज्ञहरू | १,६४१ | ९२४ | २,५६५ | ३.०७ |
| ३ | प्राथमिक तहका पेशा | १,२३३ | १,१२० | २,३५३ | २.८२ |
| ४ | पसल र बजारमा विक्रि गर्ने कामदारहरू | १,३७९ | ८९६ | २,२७५ | २.७२ |
| ५ | शिल्प, कारिगरी र यस संग सम्वन्धित व्यवसायीक कामदारहरू | १,५१३ | ४४६ | १,९५९ | २.३४ |
| ६ | प्राविधिक तथा सहायक विज्ञहरू | ६२५ | १६२ | ७८७ | ०.९४ |
| ७ | उच्च पदाधिकारी तथा प्रवन्धकहरू | १८२ | २३० | ४१३ | ०.४९ |
| ८ | कार्यलय सहायकहरू | ३४४ | ६५ | ४०९ | ०.४९ |
| ९ | यन्त्र तथा उपकरण चालक | १९७ | ३२ | २२९ | ०.२७ |
| १० | अन्य | २५२ | १८६ | ४३८ | ०.५३ |
| | कूल | ३९,१९५ | ४४,३४७ | ८३,५४२ | १०० |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

तालिका ४.२ मा भोजपुर जिल्लाको व्यावसाय तथा पेशाको अवस्थालाई देखाइएको छ । यस जिल्लाको व्यावसाय तथा पेशामा संलग्न कामदार संख्यालाई हेर्दा सवभन्दा बढी कृषि क्षेत्रमा ८३.३२ प्रतिशत, विभिन्न क्षेत्रको विशेषज्ञहरू ३.०७ प्रतिशत, प्रथमिक तहको पेशामा संलग्न कामदारहरू २.८२ प्रतिशत, पसल तथा बजारमा सामान वेच्ने कामदारहरू २.७२ प्रतिशत र अन्य क्षेत्रमा ८.०७ प्रतिशत कामदारहरू संलग्न रहेका छन् । समग्रमा यस जिल्लामा गैरकृषि क्षेत्र भन्दा कृषि क्षेत्रमा सम्लग्न कामदारहरू १०.९ प्रतिशतले बढी रहेका छन् ।

### ४.१.७.२ गरिवी सुचांक (Poverty Index)

भोजपुर जिल्लाको गरिवीको सुचांकलाई तालिका ४.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.३**

**भोजपुर जिल्लाको गरिवी सुचांक २०७५**

| | | |
|---|---|---|
| १ | गरिवीको दर (प्रतिशतमा) | २४.४३ |
| २ | कुल गरिवी संख्या | ४४,२६८ |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

तालिका ४.३ मा भोजपुर जिल्लाको गरिवीको सुचांकलाई प्रस्तुत गरिएको छ । यस जिल्लामा कुल गरिवीको संख्या ४४,२६८ जना अर्थात कुल जनसंख्याको २४.४३ प्रतिशत गरीव मानिसहरू रहेका छन् । तालिका अनुसार भोजपुरमा अझ गरिवीको संख्या उच्च रहेको छ ।

### ४.१.७.३ भू-उपयोग (Land Holding)

भोजपुर जिल्लाको भूमि सवै ठाउँमा समान किसिमको छैन । यहाँको भू-भागलाई कृषि भूमि, वन क्षेत्र, चरण र झाडी क्षेत्र, नदी तथा खोला क्षेत्र आदिमा विभाजन गरिएको छ । भोजपुर जिल्लाको भू-उपयोगको अवस्थालाई तालिका ४.४ र चित्र ४.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४**


**भोजपुर जिल्लाको भू-उपयोग अवस्था २०७५**

| क्र. सं. | विवरण | क्षेत्रफल | |
|---|---|---|---|
| | | हेक्टरमा | प्रतिशत (%) |
| १ | कुल क्षेत्रफल | १,५१,०१९ | १०० |
| २ | वन क्षेत्र | ७७,३२३ | ५१.२० |
| ३ | कृषि योग्य भूमि | ६२,२९९ | ४१.२५ |
| ४ | चरण र झाडी क्षेत्र | ५,५३२ | ३.६६ |
| ५ | नदी, खोला | ३,४६२ | २.२९ |
| ६ | अन्य | २,४०३ | १.५९ |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

**चित्र ४.१**

**भोजपुर जिल्लाको भू-उपयोगको अवस्था २०७५**




स्रोत : तालिका नं. ४.४

माथिको तालिका ४.४ र चित्र ४.१ मा भोजपर जिल्लाको भू-उपयोग अवस्थालाई देखाइएको छ। यस जिल्लाको कुल क्षेत्रफल १,५१,०१९ हेक्टर रहेको छ। जसमध्ये वन क्षेत्र कुल क्षेत्रफलको

५१.२०%, कृषि योग्य भूमि ४१.२५%, चरण र झाडी क्षेत्र ३.६६%, नदी तथा खोला २.२९% र अन्य १.५९% रहेको छ। भोजपर जिल्लामा वन क्षेत्र बढी रहेको छ।

### ४.१.७.४ पर्यटकीय क्षेत्र (Tourism Area)

भोजपुर जिल्ला प्राकृतिक, सामाजिक, सास्कृतिक सौन्दर्यताले भरिपूर्ण रहेको छ। यस जिल्लाको मुख्य पर्यटकीय क्षेत्रहरू यूँ-थाम डाडा, नाग छाँग, मैयुँ डाडा, दिङ्गला बजार, साल्पा पोखरी, सिद्धकाली मन्दिर, सिद्धकाली गुफा, ट्याम्के डाडा, गोलमा राजा गोलमा रानी चट्टान क्षेत्र, नेपालको पहिलो बौद्ध विहार, हतुवा गढी, पाँचधारे पर्यटन क्षेत्र, गोगने सिद्धेश्वर शिवालय पर्यटन क्षेत्र, टक्सार बजार, राम जानकी मन्दिर आदि हुन् (जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५)।

### ४.१.७.५ वित्तीय संघसंस्था (Financial Organization)

भोजपुर जिल्लामा नेपालमा रहेका प्रमुख वित्तीय संघसंस्थाहरूको शाखा र विभिन्न नीजि बैंक तथा सहकारी संस्थाहरू रहेका छन्। भोजपुर जिल्लामा रहेका वित्तीय संघसंस्थाको विवरणलाई तालिका ४.५ मा प्रस्तुत गरिएको छ :

**तालिका ४.५**

**भोजपुर जिल्लाको बैंक तथा वित्तीय संघसंस्थाहरू २०७५**

| क्र. सं. | बैंक तथा वित्तीय संघसंस्थाहरू | संख्या |
|---|---|---|
| १ | राष्ट्रिय वाणिज्य बैंक | २ |
| २ | नेपाल बैंक लिमिटेड | १ |
| ३ | कृषि विकास बैंक | १ |
| ४ | सेन्चुरी बैंक | १ |
| ५ | टुरिजम बैंक | १ |
| ६ | नेपाल बङ्गलादेश विकास बैंक | १ |
| ७ | एभेरेष्ट बैंक लिमिटेड | १ |
| ८ | सिटिजन बैंक, भोजपुर | १ |
| ९ | लक्ष्मि बैंक, भोजपुर | १ |
| १० | प्रभु बैंक, भोजपुर | १ |
| ११ | सहकारी संस्था | १५६ |
| १२ | बचत तथा ऋण सहकारी संस्था | ९० |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

तालिका ४.५ मा नेपालको बैंक तथा वित्तीय संघसंस्थाहरूमध्ये भोजपुर जिल्लामा वाणिज्य बैंक २ वटा, सहकारी संस्था १५६, बचत तथा ऋण सहकारी संस्था ९० र अन्य बैंकहरु १/१ वटा रहेका छन् ।

### ४.१.७.६ वैदेशिक रोजगारको अवस्था (Situation of Foreign Employment)

भोजपुर जिल्लाको वैदेशिक रोजगारको वर्तमान अवस्थालाई तालिका ४.६ मा उल्लेख गरिएको छ ।

**तालिका ४.६**

**भोजपुर जिल्लाको वैदेशिक रोजगारको वर्तमान अवस्था २०७५**

| क्र. सं. | विवरण | जम्मा |
|---|---|---|
| १ | महिलाको संख्या | ४४८ |
| २ | पुरुषको संख्या | १०,६२७ |
| ३ | जम्मा संख्या | ११,०७५ |
| ४ | आ. व. २०७३/७४ कमाएको रकम (रु. मा) | १,६४,१३,७५,७६२ |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

प्रस्तुत तालिकामा भोजपुर जिल्लाको वैदेशिक रोजगारको वर्तमान अवस्थालाई देखाइएको छ । यस जिल्लामा वैदेशिक रोजगारमा कुल ११,०७५ जना रहेका रहेका छन् । जसमध्ये महिला ४४८ र पुरुष १०,६२७ जना रहेका छन् । यस जिल्लामा वैदेशिक रोजगारमा महिलाहरूको सक्रियता पुरुषको तुलनामा न्यून रहेको छ भने भोजपुरमा आर्थिक वर्ष २०७३/७४ वैदेशिक रोजगारबाट कुल रु. १,६४,१३,७५,७६२ प्राप्त भएको थियो ।

### ४.१.७.७ उद्योगको अवस्था (Situation of Industry)

भोजपुर जिल्लाको उद्योगहरुको वर्तमान अवस्थालाई तालिका ४.७ मा उल्लेख गरिएको छ ।

**तालिका ४.७**

**भोजपुर जिल्लाको उद्योगिक अवस्था २०७५**

| क्र. सं. | उद्योगको वर्गीकरण | संख्या | संञ्चालन सदस्य संख्या | पूँजी | रोजगारी |
|---|---|---|---|---|---|
| १ | उत्पादन मुलम | ४२ | ४९ | ६७,६५,०२५ | १८९ |
| २ | उर्जा मुलम | ० | ० | ० | ० |
| ३ | कृषि तथा वन जन्य | ५६ | ६३ | ४,०२,७७,६०० | ३२७ |
| ४ | खनिज जन्य | ० | ० | ० | ० |
| ५ | सेवा जन्य | १४८ | १५४ | ५,३१,८९,५६० | ३७२ |
| ६ | निर्माण | ३१ | ३२ | ९७,००,००० | २८९ |
| ७ | पर्यटन | ० | ० | ० | ० |
| जम्मा | | २७७ | २९८ | १०,९९,३२,१८५ | १,१७७ |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

प्रस्तुत तालिका ४.७ मा भोजपुर जिल्लाको उद्योगको वर्तमान अवस्थालाई प्रस्तुत गरिएको छ । यस जिल्लामा सबभन्दा बढी सेवा जन्य उद्योग १४८, क्रमशः कृषि तथा वन जन्य उद्योग ५६, उत्पादन मुलक ४२ र निर्माण उद्योग ३१ वटा रहेका छन् । यी उद्योगहरूबाट कुल रोजगार १,१७७ जना साथै कुल पूँजी रु. १०,९९,३२,१८५ रहेको छ । यस जिल्लामा पर्यटन तथा खनिज जन्य उद्योगहरू सञ्चालनमा रहेका छैनन् ।

### ४.१.८ आम्चोक गाउँपालिकाको परिचय (Introduction of Aamchok Local Municipality)

नेपालको ७७ वटा जिल्लाहरूमध्ये भोजपुर एक हो र यहि भोजपुर जिल्ला भित्र रहेका गाउँपालिकाहरूमध्ये आम्चोक गाउँपालिका पनि एक हो । आम्चोक गाउँपालिका ऐतिहासिक, साँस्कृतिक, भौगोलिक, जनसाङ्ख्यिक, आर्थिक, व्यवसायिक, शैक्षिक तथा राजनैतिक महत्वले भरिपुर्ण छ । आम्चोक गाउँपालिकाको परिचय विभिन्न उप-शीर्षकहरुमा निम्नअनुसार प्रस्तुत गरिएको छ :

### ४.१.८.१ भौगोलिक विवरण (Geographical Location)

आम्चोक गाउँपालिका भोजपुर जिल्लाको दक्षिण-पश्चिम क्षेत्रमा अवस्थित छ। नेपालको संविधान २०७२ को भाग ५ को धरा ५६ अनुसार नेपालको संरचना संघ, प्रदेश र स्थानीय तह अनुसार आम्चोक गा.पा. को स्थापना भएको हो । यस गाउँपालिकामा तत्कालीन गा.वि.स. वाशिगंथर्पु, यूँ, थिदिन्खा, वालंखा,  पावला, देवानटार, दुम्माना र पाङचालाई समायोजन गरी निर्माण गरिएको हो । हाल यस गा.पा. जम्मा १० वटा वडाहरूमा विभाजन गरिएको छ । सामुन्द्रिक सतहबाट करिब ६०० मि.(पाकुवा) देखि २४०० मि. (यू थामडाँडा) मा अवस्थित रहेको यस गा.पा १८,४८९ वर्ग कि.मि. क्षेत्रफल रहेको छ। यस गा.पा.को पूर्वी सीमाना हतुवागडी गा.पा. छ भने पश्चिममा जन्तेढुङगा गा.पा. खोटाङ, उत्तरमा रामप्रसाद राई गा.पा.र दक्षिणमा चौदण्डीगडी नगरपलिका उदयपुर जिल्लासँग दुधकोशी नदीले छुट्याएको छ (जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५) ।

### ४.१.८.२ जनसाङ्ख्यिकी अवस्था (Demographic Situation)

आम्चोक गाउँपालिकाको जनसङ्ख्याको अवस्थालाई  तालिका ४.८ मा देखाइएको छ ।

**तालिका ४.८**

**आम्चोक गाउँपालिकाको जनसङ्ख्याको विवरण २०७५**

| क्र. सं. | विवरण | कुल संख्या |
|---|---|---|
| १ | वस्ति | १७८ |
| २ | परिवार | ३,५२५ |
| ३ | जनसङ्ख्या | २०,४२९ |
| ४ | पुरुष | १०,४७४ |
| ५ | महिला | ९,९५५ |
| ६ | औषत परिवार | ५.८० |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

तालिका ४.८ मा भोजपुर जिल्ला पार्शचित्र २०७५ अनुसार आम्चोक गाउँपालिकाको जनसङ्ख्याको विवरणलाई प्रस्तुत गरिएको छ। यस गा. पा. को कूल जनसङ्ख्या २०,४२९ रहेको छ। जसमध्ये पुरुषको सङ्ख्या १०,४७४ अर्थात ५१.२७ प्रतिशत र महिलाको सङ्ख्या ९,९५५ अर्थात ४८.७३

प्रतिशत रहेको छ । समग्र नेपालको जनसङ्ख्यालाई हेर्दा पुरुषको भन्दा बढी महिलाको सङ्ख्या बढि भए तापनि आम्चोक गा. पा. मा महिला भन्दा ५१९ जना ले पुरुषको सङ्ख्या बढी रहेको छ । यस गा. पा. मा जम्मा बस्ति सङ्ख्या १८७ र घरपरिवार सङ्ख्या ३,५२५ रहेको छ भने औषत घरपरिवार सङ्ख्या ५.८० जना प्रति परिवार रहेको छ। आम्चोक गाउँपालिकाको जातिगत जनसंख्याको अवस्थालाई तालिका ४.९ मा प्रस्तुत गरिएको छ :

**तालिका ४.९**


**आम्चोक गा. पा. को जातिगत जनसंख्याको अवस्था २०७५**

| क्र.सं. | जातजाति | जनसंख्या | प्रतिशत मा |
|---|---|---|---|
| १ | राई | ९५८ | ४६.०३ |
| २ | क्षेत्री | ८५६ | ४१.१३ |
| ३ | शेर्पा | १९६ | ९.४२ |
| ४ | दमाई | ५३ | २.५५ |
| ५ | घर्ती, भुजेल | १८ | ०.८७ |
| जम्मा | | २,०८१ | १०० |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

**चित्र ४.२**

**आम्चोक गा. पा. को जातिगत जनसंख्याको अवस्था २०७५**




स्रोत : तालिका ४.९

प्रस्तुत तालिका ४.९ र चित्र ४.२ मा आम्चोक गाउँपालिकाको जातिगत जनसंख्याको विवरणलाई प्रस्तुत गरिएको छ । आम्चोक गा.पा. मा सवभन्दा बढी राई ४६.०३ प्रतिशत, त्यस पश्चात क्रमसः क्षेत्री ४१.१३ प्रतिशत, शेर्पा ९.४२ प्रतिशत, दमाई २.५५ प्रतिशत र घर्ती भुजेल ०.८७ प्रतिशत जनसंख्या बसोबास गरेको पाइयो । त्यसैगरी, आम्चोक गाउँपालिकामा परापूर्वकालदेखि बसोबास गर्दै आएका आदिवासि जनजाति राईहरूको वाहुल्यता रहेको छ भने अन्य बसोबस गर्ने जातजातिहरूमा क्षेत्री, ब्राह्मण, शेर्पा, तामाङ्ग, नेवार, मगर, कामि, दमाई आदि रहेका छन् । आम्चोक गाउँपालिकामा बसोबास गर्ने जातजातिहरूको स्वरुपलाई तालिका ४.१० मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१०**

**आम्चोक गा. पा. मा बसोबास गर्ने जातजातिहरू २०७५**

| क. स. | जातजाति | जनसङ्ख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | राई | ८,८२५ | ४३.१९ |
| २ | क्षेत्री | ४,३४४ | २१.२७ |
| ३ | नेवार | २,१०४ | १०.२९ |
| ४ | मगर | २,०१३ | ९.८६ |
| ५ | कामी | १,१०५ | ५.४० |
| ६ | शेर्पा | ६३१ | ३.०८ |
| ७ | दमाइ | ४९८ | २.४४ |
| ८ | तामाङ्ग | ४१० | २.०० |
| ९ | सार्की | २११ | १.०३ |
| १० | घर्ती, भुजेल | १७० | ०.८४ |
| ११ | ब्राह्मण | ८३ | ०.४० |
| १२ | सन्यासी | १२ | ०.०५ |
| १३ | अन्य | २३ | ०.१५ |
| जम्मा | | २०,४२९ | १००.०० |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय, भोजपुर २०७५

तालिका ४.१० मा आम्चोक गा. पा. मा बसोबास गर्ने जातजातिहरूको विवरणलाई प्रस्तुत गरिएको छ । तालिका अनुसार आम्चोक गा. पा. सवभन्दा बढी राई जातिको बसोबास रहेको देखिन्छ जुन कूल जनसंख्याको ४३.१९% हो । त्यस पश्चात क्रमसः क्षेत्री २१.२७%, नेवार १०.२९%, मगर ९.८६%, कामी ५.४०%, शेर्पा ३.०८, दमाई २.४४%, तामाङ्ग २.००%, सार्की १.०३%, घर्ती, ब्राह्मण, सन्यासी तथा अन्य १.४४% रहको पाइयो । आम्चोक गा. पा. मा जनजातिको बाहुल्यता रहेको छ ।

### ४.१.८.३ आम्चोक गाउँपालिकाको संरचना (Structure of Aamchok Local Municipality)

आम्चोक गाउंपालिकामा साविक ८ वटा गाविसहरूलाई समायोजन गरीएको छ । आम्चोक गाउँपालिकाको वर्तमान संरचनालाई तालिका ४.११ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.११**

**आम्चोक गाउँपालिकाको वर्तमान संरचाना २०७५**

| गा. पा. को नाम | वडा नं. | साविक गाविस/न. पा. | साविक वडा |
|---|---|---|---|
| आम्चोक गाउँपालिका | १ | वाशिंगथर्पु | १ देखी ९ |
| | २ | यूँ | १ देखी ९ |
| | ३ | थिदिंखा | १ देखी ९ |
| | ४ | वालंखा | १ देखी ९ |
| | ५ | पावला | १ देखी ९ |
| | ६ | देवानटार | १, ६, ७, ८ र ९ |
| | ७ | देवानटार | २, ३, ४ र ५ |
| | ८ | दुम्माना | ७, ८ र ९ |
| | ९ | दुम्माना | १, २, ३, ४, ५ र ६ |
| | १० | पाङ्चा | १ देखी ९ |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

तालिका ४.११ मा आम्चोक गाउँपालिकाको वर्तमान संरचनालाई प्रस्तुत गरिएको छ । आम्चोक गाउँपालिकामा साविक ८ वटा गाविसहरूलाई जम्मा १० वडामा विभाजन गरिएको छ । जसमा देवानटार र दुम्माना गाविस २-२ वडामा विभाजन गरिएको छ ।

### ४.१.८.४ धार्मिक तथा सास्कृतिक अवस्था (Situation of Religious and Culture)

आम्चोक गाउँपालिकामा किँरात समुदायको मानिसहरू बढी बसोबास गर्दछन् । यहाँका प्रमुख जातजीतहरूमा राई, क्षेत्री, ब्राह्मण, शेर्पा, तामाङ्ग, मगर, कामी, दमाई, नेवार आदि रहेका छन् । यी विभिन्न जातजातीहरूको आ-आफ्नै किसिमका धार्मिक तथा आध्यात्मिक विश्वास, चालचलन र रीतिरिवाजहरू रहेका छन् । सास्कृतिक रुपमा पनि यी विभिन्न जातजातीहरूको आ-आफ्नै जातिय तथा धार्मिक संस्कासर अनुरुपको भेसभुषा, खानपान, भाषा, चालचलन, चाडपर्वहरू रहेको छ। आम्चोक गा. पा. को धार्मिक स्वरुपलाई तालिका ४.१२ र चित्र ४.३ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.१२**


**आम्चोक गाउँपालिकाको धार्मिक स्वरुप २०७५**

| क. सं. | धर्म | जनसङ्ख्या | प्रतिशतमा |
|---|---|---|---|
| १ | हिन्दु | १२,२१६ | ५९.७९ |
| २ | किँरात | ७,०९९ | ३४.७३ |
| ३ | बौद्ध | ९८५ | ४.८२ |
| ४ | क्रिश्चियन | १८४ | ०.९ |
| ५ | अन्य | १३ | ०.०६ |
| जम्मा | | २०४२९ | १०० |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

**चित्र नं. ४.३**

**आम्चोक गाउँपालिकाको धर्मको आधारमा जनसंख्या २०७५**




स्रोत : तलिका ४.१२

प्रस्तुत तालिका तथा वृत्तचित्रका आधारमा आम्चोक गाउँपालिकामा हिन्दु धर्म मान्ने मानिसहरूको बाहुल्यता रहेको देखिन्छ । जसअनुसार हिन्दु धर्म ५९.७९ प्रतिशत, किँरात धर्म ३४.७३ प्रतिशत, बौद्ध धर्म ४.८२ प्रतिशत, क्रिश्चियन धर्म ०.९ प्रतिशत र अन्य धर्म मान्ने ०.०६ प्रतिशत जनसंख्या रहेको पाइयो ।

### ४.१.८.५ पूर्वाधारको अवस्था (Infrastructure Situation)

राज्यको संरचना अनुसार स्थानीय सरकार वा गाउँपालिका सञ्चालनको लागि आवश्यक पर्ने सम्पूर्ण पूर्वाधारहरूको निर्माण तथा विकास आम्चोक गाउँपालिकामा भईरहेको छ । आम्चोक गाउँपालिकाको पूर्वाधारको अवस्थालाई निम्न उपशीर्षकहरूमा प्रस्तुत गरिएको छ :

### ४.१.८.५.१. शिक्षा (Education)

शैक्षिक अवस्थालाई हेर्दा आम्चोक गाउँपालिकाको ६ वर्षभन्दा माथिको जनसंख्या १८,३८६ जनामध्ये १४,२३० अर्थात ७७.३९ प्रतिशत साक्षर रहेका छन् भने ४,१५६ अर्थात् २२.६ प्रतिशत जनसंख्या निरक्षर रहेका छन् ।

### ४.१.८.५.२. स्वास्थ्य (Health)

आम्चोक गाउँपालिकामा अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्रहरु स्थापना भएका छैनन् । यस गाउँपालिकामा जम्मा ७ वटा स्वास्थ्य चौकीहरू रहेका छन् । आम्चोकमा बसोबास गर्ने व्यक्तिहरूले स्वास्थ्य उपचारको लागि सबभन्दा पहिला सेवा प्राप्त गर्न जाने स्थानलाई तालिका ४.१३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१३**

**उपचारको लागि सबभन्दा पहिला सेवा प्राप्त गर्न जाने स्थान**

| क्र. सं. | सेवा | पहिला सेवा प्राप्त गर्न जाने स्थानको घर संख्या |
|---|---|---|
| १ | लामा, धामी, झाक्री | २,०६१ |
| २ | स्वास्थ्य चौकी | १,४४९ |
| ३ | अस्पताल | ८ |
| ४ | अन्य | ७ |
| जम्मा | | ३,५२५ |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

तालिका ४.१३ मा आम्चोक गाउँपालिकामा बसोबास गर्ने घररिवारहरू विरामी पर्दा उपचारको लागि सर्वप्रथम सेवा प्राप्त गर्न जाने स्थानलाई प्रस्तुत गरिएको छ। तालिका अनुसार आम्चोक गा. पा. का परिवारहरू विरामीको उपचारको लागि पहिला २,०६१ घर धामी, लामा, झाक्री, १,४४९ घर स्वास्थ्य चौकी, ८ घर अस्पताल र ७ घर अन्य ठाउँ जाने गरेको देखिन्छ। समग्रमा यस गाउँपालिकाका नागरिकहरू स्वास्थ्य उपचारको लागी पहिला अस्पताल जाने संख्या अत्यान्त न्यून रहेको छ।

### ४.१.८.५.३. पिउने पानी (Drinking Water)

आम्चोक गाउँपालिकामा पानीको मुहानहरू प्रर्याप्त रहेको छ। आम्चोक गाउँपालिकाको पिउने पानीको विवरणलाई तालिका ४.१४ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.१४**

**आम्चोक गा. पा. को पिउने पानीको अवस्था २०७५**

| क. सं. | स्रोत | संख्या |
|---|---|---|
| १ | पाइपको धाराको पानी प्रयोग गर्ने | ४,९९५ |
| २ | मूलको धारा | ८१६ |
| ३ | इनार, कुवा, जरुवाको पानी प्रयोग गर्ने | ४४७ |
| ४ | ट्यूबवेलको पानी प्रयोग गर्ने | ८ |
| ५ | नदी, कुलो, नहर, पोखरीको पानी प्रयोग गर्ने | ६ |
| ६ | अन्य | १ |
| जम्मा | | ६,२७३ |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

तालिका ४.१४ मा आम्चोक गाउँपालिकाको पिउने पानीको स्रोतको स्थितिलाई प्रस्तुत गरिएको छ। यस गाउँपालिकामा सबभन्दा बढी पाइपको धाराको पानी प्रयोग गर्ने ४,९९५ रहेको छ। त्यस पश्चात क्रमशः मुलको धारा ८१६, इनार, कुवा, जरुवाको पानी प्रयोग गर्ने ४४७, ट्यूबवेलको पानी प्रयोग गर्ने ८, नदी, कुलो, नहर, पोखरीको पानी प्रयोग गर्ने ६ र अन्य स्रोतको प्रयोग १ गरी जम्मा ६,२७३ रहेको छ।

#### ४.१.८.५.४ सरसफाई (Sanitation)

आम्चोक गाउँपालिकाको जनघनत्व न्यून र अधिकांस भू-भाग वनजंगल भएको कारण यहाँको वातावरण सफा रहेको छ । यस गाउँपालिका वि. सं. २०७३/२/१३ गते खुल्ला दिसामुक्त क्षेत्र घोषणा भइसकेको छ (जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५) ।

#### ४.१.८.५.५ विद्युत (Electricity)

आम्चोक गाउँपालिकामा केन्द्रीय प्रसारणबाट विद्युत तथा उर्जा सेवा उपलब्ध हुनसकेको छैन । यस गाउँपालिकाको मुख्य विद्युत वा उर्जाको स्रोतलाई तालिका ४.१५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१५**

**आम्चोक गा. पा. को विद्युत तथा उर्जाको अवस्था २०७५**

| क्र. सं. | स्रोत | घर संख्या |
|---|---|---|
| १ | लघु जलविद्युत | २९८ |
| २ | सौर्य उर्जा | १,१७३ |
| ३ | विद्युत तथा उर्जा सेवाविहीन परिवार | २,०५४ |
| जम्मा | | ३,५२५ |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

तालिका ४.१५ मा आम्चोक गाउँपालिकाको विद्युत तथा उर्जाको विवरणलाई प्रस्तुत गरिएको छ । आम्चोकमा विद्युत तथा उर्जाको स्रोतको रुपमा लघु जलवद्युत २९८, सौर्य उर्जा १,१७३ घरपरिवारले प्रयोग गर्दछन् भने विद्युत तथा उर्जा सेवाविहीन परिवार २,०५४ रहेका छन् । यस गा. पा. को घरपरिवारहरूले प्रयोग गरिरहेका बत्तीको मुख्य स्रोतहरूलाई तालिका ४.१६ मा उल्लेख गरिएको छ ।

**तालिका ४.१६**

**आम्चोक गा. पा. को बत्तीको मुख्य स्रोत २०७५**

| क्र. सं. | स्रोत | घर संख्या |
|---|---|---|
| १ | सोलार | २,१९५ |
| २ | मट्टितेल | ४९८ |
| ३ | लघु जलविद्युत | २९८ |
| ४ | अन्य | ५३४ |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

तालिका ४.१६ मा आम्चोक गाउँपालिकामा उज्यालोको लागि प्रयोग गरिने बत्तीको विवरणलाई प्रस्तुत गरिएको छ । यस गाउँपालिकामा बत्तीको प्रयोग सबभन्दा बढी सोलार २,१९५ घर ले गर्दछन् त्यसैगरी मट्टितेल ४९८, लघुजल विद्युत २९८ र अन्य स्रोतको प्रयोग ५३४ घरले गर्दछन् । यस तथ्यको आधारमा आम्चोक गा. पा. मा बसोवार गर्ने घरपरिवारहरूले बत्तीकोलागी मट्टितेलको विकल्पीय स्रोत प्रयोगमा जोड दिइरहेका छन् ।

### ४.१.८.५.६ सञ्चार (Communication)

आम्चोक गाउँपालिकामा रहेका सञ्चारको साधनहरुको अवस्थालाई तालिका ४.१७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१७**

**आम्चोक गा. पा. को सञ्चारको साधनहरू**

| क्र. सं. | सञ्चारको साधनहरू | संख्या |
|---|---|---|
| १ | टेलिफोन/मोबाईल | ४,९६८ |
| २ | रेडियो | १,३३० |
| ३ | टि. भि | ६२ |
| ४ | कम्प्यूटर | ३ |
| ५ | अन्य | १५ |
| जम्मा | | ६,३८८ |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

तालिका ४.१७ मा आम्चोक गाउँपालिकाको सञ्चारको साधनहरूको अवस्थालाई प्रस्तुत गरिएको छ । यस गाउँपालिकामा सबभन्दा बढी सञ्चारको साधन टेलिफोन/मोबाईल ४,९६८ को प्रयोग भइरहेको छ त्यसैगरी क्रमशः रेडियो १,३३०, टि. भि ६२, कम्प्यूटर ३ र अन्य साधन १५ गरी जम्मा ६,३८८ वटा रहेका छन् ।

### ४.१.८.५.७ मनोरञ्जन तथा खेलकुद (Entertainment and Athletic)

आम्चोक गाउँपालिकामा खेल्ने खेलहरू भलिबल, फुटबल, क्रिकेट, कराते आदि हुन् । यस गाउँपालिकाको मुख्य खेलमैदान तथा मनोरञ्जनका ठाउँहरुमा बतासे, थामडाँडा आम्चोक २, ढलेडाँडा आम्चोक २, ढाडेचौर आम्चोक ८, पाङ्चा खेलमैदान आम्चोक १० आदि हुन् (जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५) ।

### ४.१.८.५.८ सुरक्षा (Security)

आम्चोक गाउँपालिकामा शान्ति तथा सुरक्षाको लागि आम्चोक ३ थिदिंखा, आम्चोक १० र आम्चोक ४ वालंखामा बाढीपहिरो रोकथाम र आम्चोक ८ र ९ मा आगलागी रोकथाम कार्यक्रम सञ्चालनमा रहेका छन् । यस गाउँपालिकामा वयाङ्ग इलाका प्रहरी कार्यलय, वालंखा प्रहरी कार्यलय र यूँ सशस्त्र गण गरी जम्मा ३ वटा सुरक्षा सेवा केन्द्र रहेका छन् (जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५) ।

### ४.१.८.६ आर्थिक अवस्था (Economic Status)

आम्चोक गाउँपालिकाको आर्थिक अवस्थालाई निम्न उप-शीर्षकहरूमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ :

### ४.१.८.६.१ पेशा र व्यवसाय (Profession and Business)

आम्चोक गाउँपालिकाको मुख्य पेशा कृषि हो । त्यसैगरी कृषिको अलावा ज्याला मजदुरी, जागिर, व्यापार व्यवसायिक रुपमा घरेलु तथा साना उद्योगहरू पनि सञ्चालित छन् । आम्चोक गाउँपालिकाका पेशा तथा व्यवसायिक विवरणलाई तालिका ४.१८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१८**

**आम्चोक गा. पा. को पेशा तथा व्यवसायिक विवरण**

| गा. पा. | क्षेत्र | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| आम्चोक गाउँपालिका | कृषि (खेती तथा पशुपालन) | ४,८३६ | ४,६५२ | ९,४८८ |
| | ज्याला मजदुरी | ११० | ४४६ | ५५६ |
| | जागिर | ६९ | २५२ | ३२१ |
| | व्यापार | ९९ | ९८ | १९७ |
| | उद्योग | ६ | ६ | १२ |
| सबैको जम्मा | | ५,१२० | ५,४५४ | १०,५७४ |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

प्रस्तुत तालिका ४.१८ मा आम्चोक गाउँपालिकाको पेशा तथा व्यवसायिक विवरणलाई प्रस्तुत गरिएको छ । यस गाउँपालिकामा सबैभन्दा बढी ९,४८८ जना मानिसहरू कृषि पेशामा संलग्न रहेका छन् । त्यसैगरी क्रमशः ज्याला मजदुरी मा ५५६, जागिर मा ३२१, व्यापारमा १९७ उद्योगमा १२ जना मानिसहरू संलग्न रहेका छन् । समग्रमा यस गा. पा. मा कषि क्षेत्रभन्दा गैरकृषि क्षेत्रका व्ययसायहरू कम रहेको छ ।

### ४.१.८.६.२ उद्योग (Industries)

आम्चोक गाउँपालिकामा औद्योगिक साधन स्रोतहरूको प्रचुरताको कारण उद्योगको विकासको सम्भावना प्रर्याप्त रहेको छ । आम्चोकमा उखु पेल्ने, तोरी पेल्ने, मकै पिस्ने, नेपाली कागज बनाउने, सिस्नु तथा रेसमको धागो बनाउने, बाँस तथा काठको सामाग्री निर्माण गर्ने, धातुका थालभाडा तथा हातहतियार बनाउने, सिलाई-बुनाई जस्ता घरेलु उद्योगहरु सञ्चालनमा रहेका छन् र साना उद्योगमा हिमचुली बिस्कुट उद्योग सञ्चालनमा रहेको छ भने मझौला तथा ठुला उद्योगहरू यस गाउँपालिकामा खुलेका छैनन् (जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५) ।

### ४.१.८.६.३ मानव संशाधन (Human Resources)

आम्चोक गाउँपालिकामा साधारण शिक्षा, प्राविधिक शिक्षा तथा तालिमद्वारा उत्पादित विभिन्न तहका मानव संशाधनहरूलाई निम्न तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१९**

**प्राविधिक शिक्षा तथा तालिमद्वारा विभिन्न तहका मानव संशाधन (जेटि. ए., विद्युत, कम्प्यूटर, मेकानिक्स, सिलाइबुनाई आदि) २०७५**

| गा. पा. | तह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| आम्चोक गा. पा. | १ महिनाभन्दा कम समय तालिम प्राप्त वा प्राथमिक तहको प्राविधिक | ६ | १७ | २३ |
| | १-६ महिना अवधिसम्म तालिम प्राप्त वा पहिलो तहको प्राविधिक | २२ | ३९ | ६१ |
| | ६-१२ महिना अवधिसम्मको तालिम प्राप्त वा दोस्रो तहको प्राविधिक | ४ | ५ | ९ |
| | १२ महिनाभन्दा बढी तालिम प्राप्त वा तेस्रो तह वा सो भन्दा माथिको प्राविधिक | १ | ५ | ६ |
| | सबैको जम्मा | ३३ | ६६ | ९९ |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

तालिका ४.१९ मा आम्चोक गाउँपालिकाको प्राविधिक तर्फका विभिन्न तहका मानव संशाधनलाई देखाइएको छ । यस गा. पा. मा प्राथमिक तहको मानव संशाधन जम्मा २३ जना, पहिलो तहको मानव संशाधन जम्मा ६१ जना, दोस्रो तहको मानव संशाधन जम्मा ९ जना, तेस्रो तहको मानव संशाधन जम्मा ६ गरि कुल १९८ जना रहेका छन् । यस गाउँपालिकामा प्राविधिक जनशक्ति न्यून रहेको छ ।

**तालिका ४.२०**

**स्वास्थ्य, संस्थागत नेतृत्व, खानेपानी, सरसफाई आदि क्षेत्रका विभिन्न तहका मानव संशाधन**

| गा. पा. | तह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| आम्चोक गा. पा. | ३ दिन सम्मको तालिम प्राप्त संख्या | १६१ | ९० | २५१ |
| | ३-७ दिन सम्मको तालिम प्राप्त संख्या | १११ | ६४ | १७५ |
| | १-४ हप्ता सम्मको तालिम प्राप्त संख्या | १२ | ८ | २० |
| | ४ हप्ताभन्दा बढी तालिम प्राप्त संख्या | ५ | २ | ७ |
| | सबैको जम्मा | | | ४५३ |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

तालिका ४.२० मा आम्चोक गाउँपालिकाको स्वास्थ्य, संस्थागत नेतृत्व, खानेपानी, सरसफाई आदि क्षेत्रका विभिन्न तहका मानव संशाधनलाई देखाइएको छ। यस गा. पा. मा ३ दिन सम्मको तालिम प्राप्त मानव संशाधन जम्मा २५१ जना, ३-७ दिनसम्मको तालिम प्राप्त मानव संशाधन जम्मा १७५ जना, १-४ हप्ता सम्मको तालिम प्राप्त मानव संशाधन जम्मा २० जना र ४ हप्ताभन्दा बढी तालिम प्राप्त मानव संशाधन जम्मा ७ जना गरी जम्मा ४५३ जना रहेका छन्।

**तालिका ४.२१**

**साधारण शिक्षाद्वारा विभिन्न तहका मानव संशाधनहरू २०७५**

| गा. पा. | तह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| आम्चोक गाउँपालिका | मध्यम तह (एस्. एल्. सी, + २) | ६६१ | १,०५१ | १,७१२ |
| | उच्च तह (स्नातक) | ४६ | ८७ | १३३ |
| | अति उच्च तह (स्नातकोत्तर वा सो भन्दा बढी) | ११ | २२ | ३३ |
| जम्मा | | | | १,८७८ |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

तालिका ४.२१ मा आम्चोक गाउँपालिकाको साधारण शिक्षा क्षेत्रका विभिन्न तहका मानव संशाधनलाई देखाइएको छ। यस गा. पा. मा मध्यम तह (एस्. एल्. सी, + २) का मानव संशाधन जम्मा १,७१२ जना, उच्च तह (स्नातक) का मानव संशाधन जम्मा १३३ जना र अति उच्च तह (स्नातकोत्तर वा सोभन्दा बढी) का मानव संशाधन जम्मा ३३ जना गरी जम्मा १,८७८ जना

रहेका छन् । यस गाउँपालिकाका साधारण शिक्षाद्वारा उत्पादित महिला जनशक्तिहरू न्यून रहेका छन् ।

### ४.१.८.६.४ वार्षिक आम्दानी (Annual Income)

नेपाल सरकारले स्थानीय तहहरूलाई विकासको आधारमा सुगम, मध्यम, दुर्गम र अति दुर्गम गरी जम्मा चार तहमा वर्गीकरण गरेको छ । जसमध्ये आम्चोक गाउँपालिका अति दुर्गम तहमा परेको छ । आम्चोक गाउँपालिकाको वार्षिक आम्दानीलाई आ. व. २०७३/७४ का आधारमा तालिका ४.२२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२२**

**आम्चोक गा. पा. को वार्षिक आम्दानी विवरण २०७५**

| गा. पा. | क्षेत्र | आम्दानी (रु. मा) |
|---|---|---|
| आम्चोक गाउँपालिका | कृषि तथा पशुपालन | ३६,३३,५८,०४५ |
| | वैदेशिक रोजगार | ११,६१,३७,५०० |
| | व्यापार, उद्योग | २,९३,०९,३६० |
| | नोकरी | २,२९,३५,३७० |
| | ज्याला मजदुरी | ८३,३८,३०० |
| | अन्य | २,२२,७७,४०० |
| जम्मा | | ५६,२३,५५,९७५ |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

तालिका ४.२२ मा आम्चोक गाउँपालिकाको वार्षिक आयको विवरणलाई प्रस्तुत गरिएको छ । यस गाउँपलिकाको क्षेत्रगत वार्षिक आयलाई हेर्दा कृषि तथा पशुपालनबाट रु. ३६,३३,५८,०४५, वैदेशिक रोजगारबाट रु. ११,६१,३७,५००, व्यापार, उद्योगबाट रु. २,९३,०९,३६०, ज्याला मजदुरीबाट रु. ८३,३८,३०० र अन्य क्षेत्रबाट रु. २,२२,७७,४०० गरी जम्मा रु. ५६,२३,५५,९७५ रहेको छ । यस गा. पा. को आम्दानीको मुख्य स्रोत कृषि रहेको पाइयो ।

### ४.१.८.६.५ प्रति-व्यक्ति आय (Per-Capita Income)

आम्चोक गाउँपालिकाको आर्थिक वर्ष २०७३/७४ अनुसार कूल वार्षिक आय रु. ५६,२३,५५,९७५ र सोहि वर्ष कूल जनसंख्या २०,४२९ जना रहेको थियो। यसर्थ प्रति-व्यक्ति आय रु. २७,५२७.३३ रहेको छ (जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५)।

### ४.१.८.६.६ वार्षिक खर्च (Annual Expenditure)

आर्थिक वर्ष २०७३/७४ अनुसार आम्चोक गाउँपालिकाको विभिन्न क्षेत्रमा गरिएको खर्चको अवस्थालाई तालिका ४.२३ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.२३**

**आम्चोक गा. पा. को वार्षिक खर्चको विवरण २०७५**

| गा. पा. | खर्चको क्षेत्र | वार्षिक खर्च (रु. मा) |
|---|---|---|
| आम्चोक गाउँपालिका | खाद्यन्न | ३६,७७,२२,००० |
| | लत्ताकपडा | २,८४,०१,९९० |
| | शिक्षा | ७,०६,८३,७०० |
| | स्वास्थ्य उपचार | १,९४,६२,५०५ |
| | चाडपर्व | ३,०८,६५,२३० |
| | मनोरञ्जन | २,७४,३२,९०० |
| | कृषि तथा अन्न | २,१५,७७,४०० |
| | भ्रमण खर्च | ९,२५,०२,९५० |
| | सेवा सुविधा खर्च | ४,८८,६७,४१० |
| | अन्य खर्च | ४४,१३,००० |
| जम्मा खर्च | | ७१,१९,२९,०८५ |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

तालिका ४.२३ मा आम्चोक गाउँपालिकाको वार्षिक खर्चको अवस्थालाई प्रस्तुत गरिएको छ। आम्चोकको क्षेत्रगत खर्चलाई हेर्दा खाद्यन्नमा रु. ३६,७७,२२,०००, लत्ताकपडा रु. २,८४,०१,९९०, शिक्षामा रु. ७,०६,८३,७००, स्वास्थ्य उपचारमा रु. १,९४,६२,५०५, चाडपर्वमा रु. ३,०८,६५,२३०, मनोरञ्जनमा रु. २,७४,३२,९००, कृषि तथा अन्नमा रु. २,१५,७७,४००, भ्रमण खर्च रु.

९,२५,०२,९५०, सेवा सुविधा खर्च रु. ४,८८,६७,४१० र अन्य खर्च रु. ४४,१३,००० गरी जम्मा रु. ७१,१९,२९,०८५ खर्च रहेको छ। यसका आधारमा सबभन्दा बढी खर्च खाद्यन्न क्षेत्रमा रहेको छ।

### ४.१.८.६.७ प्रति-व्यक्ति खर्च (Per-Capita Expenditure)

आर्थिक वर्ष २०७३/७४ अनुसार आम्चोक गाउँपालिकाको कुल खर्च रु. ७१,१९,२९,०८५ रहेको छ भने कूल जनसंख्या २०,४२९ जना रहेको छ। तसर्थ प्रति-व्यक्ति खर्च रु. ३४,८८४.९४ रहेको छ (जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५)।

### ४.१.८.६.८ बचत अथवा ऋण (Saving or Loan)

आर्थिक वर्ष २०७३/७४ अनुसार आम्चोक गाउँपालिकाको कुल आय रु. ५६,२३,५५,९७५ र कुल खर्च रु. ७१,१९,२९,०८५ रहेको छ । यस गाउँपालिकाको आय र खर्चको तुलना गर्दा रु. १४,९५,७३,११० ऋण रहेको छ (जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५)।

### ४.१.८.६.९ प्रति-व्यक्ति ऋण (Per-Capita Loan)

आर्थिक वर्ष २०७३/७४ अनुसार आम्चोक गाउँपालिकाको ऋण रु. १४,९५,७३,११० रहेको छ। सोहि समयमा आम्चोक गाउँपालिकाको जनसंख्या २०,४२९ जना रहेको थियो। यसर्थ प्रति-व्यक्ति ऋण रु. ७,३२१.६ रहेको छ (जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५)।

### ४.१.८.६.१० वैदेशिक रोजगार (Foreign Employment)

आम्चोक गाउँपालिकाको रोजगार तथा आम्दानीको स्रोतहरूमध्ये वैदेशिक रोजगार एक हो। यस गाउँपालिकाको वैदेशिक रोजगारको विवरणलाई तालिका ४.२४ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.२४**

**आम्चोक गा. पा. को वैदेशिक रोजगारको अवस्था २०७५**

| विवरण | व्यक्तिको संख्या |
|---|---|
| महिलाको संख्या | ५५ |
| पुरुषको संख्या | ७४८ |
| जम्मा | ८०३ |
| आ. व. २०७३/७४ मा वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण | रु. ११,६१,३७,५०० |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

तालिका ४.२४ मा आम्चोक गाउँपालिकाको वैदेशिक रोजगारको अवस्थालाई प्रस्तुत गरिएको छ। आम्चोकमा वैदेशिक रोजगारमा संलग्न ८०३ जनामध्ये महिला ५५ र पुरुष ७४८ जना रहेका छन् । यस गा. पा. का महिलाहरूको वैदेशिक रोजगारमा कम सहभागी रहेको छ । आम्चोक गाउँपालिकामा आर्थिक वर्ष २०७३/७४ जम्मा विप्रेषण रु. ११,६१,३७,५०० प्राप्त भएको थियो ।

### ४.१.८.६.११ वित्तीय तथा सहकारी संघसंस्था (Financial and Cooperative Organization)

आम्चोक गाउँपालिका ग्रामीण अर्थतन्त्र भएको क्षेत्र हो। यहाँको वित्तीय संघसस्थाहरुलाई तालिका ४.२५ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.२५**

**आम्चोक गा. पा. मा रहेका वित्तीय तथा सहकारी संघसस्थाहरू**

| क. सं. | वित्तीय तथा सहकारी संघसस्था | ठेगाना |
|---|---|---|
| १ | सिद्धार्थ बैंक | आम्चोक-५ |
| २ | सामुदायिक बचत तथा ऋण सहकारी लिमिटेड | आम्चोक-५ |
| ३ | दुम्माना महिला बचत तथा ऋण सहकारी संस्था | आम्चोक-९ |
| ४ | पब्लिक बचत तथा ऋण सहकारी संस्था | आम्चोक-४ |
| ५ | हिमचूली महिला बचत तथा ऋण सहकारी संस्था | आम्चोक-१० |
| ६ | सामुदायिक बचत तथा ऋण सहकारी संस्था | आम्चोक-१० |

स्रोत : जिल्ला समन्वय समितिको कार्यालय भोजपुर, २०७५

तालिका ४.२५ मा आम्चोक गाउँपालिकाको वित्तीय तथा सहकारी संघसस्थाहरूलाई प्रस्तुत गरिएको छ। आम्चोकमा एक वटा बैंक र ५ वटा सहकारी संघसस्थाहरू रहेका छन् ।

## ४.२ अध्ययन क्षेत्रको आम्दानी र खर्चको विश्लेषण (Analysis of Income and Expenditure of the Study Area)

यस शीर्षक अन्र्तगत नमुना छनोटमा परेका घरपरिवारहरूको आम्दानीको स्रोत तथा खर्चको क्षेत्रहरूलाई विभिन्न उप-शीर्षकहरूमा विश्लेषण गरिएको छ।

### ४.२.१ आम्दानीको स्रोतहरू (Sources of Income)

आम्चोक ग्रामीण अर्थतन्त्र भएको गाउँपालिका हो । यस गा. पा. को मुख्य आम्दानीको स्रोत कृषि नै हो । यस गाउँपालिकाको आम्दानीको स्रोतहरूमा कृषिको अलावा पशुपक्षी पालन, व्यापार/व्यावसाय, ज्यालामजदुरी, वैदेशिक रोजगार, सेवा आदि रहेका छन् । यस अध्ययनका लागि नमुना छनौटमा परेका घरपरिवारहरूको आम्दानीको स्रोतलाई पेशागत, क्षेत्रगत तथा तहगतरुपमा विश्लेषण गरिएको छ ।

#### ४.२.१.१ पेशागत आम्दानीको स्रोतहरू (Sources of Occupational Income)

नमुना छनोटमा परेका घरपरिवारहरूको पेशा मिश्रित प्रकतिको पाइयो । तर जुन पेशाबाट बढी वार्षिक आम्दानी प्राप्त हुन्छ त्यसै पेशालाई मुख्य पेशा मानेको पाइयो । यसर्थ यी परिवारहरूको मुख्य पेशा कृषि, व्यापार, सेवा/नोकरी तथा ज्याला मजदुरी रहेको छ । जसलाई तालिका ४.२६ मा उल्लेख गरिएको छ :

**तालिका ४.२६**


**नमुना छनोटमा परेका घरपरिवारको पेशागत आम्दानीको स्रोतको विवरण २०७५**

| क्र. सं. | पेशा | घर संख्या | आम्दानी (रु. मा) | प्रतिशत |
|---|---|---|---|---|
| १ | कृषि | ४३ | १,४५,७९,१०० | ५५.९३ |
| २ | व्यापार | ३ | ५६,७७,४०० | २१.७८ |
| ३ | सेवा | ५ | ३५,१६,००० | १३.४९ |
| ४ | ज्याला मजदुरी | २ | २२,९३,००० | ८.८० |
| जम्मा | | ५३ | २,६०,६५,५०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

**चित्र ४.४**

**नमुना छनोटमा परेका घरपरिवारको पेशागत आम्दानीको स्रोतको विवरण २०७५**




स्रोत : तालिका ४.२६

प्रस्तुत तालिका ४.२६ र चित्र ४.४ मा नमुना छनोटमा परेका घरपरिवारहरूको पेशागतरुपमा आम्दानीको स्रोत र आम्दानीको विवरणलाई देखाइएको छ । नमुना छनोटमा परेका कुल ५३ घरपरिवारमध्ये ४३ घरधुरी कृषि पेशामा संलग्न रहेको पाइयो । कृषि पेशामा संलग्न घरधुरीको कूल आम्दानी रु. १,४५,७९,१०० अर्थात ५५.९३ प्रतिशत रहेको पाइयो । त्यसैगरी क्रमशः व्यापार पेशामा ३ घर संलग्न पाइयो र आम्दानी रु. ५६,७७,४०० अर्थात २१.७८ प्रतिशत, सेवालाई पेशाको रुपमा अंगालेका ५ घर र आम्दानी रु. ३५,१६,००० अर्थात १३.४९ प्रतिशत र ज्याला मजदुरी पेशामा संलग्न २ घरपरिवार र आम्दानी रु. २२,९३,००० अर्थात ८.८० प्रतिशत रहेको पाइयो । प्रस्तुत विभिन्न पेशाबाट ५३ घरधुरीको कूल आम्दानी रु. २,६०,६५,५०० रहेको पाइयो । नमुना छनोटमा परेका घरपरिवारहरूमा बढी वाहुल्यता रहेको पाइयो तर गैरकृषि क्षेत्रमा आवद्ध घरपरिवारहरूको जीवनस्तर उच्च रहेको छ ।

### ४.२.१.२ क्षेत्रगत आम्दानीको स्रोतहरू (Sources of Sectoral Income)

नमुना छनोटमा परेका ५३ घरपरिवारहरूले विशेषतः कुन-कुन क्षेत्रबाट के कति आम्दानी प्राप्त गर्दछन् भनी गरिएको सर्वेक्षणमा मुख्यतः कृषि, व्यापार/व्यवसाय, अनुदान, पशुपंक्षी पालन, वैदेशिक रोजगार, जागिर, ज्याला मजदुरी आदी क्षेत्रबाट आम्दानी प्राप्त गरेको पाइयो। जसलाई निम्न तालिका ४.२७ र चित्र ४.५ मा प्रस्तुत गरिएको छ :

**तालिका ४.२७**


**नमुना छनोटमा परेका घरधुरीको क्षेत्रगत आम्दानीको स्रोतहरूको विवरण २०७५**

| क्र. सं. | आम्दानीको स्रोतहरू | आम्दानी (रु. मा) | प्रतिशत (%) मा |
|---|---|---|---|
| १ | कृषि | ५७,७८,९०० | २२.१७ |
| २ | व्यापार/व्यावसाय | ४८,७८,००० | १८.७१ |
| ३ | अनुदान, सहयोग, चन्दा पाएका | २९,०४,००० | ११.१४ |
| ४ | पशुपंक्षी पालन | २७,९४,५०० | १०.७३ |
| ५ | ज्याला मजदुरी | २७,२५,००० | १०.४५ |
| ६ | वैदेशिक रोजगार | २४,८७,००० | ९.५४ |
| ७ | जागिर | २२,३०,००० | ८.५५ |
| ८ | ऋण लिएको रकम | ९,५३,००० | ३.६६ |
| ९ | पेन्सन/पुरस्कार | ६,८९,४०० | २.६४ |
| १० | विविध क्षेत्र | ६,२५,७०० | २.४१ |
| जम्मा | | २,६०,६५,५०० | १०० |
| वार्षिक औषत परिवारिक आम्दानी | | ४,९१,८०१.८८७ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

**चित्र ४.५**

**नमुना छनोटमा परेका घरधुरीको क्षेत्रगत आम्दानीको स्रोतहरूको विवरण २०७५**




स्रोत : तालिका ४.२७

तालिका ४.२७ र चित्र ४.५ मा नमुना छनोटमा परेका घरपरिवारहरूको क्षेत्रगत आधारमा आम्दानीको स्रोतको विवरणलाई प्रस्तुत गरिएको छ । यस अध्ययनको लागि नमुना छनोटमा परेका घरपरिवारहरूको आम्दानीको क्षेत्रगत स्रोतहरूमध्ये सबभन्दा बढी कृषि क्षेत्रबाट रु. ५७,७८,९०० प्राप्त भएको छ जुन कुल आम्दानीको २२.१७ प्रतिशत हो । त्यसपश्चात क्रमशः व्यापार/व्यावसायबाट रु. ४८,७८,००० वा कुल आम्दानीको १८.७३ प्रतिशत, अनुदान, सहयोग, चन्दा पाएको रु. २९,०४,००० वा कुल आम्दानीको ११.१४ प्रतिशत, पशुपंक्षी पालनबाट रु. २७,९४,५०० वा कुल आम्दानीका १०.७३ प्रतिशत, ज्याला मजदुरीबाट रु २७२५,००० वा कुल आम्दानीको १०.४५ प्रतिशत, वैदेशिक रोजगारबाट रु. २४,८७,००० वा कुल आम्दानीको ९.५४ प्रतिशत, जागिरबाट रु. २२,३०,००० वा कुल आम्दानीको ८.५५ प्रतिशत, ऋण लिएको रकम रु. ९,५३,००० वा कुल आम्दानीको ३.६६ प्रतिशत, पेन्सन/पुरस्कारबाट रु. ६,८९,४०० वा कुल आम्दानीको २.६४ प्रतिशत र विविध स्रोतबाट रु. ६,२५,७०० वा कुल आम्दानीको २.४१ प्रतिशत गरी जम्मा रु. २,६०,६५,५०० रहेको छ भने वार्षिक औषत आम्दानी रु. ४,९१,८०१.८८७ रहेको

छ । तालिका तथा चित्रको आधारमा छनोटमा परेका घरपरिवारहरूको आम्दानीको मुख्य क्षेत्रगत स्रोत कृषि नै रहेको छ ।

### ४.२.१.३ तहगत आम्दानी (Levelwise Income)

तहगत आम्दानीको अध्ययन तथा विश्लेषण गर्दा को, कति आर्थिक रुपमा सम्पन्न वा विपन्न छन् ? भन्ने तथ्य पत्ता लाग्दछ । तसर्थ यस अध्ययनको लागि छनोटमा परेका ५३ घरपरिवारहरूको विभिन्न स्रोतबाट प्राप्त आम्दानी विवरणलाई तहगत रुपमा तालिका ४.२८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२८**

**नमुना छनोटमा परेका घरधुरीहरूको तहगत आम्दानी २०७५**

| क्र.सं. | तहगत आम्दानी | घर संख्या | प्रीतशत |
|---|---|---|---|
| १ | १ लाख भन्दा कम | ७ | १३.२१ |
| २ | १-३ लाख सम्म | १५ | २८.३० |
| ३ | ३-५ लाख सम्म | १४ | २६.४१ |
| ४ | ५-७ लाख सम्म | ७ | १३.२१ |
| ५ | ७-९ लाख सम्म | २ | ३.७८ |
| ६ | ९ लाख भन्दा बढी | ८ | १५.०९ |
| जम्मा | | ५३ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

प्रस्तुत तालिकामा नमुना छनोटमा परेका ५३ घरपरिवारहरूको तहगतरुपमा आम्दानी प्रस्तुत गरिएको छ । नमुना छनोटमा परेका ५३ घरधुरीहरूमध्ये आर्थिक वर्ष २०७३/७४ को आम्दानीको अवस्थालाई हेर्दा १ लाख भन्दा कम आम्दानी भएका घरधुरी ७ अर्थात १३.२१ प्रतिशत, १ देखि ३ लाख सम्म आम्दानी भएका घरधुरी १५ अर्थात २८.३० प्रतिशत, ३ देखि ५ लाख सम्म आम्दानी भएका घरधुरी १४ अर्थात २६.४१ प्रतिशत, ५ देखि ७ लाख सम्म आम्दानी भएका घरधुरी ७ अर्थात ३१.२१ प्रतिशत, ७ देखि ९ लाख सम्म आम्दानी भएका घरधुरी २ अर्थात ३.७८ प्रतिशत,

र ९ लाख भन्दा बढी आम्दानी भएका घरधुरी ८ अर्थात १५.०९ प्रतिशत रहेको पाइयो । समग्रमा ७ देखी ९ लाखसम्म आम्दानी भएका घरपरिवारहरू सवभन्दा कम २ घर रहेको पाइयो ।

### ४.२.२ खर्चको क्षेत्रहरू (Sectars of Expenditure)

आम्चोक गाउँपालिकाको वडा नं. २ मा बसोबास गर्ने घरपरिवारहरूमध्ये नमुना छनोटमा परेका घरधुरीहरूको आम्दानीलाई मुख्यतः खाद्यन्न, लत्ताकपडा, शिक्षा, मनोरञ्जन, स्वास्थ्य तथा चाडपर्व जस्ता क्षेत्रमा खर्च गरेको पाइयो । यस नमुना छनोटमा परेका घरधुरीहरूको खर्च पेशागत, क्षेत्रगत र तहगतरुपमा प्रस्तुत गरिएको छ ।

#### ४.२.२.१ पेशागत खर्च (Expenditural by Occupation)

नमुना छनोटमा परेका ५३ घरपरिवारहरूले पेशागत रुपमा प्राप्त गरेको आम्दानीलाई के कति खर्च गर्दछन् भनी गरिएको सर्वेक्षणमा मुख्यतः कृषि, व्यापार, सेवा, ज्याला मजदुरी जस्ता पेशाबाट प्राप्त आम्दानीलाई खर्च गरेको पाइयो । जसलाई तालिका ४.२९ र चित्र ४.६ द्वारा प्रस्तुत गरिएको छ :

**तालिका ४.२९**


**नमुना छनोटमा परेका घरधुरीहरूको पेशागत खर्च विवरण २०७५**

| क्र. सं. | पेशा | घर संख्या | खर्च (रु. मा) | प्रतिशत |
|---|---|---|---|---|
| १ | कृषि | ४३ | १,२०,२५,६९६ | ६८.९० |
| २ | व्यापार/व्यवसाय | ३ | २२,४८,००० | १२.८८ |
| ३ | सेवा | ५ | २१,९२,०५० | १२.५६ |
| ४ | ज्याला मजदुरी | २ | ९,८८,५०० | ५.६६ |
| जम्मा | | ५३ | १,७४,५४,२४६ | १०० |
| वार्षिक पेशागत औषत खर्च | | | ३,२९,३२५.३९६ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

**चित्र नं. ४.६**

**नमुना छनोटमा परेका घरधुरीहरूको पेशागत खर्च**




स्रोत : तालिका २.२९

तालिका ४.२९ र चित्र ४.६ मा नमुना छनोटमा परेका घरपरिवारहरूको पेशागत खर्चको विवरणलाई प्रस्तुत गरिएको छ । कृषि पेशामा रहेका घरधुरीहरूको कुल खर्च रु. १,२०,२५,६९६ अर्थात ६८.९० प्रतिशत रहेको छ । त्यसैगरी व्यापार/व्यवसाय पेशामा ३ घरधुरी र खर्च रु. २२,४८,००० अर्थात १२.८८ प्रतिशत, सेवा पेशामा संलग्न ५ घरधुरी र खर्च रु. २१,९२,०५० अर्थात १२.५ प्रतिशत र ज्याला मजदुरी पेशामा २ घरधुरी र खर्च रु. ९,८८,५०० अर्थात ५.६६ प्रतिशत गरी जम्मा खर्च रु. १,७४,५४,२४६ रहेको छ भने वार्षिक घरपरिवारहरूको औषत खर्च रु. ३,२९,३२५.३९६ रहेको पाइयो । तालिका तथा चित्र अनुसार सवभन्दा बढी खर्च कृषि पेशामा आवद्ध र सवभन्दा कम खर्च ज्याला मजदुरी पेशामा आवद्ध घरपरिवारहरूको रहेको छ ।

#### ४.२.२.२ क्षेत्रगत खर्च (Sectoral Expenditure)

छनोटमा परेका परिवारहरूको विभिन्न स्रोतबाट प्राप्त आम्दानीलाई विभिन्न निम्न क्षेत्रमा खर्च गरेको पाइयो । जसलाई तालिका ४.३० मा उल्लेख गरिएका छन् ।

**तालिका ४.३०**

**नमुना छनोटमा परेका घरधुरीहरूको क्षेत्रगत खर्च विवरण २०७५**

| क्र. सं. | खर्चको क्षेत्रहरू | खर्च रु. मा | प्रतिशतमा |
|---|---|---|---|
| १ | खाद्यन्न | ४१,०५,८०० | २३.५३ |
| २ | शिक्षा | ३६,१७,०५० | २०.७२ |
| ३ | ऋण तिरेको | २८,७५,५०० | १६.४७ |
| ४ | सामाजिक सेवा, इन्धन, फोन शुल्क | २१,३८,५५० | १२.२५ |
| ५ | स्वास्थ्य | २१,७३,८०० | १२.४५ |
| ६ | चाडपर्व | ८,४६,००० | ४.८५ |
| ७ | लत्ताकपडा | ७,४५,७०० | ४.२७ |
| ८ | मनोरञ्जन | ३,३४,१०० | १.९२ |
| ९ | कर | ३१,४९६ | ०.१८ |
| १० | विविध खर्च | ५,८६,२५० | ३.३६ |
| जम्मा | | १,७४,५४,२४६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

तालिका ४.३० मा नमुना छनोटमा परेका घरपरिवारहरूको खर्चको क्षेत्रगत विवरणलाई प्रस्तुत गरिएको छ । तालिकामा घरपरिवारहरूको खर्चको खर्चगत क्षेत्रहरूमध्ये सवभन्दा बढी खाद्यन्नमा रु. ४१,०५,८०० भएको छ जुन कुल खर्चको २३.५३ प्रतिशत हो । त्यसैगरी क्रमशः शिक्षा क्षेत्रमा रु. ३६,१७,०५० वा कुल खर्चको २०.७२ प्रतिशत, ऋण तिरेको रु. २८,७५,५०० वा कुल खर्चको १६.४७ प्रतिशत, सामाजिक सेवा, इन्धन, फोन शुल्कमा रु. २१,३८,५५० वा कुल खर्चको १२.२५ प्रतिशत, स्वास्थ्य क्षेत्रमा रु. २१,७३,८०० वा कुल खर्चको १२.४५ प्रतिशत, चाडपर्वमा रु. ८,४६,००० कुल खर्चको ४.८५ प्रतिशत, लत्ताकपडामा रु. ७,४५,७०० वा कुल खर्चको ४.२७ प्रतिशत, मनोरञ्जन क्षेत्रमा रु. ३,३४,१०० वा कुल खर्चको १.९२ प्रतिशत, करमा रु. ३१,४९६

वा कुल खर्चको ०.१८ प्रतिशत र विविध क्षेत्रमा रु. ५,८६,२५० वा कुल खर्चको ३.३६ प्रतिशत गरी कुल खर्च रु. १,७४,५४,२४६ रहेको पाइयो ।

### ४.२.३ आम्दानी तथा खर्चबीचको पेशागत तुलनात्मक विश्लेषण (Comparative Analysis of Occupational Income and Expenditure)

यस अध्ययनमा नमुना छनोटमा परेका घरधुरीहरूको कुल तथा पेशागत आम्दानी र खर्चको क्षेत्रबीच तुलनात्मक विश्लेषण गरिएको छ । यहाँ पेशागत रुपमा आम्दानी र खर्चको आधारमा बचतको स्थितिलाई तालिका ४.३१ मा प्रस्तुत गरिएको छ :

**तालिका ४.३१**

**नमुना छनोटमा परेको घरपरिवारहरूको पेशागत आम्दानी, खर्च र बचत २०७५**

| क्र.सं. | पेशा | आम्दानी (रु.मा) | खर्च (रु. मा) | बचत (रु. मा) |
|---|---|---|---|---|
| १ | कृषि | १,४५,७९,१०० | १,२०,२५,६९६ | २५,५३,४०४ |
| २ | सेवा | ३५,१६,००० | २१,९२,०५० | १३,२३,९५० |
| ३ | व्यापार/व्यावसाय | ५६,७७,४०० | २२४८००० | ३४,२९,४०० |
| ४ | ज्याला मजदुरि | २२,९३,००० | ९८८५०० | १३,०४,५०० |
| जम्मा | | २,६०,६५,५०० | १,७४,५४,२४६ | ८६,११,२५४ |
| औषत आम्दानी | | | ४,९१,८०१.८८ | |
| औषत खर्च | | | ३,२९,३२५.३९ | |
| औषत बचत | | | १,६२,४७६.४९ | |
| प्रति व्यक्ति आम्दानी | | | ८९,८८१.०३ | |
| प्रति व्यक्ति खर्च | | | ६०,१८७.०५ | |
| प्रति व्यक्ति बचत | | | २९,६९३.९७ | |

स्रोतः स्थलगत सर्वेक्षण, २०७५

तालिका ४.३१ मा नमुना छनोटमा परेका घरपरिवारहरूको आम्दानी, खर्च तथा बचतलाई कुल र पेशागत रुपमा प्रस्तुत गरिएको छ। तालिका अनुसार आ. व. २०७३/७४ मा घरपरिपवारहरूको कुल आम्दानी रु. २,६०,६५,५०० र खर्च रु. १,७४,५४,२४६ रहेको छ भने कुल बचत रु. ८६,११,२५४, औषत आम्दानी रु. ४,९१,८०१.८८, औषत खर्च रु. ३,२९,३२५.३९ र औषत बचत

रु. १,६२,४७६.४९ भने प्रति व्यक्ति आम्दानी रु. ८६,५९६.३५, प्रति व्यक्ति खर्च रु. ५७,९८७.५२ र प्रति व्यक्ति बचत रु. २८,६०८.८१ रहेको छ । त्यस्तै नमुना छनोटमा परेको घरपरिवारहरूको पेशागत बचतलाई हेर्दा कृषि पेशामा संलग्न परिवारको रु. २५,५३,४०४ रहेको देखिन्छ । त्यसै गरी क्रमशः सेवामा संलग्न परिवारहरूको कुल बचत रु. १३,२३,९५० व्यापार/व्यावसायमा संलग्न परिवारहरूको कुल बचत रु. ३४,२९,४०० र ज्याला मजदुरीमा संलग्न परिवारहरूको कुल बचत रु. १३,०४,५०० भएको देखिएको छ । यसरी छनोटमा परेका सबै घरपरिवारहरूको खर्चभन्दा आम्दानी बढी रहेको पाइयो ।

## ४.२.४ घरपरिवारहरूको बचत तथा घाटा आम्दानीबीचको तुलनात्मक विश्लेषण

**(Comparative Analysis of Saving and Deficit Income of Households)**

यस शीर्षकमा नमुना छनोटमा परेका घरपरिवारहरूको बचत तथा घाटा आम्दानीबीचको तुलनात्मक विश्लेषण गरिएको छ। अध्ययनका लागि छनोटमा परेका जम्मा ५३ घरपरिवारहरूमध्ये सबै घरपरिवारहरूको बचत आम्दानी रहेको छैन अर्थात आम्दानीभन्दा खर्च बढी भएको परिवारहरू पनि रहेका छन् । यहाँ नमुना छनोटमा परेका ५३ घरहरूमध्ये बचत आम्दानी भएका ४१ र घाटा आम्दानी भएका १२ घरपरिवारहरूको कुल आम्दानी, औषत आम्दानी, कुल बचत र औषत बचतलाई तालिका ४.३२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.३२**

**नमुना छनोटमा परेका बचत तथा घाटा आम्दानी भएका घरपरिवारहरू २०७५**

<table>
<tr><th>क्र.श</th><th>घर संख्या</th><th>आम्दानी</th><th>खर्च (रु.मा)</th><th>बचत (रु.मा)</th><th>औषत बचत (रु.मा)</th></tr>
<tr><td>१</td><td>५३ (कुल)</td><td>२,६०,६५,५००</td><td>१७,४५४,२४६</td><td>८६,११,२५४</td><td>१,६२,४७६.४९१</td></tr>
<tr><td>२</td><td>४१ (बचत आम्दानी भएको)</td><td>२,३२,९२,०००</td><td>१,३०,७०,६४६</td><td>१,०२,२१,३५४</td><td>२,४९,३०१.३१७</td></tr>
<tr><td rowspan="2">३</td><td rowspan="2">१२ (ऋणात्मक आम्दानी भएका घर)</td><td rowspan="2">२७,७३,५००</td><td rowspan="2">४३,८३,६००</td><td>घाटा बचत</td><td>औषत घाटा बचत</td></tr>
<tr><td>१६,१०,१००</td><td>१,३४,१७५</td></tr>
</table>

स्रोतः स्थलगत सर्वेक्षण, २०७५

तालिका ४.३२ मा छनोटमा परेका घरपरिवारहरूमध्ये कति घरपरिवारहरूको आम्दानी बचत र कति घरपरिवारहरूको आम्दानी ऋणात्मक रहेको छ भन्ने स्पष्ट भएको छ । तालिका अनुसार छनोटमा परेका ५३ घरपरिवारहरूमध्ये ४१ घरपरिवारको आम्दानी बचतमा रहेको पाइयो । बचत आम्दानी भएका ४१ घरपरिवारको कुल आम्दानी रु. २,३२,९२,००० र कुल खर्च रु. १,३०,७०,६४६ रहेकोमा कुल बचत रु. १,०२,२१,३५४ जुन प्रतिघर औषत बचत रु. २,४९,३०१.३१७ रहेको छ । त्यसैगरी घाटा आम्दानी भएका १२ घरपरिवारहरूको कुल आम्दानी रु. २७,७३,५००, कुल खर्च रु. ४३,८३,६०० र कुल घाटा रु. १६,१०,१०० छ भने प्रति घर औषत घाटा रु. १,३४,१७५ रहेको पाइयो । तर यी घाटा आम्दानी भएका कुल परिवारमध्ये ७ घर मात्रै गरिव रहेका छन् ।

## ४.३ घरपरिवारको उपभोग प्रवृत्ति (Consumption Propencity of Household)

यस शीर्षकमा छनोटमा परेका घरपरिवारहरूको उपभोग प्रवृत्तिको विश्लेषण गरिएको छ। जसलाई औषत तथा सीमान्त उपभोग प्रवृत्तिद्वारा तालिका ४.३३ र ४.३४ मा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.३३**

**नमुना छनोटमा परेका घरपरिवारहरूको औषत उपभोग प्रवृत्ति**

| क्र. सं. | क्षेत्र | आम्दानी (Y) | उपभोग (C) | APC = C/Y |
|---|---|---|---|---|
| १ | कृषि | १,४५,७९,१०० | १,२०,२५,६९६ | ०.८२४ |
| २ | सेवा | ३५,१६,००० | २१,९२,०५० | ०.६२३ |
| ३ | व्यापार | ५६,७७,४०० | २२,४८,००० | ०.३९६ |
| ४ | ज्याला मजदुरी | २२,९३,००० | ९,८८,५०० | ०.४३१ |
| ५ | कुल | २,६०,६५,५०० | १,७४,५४,२४६ | ०.६६९ |

स्रोत : समीकरण ३.७.१ र तालिका ४.३२

तालिका ४.३३ मा छनोटमा परेका घरपरिवारहरूको कुल तथा पेशागत औषत उपभोग प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । औषत आम्दानी भनेको आम्दानी र उपभोगबीचको अनुपात हो । तालिका अनुसार छनोटमा परेका घरपरिवारहरुको औषत उपभोग प्रवृत्ति ०.६६९ प्रतिशत रहेको छ भने ०.३३१ अनुपात औषत बचत प्रवृत्ति रहेको छ । त्यसैगरी पेशागतरुपमा औषत उपभोग प्रवृतिको

अध्ययन गर्दा कृषि पेशामा आबद्ध घरपरिवारहरुको औषत उपभोग प्रवृति ०.८२४ प्रतिशत रहेको पाइयो । यसर्थ कृषि पेशामा आवद्ध परिवारहरूको कुल आम्दानीको ठूलो हिस्सा उपभोगभई ०.१७६ प्रतिशत औषत बचत प्रवृत्ति रहेको छ । त्यस्तै सेवा पेशामा संलग्न घरपरिवारहरूको औषत उपभोग प्रवृति ०.६२३ भाग उपभोग भई औषत बचत प्रवृत्ति ०.३७७ भएको पाइयो । यी सेवा पेशामा आवद्ध परिवारहरूको खर्चको तुलनामा आम्दानी उच्च दरले बढेको हुदा बचत उच्च रहेको छ । त्यस्तै व्यापार पेशामा आवद्ध परिवारहरूको बचतको मात्रा ०.६०४ रहेको छ । यस्तो बचत हुनुको मुख्य कारण खर्चको तुलनामा आम्दानी उच्च दरमा वृद्धि हुनु हो र ज्याला मजदुरी पेशामा आवद्ध घरपरिवारको औषत उपभोग प्रवृति ०.६६९ रहेको छ। यसको अर्थ कुल आम्दानीको ०.६६९% उपभोग भई ०.३३१ % बचत हुनु हो । समग्रमा औषत उपभोग प्रवृत्ति सवभन्दा वढी ०.८२४ कृषि पेशा र सवभन्दा कम ०.३९६ व्यापार पेशामा आवद्ध घरपरिवारहरुको रहेको पाइयो । त्यसैगरी सीमान्त उपभोग प्रवृत्ति तालिका ४.३४ मा प्रस्तुत गरिएको छ । जसलाई समीकरण $C = a + bY$ मा 'b' ले देखाइएको छ ।

**तालिका ४.३४**

**छनौटमा परेका घरपरिवारहरूको सीमान्त उपभोग प्रवृत्ति**

| क.सं. | पेशा | Y (आम्दानी रु.) | C (उपभोग रु.) | C = a + bY |
|---|---|---|---|---|
| १ | कृषि | १,४५,७९,१०० | १,२०,२५,६९६ | C = 93059.01 + 0.55Y |
| २ | सेवा | ३५,१६,००० | २१,९२,०५० | C = 195396.29 + 0.35Y |
| ३ | जम्मा | २,६०,६५,५०० | १,७४,५४,२४६ | C = 159827.72 +0.34Y |

स्रोत : समीकरण ३.७.२ र तालिका ४.३३

तालिका ४.३४ मा छनौटमा परेका घरपरिवारहरूको सीमान्त उपभोग प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । आम्दानीको स्तरमा हुने परिवर्तन र उपभोगको स्तरमा हुने परिवर्तनबीचको अनुपातलाई सीमान्त उपभोग प्रवृत्ति भनिन्छ । जसलाई उपभोग फलन $C = a + bY$ को 'b' ले जनाएको छ । सीमान्त उपभोग प्रवृत्तिको मान $0 < MPC < 1$ हुन्छ भने सीमान्त उपभोग प्रवृत्ति र सीमान्त बचत प्रवृत्तिको योग १ हुन्छ । तालिका अनुसार नमुना छनोटमा परेका कुल ५३ घरपरिवारहरूको सीमान्त उपभोग प्रवृत्ति समीकरण C = १५९८२७.७२ + ०.३४Y को b = ०.३४ रहेको छ जुन खर्चयोग्य आम्दानी झुकापको गुणांक हो । समीकरणमा आम्दानी र उपभोगबीचको सम्वन्ध

सकारात्मक रहेको छ। यदि Y = ० छ भने उपभोग C = १५९८२७.७२ हुन्छ र यदि कुल आम्दानी (Y) १ एकाइले परिवर्तन भयो भने उपभोग (C) ०.३४ पैशाले परिवर्तन हुन्छ । यसर्थ ०.३४ भनेको Y मा एकाई वरावरले परिवर्तन हुदा उपभोगमा आउने परिवर्तन दर हो । त्यसैगरी पेशागतरुपमा हेर्दा कृषि पेशामा आवद्ध ४३ परिवारहरूको सीमान्त उपभोग प्रवृत्ति b = ०.५५ रहेको छ। कृषि पेशामा आवद्ध परिवारहरूको आम्दानी र उपभोगबीच सकारात्मक सम्वन्ध रहेको छ। यदि Y = ० छ भने उपभोग C = ९३०५९.०१ हुन्छ र यदि आम्दानी (Y) १ एकाइले परिवर्तन हुदा उपभोग (C) ०.५५ पैशाले परिवर्तन हुन्छ । त्यस्तै सेवा पेशामा आवद्ध ५ परिवारहरूको b = ०.३५ रहेको छ। सेवा पेशामा आवद्ध परिवारहरूको पनि आम्दानी र उपभोगबीच सकारात्मक सम्वन्ध रहेको छ । यदि Y = ० छ भने C = १९५३९६.२९ उपभोग हुन्छ र यदि आम्दानी (Y) १ एकाईले परिवर्तन हुदा उपभोग (C) ०.३५ पैशाले परिवर्तन हुन्छ । यहाँ कृषि र सेवा पेशामा आवद्ध परिवारहरूको सीमान्त उपभोग प्रवृत्तिदरबीच फरक रहेको पाइयो। यसरी सीमान्त उपभोग प्रवृत्तिदर फरक हुनुको कारण आम्दानी, उपभोग र बचत अनुपातमा फरक हुनु हो। यस सीमान्त उपभोग प्रवृत्तिको गणितीय समीकरणलाई अनुसूची ३ मा राखिएको छ।

## ४.४ न्युन आम्दानी हुनुका कारणहरू र आम्दानी वृद्धि गर्ने उपायहरू (Causes of Low Income and Measures of Increas Income)

यस शीर्षक अन्तर्गत न्यून आम्दानी भएका घरपरिवारको न्यून आम्दानी हुनुका कारणहरू के-के हुन र आम्दानी वृद्धि गर्ने उपायहरू के-के छन् भनि समुह छलफल तथा विश्लेषण गरिएको छ। यहाँ न्यून आम्दानी भन्नाले नेपाल जिवनस्तर २०६६/६७ ले निरपेक्ष गरिबी प्रतिव्यक्ति रु. १९,२६१ आम्दानी लाई निरपेक्ष गरिबीको आधार मानिएको छ। यस अध्ययनमा पनि न्यून अनय वार्षिक रु. १९,२६१ भन्दा न्यून आम्दानी भएको घरपरिवारलाई समावेश गरिएको छ।

### ४.४.१ न्यून आम्दानी हुनको कारणहरू (Causes of Low Income)

यस अध्ययनको क्रममा आम्चोक गाँउपालिका वडा नं.२ मा बसोबास गर्ने कुल घरपरिवारहरूमध्ये छनोटमा परेका ५३ घरपरिवारहरूको आर्थिक वर्ष ०७३/०७४ का आधारमा सर्वेक्षण गर्दा न्यून आम्दानी भएको जम्मा ७ घरपरिवारहरू अर्थात कुल जनसंख्या २९० जनाको १४.४८ प्रतिशत रहेको पाइयो । यहाँ न्यून आम्दानी भन्नाले वार्षिक रु. १९,२६१ भन्दा कम आम्दानीलाई आधार मानिएको छ । यसरी आम्दानी तथा खर्चको सर्वेक्षणद्वारा न्यून आम्दानी भएको ७ परिवारहरूको

कुल आम्दानी रु. ५,५६,७०० र औषत रु. १३,२५४.७६ रहेको पाइयो । यो आम्दानी अत्यन्त न्यून हो ।

न्यून आम्दानी हुनुका कारणहरू के-कस्ता रहेका छन् ? भनि आम्चोक गाँपालिका वडा नं. २ मा बसोबास गर्ने बुद्धिजिवी, युवा तथा राजनैतिककर्मीहरूबाट ४ जनाको एक समुह र न्यून आम्दानी भएको घरपरिवारबाट ५ जनाको अर्को समुहमा गरी छुट्टाछुट्टै समुह छलफल गरीएको थियो । उक्त समुह छलफलद्वारा न्यून आम्दानी हुनुका मुख्य कारणहरू निम्नानुसार रहेको पाइयो :

(क) परम्परागत कृषिमा निर्भरता : यस अध्ययनका लागि छनोटमा परेका न्यून आम्दानी भएका घरपरिवारहरू मुख्यतः कृषिमा निर्भर रहेको पाइयो । यी घरपरिवारहरूको कृषि क्षेत्रबाट रु. ३,४५,३०० आम्दानी प्राप्त भएको पाइयो जुन औषतमा रु. ४९,३२८.५७ मात्र हो । यी घरपरिवारहरूको कृषिमा पनि नगदेबाली भन्दा खाद्यान्नबालीलाई प्राथमिकता दिइएको पाइयो साथै परम्परागत कृषि प्रणाली अपनाएको पाइयो ।

(ख) प्राविधिक तथा व्यवसायिक शिक्षाको कमी : अध्ययनका लागि छनोटमा परेका न्यून आम्दानी भएको घरपरिवारको शिक्षा साधारण तथा सैद्धान्तिक आधारभूत तहसम्म मात्र पाइयो । यी घरपरिवारहरूको शिक्षा क्षेत्रमा लगानी आर्थिक वर्ष २०७३/०७४ मा कुल रु. ८,५०,७१४ मात्र रहेको छ । यसरी न्यून आम्दानी भएका परिवारहरूको प्राविधिक तथा व्यवसायिक शिक्षा भने लिएको पाइएन ।

(ग) बेरोजगार : अध्ययनका लागि छनोटमा परेका न्यून आम्दानी भएका घरपरिवारहरूको मुख्यतः आम्दानीको स्रोत कृषि रहेको पाइयो । कृषिमा पनि मौसम अनुसार बाली लगाउने र बालि उठाउने समयमा मात्र रोजगार पाउने गरेको पाइयो । यी घरपरिवारले कृषिको अलावा आर्थिक उपार्जनको लागि केही मात्रामा ज्याला मजदुरी गर्ने गरेका छन् भने वैदेशिक रोजगारीमा संलग्न रहेको पाइएन ।

(घ) उच्च आश्रित जनसंख्या : छनोटमा परेका न्यून आम्दानी भएको घरपरिवारहरूको न्यून आम्दानी हुनुको मुख्य कारणहरूमध्ये आश्रित जनसंख्या उच्च हुनु पनि एक रहेको छ । यस अध्ययनमा न्यून आम्दानी भएका परिवारहरूको कुल जनसंख्या ३७ जना मध्ये १५ वर्ष भन्दा

मुनिका १८ र ६० वर्ष भन्दा माथिका ६ जना गरी २४ जना आश्रित जनसंख्या रहेका छन् भने आर्थिक रुपमा सक्रिय १६ जना मात्र रहेको पाइयो । यसरी उच्च आश्रित जनसंख्या हुँदा आम्दानीको ठुलो हिस्सा उपभोगमा खर्च हुन गई आर्थिक विकासको सम्भावना न्यून रहन्छ ।

(ङ) पूँजीको अभाव : अध्ययनको लागि छनोटमा परेका न्यून आम्दानी भएका घरपरिवारहरूमध्ये न्यून आम्दानी हुनुका कारणहरू पूँजीको अभाव पनि एक हो । यी घरपरिवारहरूले आफ्नो आम्दानी वृद्धि गर्न तथा उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रसस्त पूँजीको अभावको कारण लगानी गर्न नसकेको पाइयो ।

(च) प्रतिस्पर्धात्मक क्षमताको अभाव : छनोटमा परेका न्यून आम्दानी भएका घरपरिवारहरू परम्परागत कृषि प्रणाली मात्र अपनाउने तथा जीविकोपार्जन गर्ने पेशामा संलग्न रहेको पाइयो जसका कारण उनिहरुको उच्च उत्पादन लागत, न्यून उत्पादन, न्यून गणस्तरीय वस्तु उत्पादन, न्यून मात्रामा उत्पादन, उच्च मूल्य आदिका कारण मझौला तथा ठूला उद्योगको उत्पादन तथा आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न असक्षम भई व्यावसाय प्रतिस्थापन हुदै गएको पाइयो ।

(छ) परम्परागत मूल्यमान्यता : छनोटमा परेका न्यून आम्दानी भएका घरपरिवारहरू परम्परागत पेशालाई छाड्न नसक्ने, जातिगत पेशालाई प्राथमिकता दिने, आधुनिक प्रविधिको प्रयोग गर्न नमान्ने आय आर्जनमा महिलाहरूलाई समावेश नगराउने, वाह्य रोजगारीको लागि जान नमान्ने जस्ता कारण पनि न्यून आम्दानी भएको पाइयो ।

(ज) लक्षित आय आर्जन कार्यक्रमको फितलो कार्यन्वयन : आम्चोक गाँउपालिकामा गरिवी निवारण कार्यक्रम सञ्चालन भइरहेको पाइयो तर त्यो कार्यक्रम लक्षित न्यून आम्दानी भएका समूह भन्दा पनि राजनैतिक पहुच तथा गाँउका शिक्षित वर्गको हातमा भएको पाइयो । जसका कारण गाउपालिका तथा अन्य संघसस्था बाट आउने अनुदान पनि लक्षित समुह भन्दा पहुजवाला वर्गलाई गएको भन्ने गुनासो लक्षित सहूको पाइयो ।

### **४.४.२ आम्दानी वृद्धि गर्ने उपाय (Measures of Increas Income)**

यस अध्ययनको लागि छनोटमा परेको घरपरिवारहरूको विभिन्न कारणले न्यून आम्दानी भएको पाइयो । यी न्यून आम्दानी हुने परिवारहरूको आम्दानी वृद्धि गर्न सकिन्छ ? भन्ने विषयमा समुह छलफलद्वारा विभिन्न उपायहरू प्राप्त भएका छन् । जुन् निम्नानुसार उल्लेख गरिएका छन् ।

(क) आन्तरिक सोचमा परिवर्तन : निम्न आम्दानी भएका घरपरिवारहरू आफ्नो आम्दानी वृद्धि गर्ने कुनै व्यवसायीक सोच तथा योजना कसैको पनि भएको पाइएन यसर्थ यी परिवारहरूले आम्दानी वृद्धि गर्न सर्वप्रथम आर्थिक रुपमा सक्रिय व्यक्तिहरूको आर्थिक उन्नतिको लागी व्यवसाय वा काम गर्ने दृढ संकल्प र इच्छाशक्तिका साथै दीर्घकालीन व्यवसायिक योजना बनाई सोहि बमोजिम कार्य गर्ने सोच राख्नुपर्दछ ।

(ख) पेशागत विशिष्टीकरण : छनोटमा परेका न्यून आम्दानी भएका घरपरिवारहरूले परम्परागत पेशा प्रणाली, मिश्रित पेशाप्रणाली अपनाउने गरेका छन् । जसका कारण उनीहरूको न्युन आम्दानी भएको पाइयो तर आम्दानी वृद्धि गर्न पेशागत विशिष्टीकरण, श्रम विभाजन तथा व्यवसायिक दक्षता अभिवृद्धि गर्नुपर्दछ । यसरी न्यून आम्दानी भएका परिवारहरूको आम्दानी वृद्धि गर्न पेशागत विशिष्टीकरणद्वारा उत्पादित वस्तुहरूको बजारीकरण गरी आय वृद्धि गर्न सक्दछन् ।

(ग) आन्तरिक उत्पादनलाई प्रोत्साहन : न्यून आम्दानी भएका घरपरिवारहरुको न्यून उत्पादन, आयातित वस्तुहरुको प्रयोगमा वृद्धि गरिरहेको पाइयो । जसको कारण उनीहरूको आम्दानीको ठुलो हिस्सा बाहिरिहेको छ तर यी घरपरिवारहरूले दैनिक उपभोग्य वस्तु तथा व्यावसायिक वस्तुहरू बढीभन्दा बढी उत्पादन गरी आयतको कटौती गर्दै निर्यातलाई प्रोत्साहन गर्न सकेमा आम्दानी वृद्धि हुन सक्छ ।

(घ) पूर्वाधारको विकास : पूर्वाधार विकास र आर्थिक विकासबीचमा सकारात्मक सम्वन्ध रहेको हुन्छ । तसर्थ यस अध्ययन क्षेत्रमा छनोटमा परेका न्यून आम्दानी भएका घरपरिवारहरूको आम्दानी वृद्धि गर्न बजार, यातायात, सञ्चार, तालिम केन्द्र, उद्योग, सिचाई, प्रविधि, बैंक, वित्तीय संघसस्था आदिको विकाससँगै आम्दानी पनि वृद्धि हुन्छ ।

(ङ) रोजगार तथा स्वःरोजगारमुलक कार्यक्रम सञ्चालन : न्यून आम्दानी भएका घरपरिवारहरू मौसमी बेरोजगार, अदृष्य बेरोजगारले ग्रसित र स्वःरोजगार बन्ने सोच नभएको पाइयो । तर यी छानोटमा परेका न्यून आम्दानी भएका परिवारहरूको आम्दानी वृद्धि गर्न कृषिमा आधुनिकीकरण, साना तथा ठूला उद्योगहरूको स्थापना, व्यावसायिक विकास तथा स्वःरोजगारमुलक तालिम, परामर्श कार्यक्रमहरू सञ्चालन गर्न सकेमा उनीहरु आर्थिक क्रियाकलापमा सहभागी भई आम्दानी वृद्धि गर्न सक्दछन् ।

(च) व्यावसायिक अनुदान तथा सुलभ व्याजदरमा ऋणको सुविधा : यस अध्ययनका लागी छनोटमा परेका न्यून अनम्दानी भएका घरपरिवारहरूले कुनै पनि व्यवसायिक अनुदान तथा ऋण लिएको पाइएन । आम्दानी वृद्धि गर्न लगानी पनि बढाउनु पर्दछ । तसर्थ न्यून आम्दानी भएका परिवारहरूको आम्दानी वृद्धि गर्न गाउँपालिका तथा सम्वन्धित संघसस्थाबाट व्यवसायिक अनुदान, बैंक तथा वित्तीय संघसस्थाले विना धितो सुलभ व्याजदरमा व्यावसायिक ऋण उपलब्ध गराउने साथै व्यावसायिक सफलता प्राप्त गर्ने व्यावसायीलाई प्रोत्साहन स्वरुप पुरस्कार, सम्मान गर्न सकेमा सवै व्यक्तिहरु आ-आफ्नो व्यावसायमा उत्साहका साथ लागि आफ्नो आम्दानी वृद्धि गर्न सक्दछन् ।

## ४.५ अध्ययनको सारांश (Summary of the Study)

यस अध्ययनको शीर्षक "आम्दानी र उपभोगबीचको सम्बन्धको अध्ययन" आम्चोक गाउँपालिका भोजपुर रहेको छ । यस अध्ययन कार्य सम्पन्न गर्नका लागि विभिन्न सैद्धान्तिक तथा अनुसन्धानात्मक साहित्यहरूको पुनरावलोकन, समस्याको खोज, अध्ययन साथै विभिन्न स्रोतबाट तथ्याङ्क संकलन गरि विस्तृत अध्ययन गरिएको छ । यस अध्ययनको साधारण उद्देश्य आम्दानी र खर्चबीचको सम्बन्धको तुलनात्मक अध्ययन गर्न रहेको छ भने अध्ययनमा समावेश भएका परिवारहरूको आम्दानी र खर्चको विश्लेषण गर्नु, परिवाहरूको उपभोग प्रवृत्तिको अध्ययन गर्नु र न्यून आम्दानी भएका परिवारहरूको न्यून आम्दानी हुनुका कारणहरू र आम्दानी वृद्धि गर्ने माध्यमहरूको खोजी गर्नु विशिष्ट उद्देश्यहरू रहेका छन् । प्रस्तुत उद्देश्यहरू पुरा गर्नका लागि आम्चोक गाँउपालिकाको वडा नं. २ मा बसोवास गर्ने ३५१ घरपरिवारहरूमध्ये ५३ घरपरिवार नमुनाको रुपमा छनोट गरीएको छ । यसरी छनोटमा परेका परिवारबाट सर्वे ढाँचाको माध्यम तथ्याङ्क संकलन गरी अध्ययन तथा विश्लेषण गरिएको थियो ।

यस अध्ययन कार्यलाई सु-सम्पन्न गर्नका लागि अध्ययन क्षेत्रको नमुना छनोट परेका घरपरिवारको पेशा, आम्दानीको स्रोत, खर्चको क्षेत्रहरू प्राप्त गर्न विभिन्न प्रश्नावली, सर्वेक्षण फाराम, प्रत्यक्ष अन्तर्वाता, प्रत्यक्ष अवलोकन र लक्षित समूह छलफल गरि प्राथमिक तथ्याङ्क संकलन गरिएको थियो भने द्वितीय तथ्याङ्क संकलन गर्न अर्थमन्त्रालय, नेपाल राष्ट्र बैंक, अन्तराष्ट्रिय मुद्रा कोष, विश्व बैंक, भोजपुर जिल्ला समन्वय समिति, भोजपुर जिल्लाको पार्श्वचित्र २०७५, आम्चोक खोज

दर्शन, आम्चोक गाउँपालिका साथै यस अध्ययन सँग सम्वन्धित प्रकाशित तथा अप्रकाशित तथ्याङ्कको सहायता लिइएको थियो । यसरी संकलन गरिएको तथ्याङ्कलाई तालिका, चित्र, तथा उपभोग प्रवृत्तिको माध्यमद्वारा व्याख्यात्मक तथा विश्लेषणात्मक विधिद्वारा विश्लेषण गरि नतिजा निकालिएको छ । जसको सारांशलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

(क) आम्चोक गा. पा. मा बसोबास गर्ने घरपरिवारहरू मुख्यतः कृषि, पशुपालन, ज्याला मजदुरी, सेवा/नोकरी, वैदेशिक रोजगार, व्यापार तथा औद्योगिक पेशामा संलग्न रहेको पाइयो । यी विभिन्न पेशाबाट आम्चोक गा. पा. को गत आ. व. २०७३/०७४ मा कुल आम्दानी रु. ५६,२३,५५,९७५ र कुल खर्च रु. ७१,१९,२९,०८५ रहेको पाइयो ।

(ख) छनोटमा परेका घरपरिवारहरू मुख्यतः कृषि, व्यापार, सेवा तथा ज्याला मजदुरी पेशामा संलग्न रहेको पाइयो । यी विभिन्न पेशाबाट छनोटमा परेका घरपरिवारको कुल आम्दानी रु. २,६०,६५,५०० र कुल खर्च रु. १,७४,५६,४२४ रहेको छ र पेशागतरुपमा कृषि पेशामा संलग्न घरपरिवारको कुल आम्दानी रु. १,४५,७९,१००, व्यापार व्यवसायमा संलग्न घरपरिवारको कुल आम्दानी रु. ५३,७७,४००, सेवामा संलग्न घरपरिवारको कुल आम्दानी रु. ३५,१६,००० र ज्याला मजदुरीमा संलग्न घरपरिवारको कुल आम्दानी रु. २२,९३,००० प्राप्त भएको पाइयो ।

(ग) अध्ययनमा रहेका परिवारहरूको आम्दानीको स्रोतहरूमा खेती किसान, पशुपंक्षी पालन, अनुदान, ज्याला मजदुरी, जागिर/नोकरी, वैदेशिक रोजगार, पेन्सन भत्ता तथा विभिन्न माध्यमबाट लिएको ऋण आदि पाइयो ।

(घ) छनोटमा परेका घरपरिवारहरूमध्ये ४३ घर कृषि, ५ घर सेवा, ३ घर व्यापार र २ घर ज्याला मजदुरी पेशामा संलग्न रहेको पाइयो भने कृषि पेशाबाट रु. १,४५,७९,१००, व्यापारबाट रु. ५६,७७,४००, सेवा/नोकरीबाट रु. ३५,१६,००० र ज्याला मजदुरीबाट रु. २२,९६,००० गरी कुल आम्दानी रु. २,६०,६५,५०० रहेको थियो ।

(ङ) स्थलगत सर्वेक्षणको छनोटमा परेका कुल ५३ घरपरिवारमध्ये एक लाखभन्दा कम आम्दानी भएका ७ घर, १ देखि ३ लाखसम्म आम्दानी भएका १५, ३ देखि ५ लाखसम्म आम्दानी भएका

१४, ५ देखि ७ लाखसम्म आम्दानी भएका ७, ७ देखि ९ लाखसम्म आम्दानी भएका २ र ९ लाखभन्दा बढी आम्दानी भएका ८ घरपरिवार रहेका छन् ।

(च) छनोटमा परेका घरपरिवारहरूको आम्दानीलाई मुख्यतः खाद्यन्न, लत्ताकपडा, शिक्षा, मनोरञ्जन, स्वास्थ्य तथा चाडपर्व जस्ता क्षेत्रमा खर्च गरेको पाइयो ।

(छ) नमुना छनोटमा परेका घरपरिवारहरूको पेशागत खर्चको अध्ययन गर्दा सबभन्दा बढी खर्च कृषि पेशामा संलग्न घरपरिवारहरूको रहेको पाइयो । कृषि पेशामा संलग्न घरपरिवारहरूको कुल खर्च रु. १,२०,२५,६९६ क्रमसः व्यापार पेशामा संलग्न घरपरिवारको खर्च रु. २२,४८,०००, सेवामा संलग्न घरपरिवारको खर्च रु. २१,९२,०५० र ज्याला मजदुरीमा संलग्न घरपरिवारको खर्च रु. ९,८८,५०० गरी जम्मा ५३ घरपरिवारको कुल खर्च रु. १,७४,५४,२४६ प्राप्त भयो ।

(ज) क्षेत्रगत खर्चलाई हेर्दा खाद्यन्नमा रु. ३९,०५,१००, शिक्षामा रु. ३५,३२,०५०, ऋण तिरेको रु. २७,९३,५००, समाज सेवा, इन्धन तथा फोन शुल्कमा रु. २१,०१,५५०, स्वास्थ्यमा रु. २०,१३,८००, चाडपर्वमा रु ८,११,०००, लत्ताकपडामा रु. ७,०५,७००, मनोरञ्जनमा रु. ३,१४,१००, करमा रु. ३०,६९६ र अन्य क्षेत्रमा रु. ५,६६,२५० खर्च भएको पाइयो ।

(झ) यस अध्ययनमा समावेश कुल ५३ घरपरिवारमध्ये ४१ घरपरिवारको आम्दानी बचत रहेको पाइयो । यी घरपरिवारहरूको कुल बचत रु. १,०२,२१,३४५ र प्रति घर औषत बचच रु. २,४९,३०१.३१७ रहेको पाइयो । त्यस्तै ऋणात्मक आम्दानी भएका १२ घरपरिवार पाइयो । यी घरपरिवारको कुल ऋणात्मक आम्दानी रु. १६,१०,१०० र प्रति घर औषत ऋणात्मक आम्दानी रु. १,३४,९७५ रहेको छ ।

(ञ) नमुना छनोटमा परेका घरपरिवारहरूको उपभोग प्रवृत्तिको विश्लेषणवाट कुल औषत उपभोग प्रवृत्ति ०.६६९ रहेको छ भने पेशागत औषत उपभोग प्रवृत्तिको अध्ययन गर्दा कृषि, सेवा, व्यापार र ज्यालामजदुरी पेशामा संलग्न घरपरिवारको औषत उपभोग प्रवृत्ति क्रमशः ०.८२५, ०.६२३, ०.३६९ र ०.४३१ रहेको पाइयो भने कुल सिमान्त उपभेग प्रवृत्ति ०.३४ र कृषि तथा सेवा पेशाको क्रमशः ०.५५ र ०.३५ रहेको पाइयो । यसरी घरपरिवारको पेशागत औषत तथा सिमान्त उपभोग प्रवृत्तिको अध्ययन गर्दा सबभन्दा बढी कृषि पेशाको पाइयो ।

(ट) यस अध्ययनका लागि छनोटमा परेका न्यून आम्दानी भएका परिवारहरूको आम्दानी वृद्धि गर्न आन्तरिक सोचमा सकारात्मक परिवर्तन, पेशागत विशिष्टीकरण, आन्तरिक उत्पादनमा प्रोत्साहन, पूर्वाधारको विकास, रोजगार तथा स्वःरोजगारमूलक कार्यक्रम सञ्चालन र व्यावसायिक अनुदान तथा सुलभ व्याजदरमा ऋण सुविधा प्रदान गर्न सकेमा आम्दानी वृद्धि हुने पाइयो ।

## अध्याय पाँच : निष्कर्ष र सुझावहरू (Chapter Five : Conclusion And Recommendations)

यस अध्ययनको पाँचौ अध्ययनमा अध्ययन क्षेत्र भोजपुर जिल्ला आम्चोक गाउँपालिका वडा नं. २ मा बसोबास गर्ने घपरिवारहरूमध्ये ५३ घरपरिवारको आर्थिक वर्ष २०७३/७४ का आधारमा विभिन्न तथ्याङ्कका साधनहरूबाट संकलित आम्दानी र खर्चको तथ्याङ्कको विश्लेषण गरिएको छ। यस अध्याय पाँचमा अध्याय चारमा गरिएको तथ्याङ्क विश्लेषण र व्याख्याको सारांश, प्राप्त तथ्याङ्कको विश्लेषणबाट प्राप्त निष्कर्षको आधारमा आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ।

### ५.१ निष्कर्ष र सुझावहरू (Conclusion and Recommentations)

यस अध्ययनमा भोजपुर जिल्ला आम्चोक गाउँपालिकाको वडा नं. २ मा बसोबास गर्ने घरपरिवारहरूमध्ये नमुना छनोटमा परेका घरपरिवारहरूको गत आर्थिक वर्ष २०७३/७४ को आम्दानी र खर्चबीचको तुलनात्मक अध्ययन तथा विश्लेषण गरिएको छ। यस अध्ययनको उद्देश्यलाई पूरा गर्नका लागि प्राथमिक तथा द्वितीय स्रोतमार्फत सुचना तथा तथ्याङ्क संकलन गरी समावेश गरिएको छ। यस अध्यायमा अध्ययनको विश्लेषणको आधारमा पत्ता लगाइएका निष्कर्ष र आवश्यक सुझावहरूलाई समावेश गरिएको छ।

#### ५.१.१ निष्कर्ष (Conclusion)

भोजपुर जिल्ला आम्चोक गाउँपालिका वडा नं. २ मा बसोबास गर्ने घरपरिवारहरूको आम्दानी र खर्चबीचको सम्बन्धको अध्ययन तथा विश्लेषणबाट प्राप्त भएको प्राप्तीको निष्कर्षलाई निम्नानुसार बुँदाबद्ध गरिएको छ :

(क) अध्ययन क्षेत्रको मुख्य आम्दानीको क्षेत्रहरूमा कृषि, पशुपालन, ज्याला मजदुरी, सेवा/नोकरी, वैदेशिक रोजगार, व्यपार/व्यवसाय, उद्योगधन्दा, कर तथा अनुदान रहेको पाइयो भने खर्चका क्षेत्रहरूमा खाद्यन्न, शिक्षा, स्वास्थ्य, लत्ताकपडा, मनोरञ्जन, मर्मतसंहार खर्च, चन्दा, इन्धन, फोन शुल्क आदि पाइयो।

(ख) आम्चोक गा. पा. को आ. व. २०७३/७४ मा कुल आम्दानी रु. ५६,२३,५५,९७५ र कुल खर्च रु. ७१,१९,२९,०८५ रहेको थियो। यहाँ आम्दानी र खर्चको तुलनात्मक अध्ययन गर्दा आम्दानी भन्दा खर्च रु. १४,९५,७३,११० ले बढी रहेको थियो तर नमुना छनोटमा परेका घरपरिवारहरूको

आम्दानी र उपभोगको तुलनात्मक अध्ययन गर्दा यसको विपरीत खर्च भन्दा आम्दानी बढी अर्थात बचत रु. ८६,११,२५४ रहेको पाइयो ।

(ग) नमुना छनोटमा परेका घरपरिवारहरूको पेशागत विशिष्टिकरण पाइएन । जस्तैः एउटै परिवारमा कृषि, व्यापार, पशुपालन, ज्याला मजदुरी आदि पेशामा संलग्न रहेको पाइयो तर जुन पेशाबाट बढी आम्दानी प्राप्त हुन्छ त्यसै पेशालाई आफ्नो मुख्य पेशाको रुपमा लिएको पाइयो । छनोटमा परेका घरपरिवारहरूको मुख्य पेशा कृषि, व्यापार, सेवा/नोकरी तथा ज्याला मजदुरी रहेको पाइयो ।

(घ) अध्ययनमा रहेका घरपरिवारको आम्दानीको मुख्य स्रोत कृषि, पशुपंक्षी पालन, जागिर, ज्याला मजदुरी, वैदेशिक रोजगार, पेन्सन भत्ता, अनुदान तथा विभिन्न स्रोतबाट प्राप्त ऋण आदि रहेको छ तर औद्योगीक व्यावसायबाट आय आर्जन गरेको पाइएन भने खाद्यन्न, लत्ताकपडा, शिक्षा, स्वास्थ्य, मर्मतसंहार, चाडपर्व, कर, इन्धन, यातायात शुल्क, फोन शुल्क जस्ता प्रथमिक क्षेत्रमा खर्च भइरहेको पाइयो ।

(ङ) नमुना छनोटमा परेको घरपरिवारहरूमध्ये ८१.१३ प्रतिशत घर कृषि पेशामा र गैरकृषि पेशा जस्तैः व्यापार, सेवा, ज्याला मजदुरीमा १८.८७ प्रतिशत घरपरिवार संलग्न रहेका छन् । तर कृषि पेशामा आवद्ध परिवारहरू भन्दा गैरकृषि पेशामा संलग्न घरपरिवारहरूको आम्दानी, उपभोग र बचतको अनुपात उच्च रहेको पाइयो जुन अर्थशास्त्री जे. एम. किन्सको उपभोक्ताको मनोवैज्ञनिक सिद्धान्त अनुसार नै रहेको छ ।

(च) छनोटमा परेका घरपरिवारहरूको कुल आम्दानीको ६६.९७ प्रतिशत उपभोग र बचत ३३.०३ प्रतिशत रहेको पाइयो जुन बचतदर वर्तमान नेपालको बचतदर भन्दा बढी हो । केन्द्रिय तथ्याङ्क विभाग (२०७६) द्वारा प्रकाशीत तथ्याङ्कको आधारमा नेपालको कुल बचत २०.४८ प्रतिशत मात्र रहेको छ । त्यस्तै छनोटमा परेका परिवारहरूको प्रति व्यक्ति आम्दानी रु. ८९,८८१.०३ रहेको पाइयो यो नेपालको प्रतिव्यक्ति आम्दानी भन्दा  रु. २५,६३६.७९ ले न्यून हो । हाल नेपालको प्रति व्यक्ति आम्दानी रु. १,०३४ डलर अर्थात रु. १,१५,५१८ रहेको छ ।

(छ) नमुना छनोटमा परेका घरपरिवारहरूको आ. व. २०७३/०७४ को पेशागत आम्दानी तथा खर्चको अध्ययन गर्दा सबभन्दा बढी आम्दानी कृषि पेशाबाट कुल आम्दानीको ५५.९३ प्रतिशत,

व्यापारबाट २१.७८ प्रतिशत, सेवाबाट १३.४९ प्रतिशत र ज्याला मजदुरीबाट ८.८० प्रतिशत भएको पाइयो तर केन्द्रिय तथ्याङ्क विभाग (२०७६) को अनुसार कृषि क्षेत्रको जिडिपीमा योगदान २७.०३ प्रतिशत रहेको छ। यसर्थ कृषि क्षेत्रको जिडिपीमा योगदान २७. ०३ प्रतिशत भन्दा उच्च रहेको छ। त्यस्तै खर्च पनि कृषि पेशामा कुल आम्दानीको ६८.९० प्रतिशत, व्यापार व्यवसायमा १२.८८ प्रतिशत, सेवामा १२.२५ प्रतिशत र ज्याला मजदुरीमा ५.६६ प्रतिशत रहेको पाइयो। यसरी पेशागत आम्दानी र खर्चलाई हेर्दा कृषि पेशाबाट प्राप्त आम्दानी भन्दा खर्च बढी रहेको देखिन्छ भने अन्य पेशामा हुने खर्चभन्दा आम्दानी बढी पाइयो। यस आधारमा यो भन्न सकिन्छकी यदी घरपरिवारहरूको आम्दानी तथा उपभोगस्तर वृद्धि गर्ने हो भने गैरकृषि पेशा अंगाल्नु पर्दछ।

(ज) अध्ययनमा रहेका घरपरिवारहरूको आ. व. २०७३/०७४ को आम्दानीलाई औषतमा अध्ययन गर्दा बचत भए पनि तुलनात्मक अध्ययन गर्दा बचत आम्दानी भएका ४१ घर मात्रै पाइयो। यी बचत आम्दानी भएका परिवारहरू कुल आम्दानी रु. २,३२,९२,००० र कुल खर्च रु. १,३०,७०,६४६ तथा कुल बचत रु. १,०२,२१,३५४ छ भने औषत बचत रु. २,४९,३०१.३१७ रहेको पाइयो। त्यस्तै घाटा आम्दानी भएका १२ घरपरिवारहरूको कुल आम्दानी रु. २७,७३,५००, कुल खर्च रु. ४३,८३,६०० पाइयो भने कुल घाटा आम्दानी रु. १६,१०,१०० र प्रतिव्यक्ति घाटा आम्दानी (ऋण) रु. २४,०३१.३४ रहेको पाइयो। यो नेपालको प्रतिव्यक्ति ऋण भन्दा रु. ४९३१.६५ ले कमि हो हाल नेपालको चालु आर्थिक वर्ष २०७४/७५ प्रथम आठ महिना सम्ममा प्रतिव्यक्ति ऋण रु. २८,९६३ पुगेको छ।

(झ) छनौटमा परेका घरपरिवारहरू पेशागत आम्दानी र उपभोगबीचको सीआन्त उपभोग प्रवृत्तिका आधारमा कृषिमा आवद्ध परिवारको बचत ०.४५ प्रतिशत रहेको छ। त्यसैगरी सेवामा आवद्ध परिवारहरूको बचत आम्दानी ०.६५ प्रतिशत र कुल ५३ घरपरिवारको वचत आम्दानी ०.६६ प्रतिशत रहेको पाइयो। यसको आधारमा परिवारहरूको जीवनस्तर उच्च वनाउनका लागी गैरकृषि पेशामा लाग्ने अथवा कृषि पेशालाई सुदृढीकरण गरी व्यवसायीक वनाउनुपर्ने देखिन्छ

(ञ) यस अध्ययनमा न्यून आम्दानी भएका घरपरिवारहरूको आम्दानी न्यून हुनुका मुख्य कारण पूँजीको अभाव, अशिक्षा, वेरोजगार, कृषिमा निर्भरता, उच्च आश्रित जनसंख्या तथा परम्परागत

मूल्यमान्यता जस्ता रहेको पाइयो भने आम्दानीको वृद्धि गर्न सोचमा परिवर्तन, पेशागत विशिष्टीकरण, आन्तरिक उत्पादनलाई प्रोत्साहन, पूर्वाधारको विकास, स्वःरोजगारमूलक तालिम कार्यक्रम सञ्चालन तथा व्यवसायिक अनुदान र सहुलियत ऋण सुविधा उपलब्ध गराउन सकेमा आम्दानी वृद्धि हुने देखिन्छ ।

### ५.१.२ सुझावहरू (Recommendations)

यस अध्ययनमा आम्चोक गाउँपालिका वडा नं. २ को नमुना छनोटमा परेका घरपरिवारहरूको आम्दानी र उपभोगबीचको तुलनात्मक अध्ययन गरिएको छ । यस अध्ययन अनुसार आर्थिक विकास तथा उच्च जीवनस्तर हासिल गर्नको लागि घरपरिवार, व्यवसायी, नीति निर्माता एवं यस अध्ययन क्षेत्रसँग जोडिनुहुने सम्वन्धित सरोकारवाला व्यक्ति तथा निकायहरूलाई यस अध्ययनको निष्कर्ष वा प्राप्तिका आधारमा सुझावहरू पेस गरिएका छन् :

#### ५.१.२.१ नीति सम्बन्धी सुझावहरू (Policy Related Recommendations)

आम्दानी वृद्धिसँगै उपभोग वा खर्च पनि बढ्दै जान्छ। यसरी आम्दानी वढ्दै जादा विवेकताकासाथ उपभोग वा खर्च गरी बचत आम्दानीको व्यवस्थापन तथा परिचालन गर्दै आर्थिक विकास गर्नका लागि नीतिगत सुझावहरू निम्नानुसार पेस गरिएको छ :

(क) यस अध्ययन क्षेत्रमा मिश्रित, मौसमी तथा निर्वाहमुखी पेशा अपनाएको पाइयो । यसले गैरआर्थिक क्रियाकलाप (विनिमय, वाडिखाने र वडि भको नस्ट गर्ने) लाई प्राथमिकता दिइ आर्थिक क्रियाकलापलाई निष्क्रिय वनाइरहेको पाइयो र यो आर्थिक क्रियाकलापको सक्रियता र विकासको अवरोध वनिरहेको पाइयो । यसर्थ सर्वप्रथम यस अध्ययन क्षेत्रमा बसोवार गर्ने घरपरिवारहरूको पेशा तथा व्यवसायिक विशिष्टीकरण गरी उत्पादित वस्तुको मूल्य निर्धारण, बजारीकरण, व्यवसायिक तालिम कार्यक्रम, व्यवसायिक विमा, अनुदान तथा सहुलियत ऋण उपलब्ध नीति निर्माण गरी कार्यन्वयन सम्वन्धित गाउँपालिकाले गर्नु पर्ने देखिन्छ ।

(ख) यस अध्ययनमा समावेश कुल घरपरिवारमध्ये ८१.१३ प्रतिशत कृषि पेशामा संलग्न रहेको पाइयो तर उनीहरूको आम्दानी र खर्चको तुलनात्मक अध्ययन गर्दा गैरकृषि पेशामा संलग्न २२.६४ प्रतिशत घरपरिवारको आर्थिक स्थिति उच्च रहेको पाइयो । यसर्थ कृषि पेशामा संलग्न परिवारहरूको जीवनस्तर थप उच्च वनाउन सामुहिक कृषि प्रणाली, व्यावसायिक तथा आधुनिक

कृषि, हावा, पानी र माटो अनुसारको विउ, मल, सिचाई तथा प्रविधिको उपलब्धता, कृषि तालिम, कृषि विमा, अनुदान र ऋणको व्यवस्थापन गाउँपालिका वा सम्बन्धित निकायले गर्नुपर्ने देखिन्छ साथै गैरकृषि पेशामा संलग्न परिवारहरूको व्यावसायिक व्यवस्थापन, बजारीकरण गर्नुपर्ने देखिन्छ ।

(ग) औषत आम्दानी र खर्चको तुलनात्मक अध्ययन गर्दा प्रति घरपरिवारको औषत बचत रु. १,६२,४७६.४९ रहेको पाइयो । तर नमुना छनोटमा परेका १४.४८ प्रशिरत जनसंख्याको न्यून आम्दानी रहेको छ । यी न्यून आम्दानी भएको व्यक्तिहरूको प्रतिव्यक्ति आम्दानी रु. १३,२५४.७६ रहेको पाइयो । यसर्थ यी न्यून आम्दानी वृद्धि गर्न गाउँपालिका वा सम्वन्धित संघसस्थाले व्यावसायिक दक्षता वृद्धि, सीपमूलक तथा लक्षित समुह कार्यक्रम व्यावसायिक करमा छुट, विशेष अनुदान तथा व्यवसायिक ऋण मिनाहा गरी उनीहरूको आर्थिक स्थिति सुधारमा प्रत्यक्ष सहयोग गर्नुपर्ने देखिन्छ ।

### ५.१.२.२ प्रयोगात्मक क्षेत्रसँग सम्वन्धित सुझावहरू (Practice Related Recommendations)

आम्चोक गाउँपालिका वडा नं. २ को आ. व. २०७३/७४ को आम्दानी र खर्चबीचको तुलनात्मक सम्वन्धको अध्ययन पश्चात घरपरिवारहरूको आर्थिक विकास गरी जीवनस्तर उच्च वनाउनको लागि प्रयोगात्मक पक्ष सुधार सम्वन्धी निम्नानुसार बुँदागत रुपमा उल्लेख गरीएका छन् :

(क) व्यक्तिहरूको जीवनस्तर उच्च वनाउन वा आर्थिक विकासका लागि पेशागत वा व्यावसायिक विशिष्टीकरणको साथसाथै दक्षता अभिवृद्धि गर्न व्यावसायिक तालिम, आदर्शतम् साधनस्रोतको परिचालन, लगानीको सुनिश्चितता र बजारीकरणको विकास गर्नकालागी स्थानिय सरकारले पूर्वाधार तथा जनशक्तिका विकास गर्नुपर्ने देखिन्छ ।

(ख) अध्ययन क्षेत्रमा आम्दानीको ठूलो हिस्सा उपभोग र अनुत्पादक क्षेत्र जस्तैः विवाह, ब्रतवन्ध, धर्मकर्म, घरजग्गा तथा विलाशीताका सामाग्रीहरूमा भइरहेको छ, यसलाई कटौती गरी उत्पादनमूलक र दीर्घकालीन क्षेत्र जस्तै :- शिक्षा, व्यावसायिक आधुनिकीकरणका लागि आवश्यक साधनस्रोतहरू तथा व्यवसायिक दक्षता अभिवृद्धिमा लगानी गनुपर्ने देखिन्छ ।

(ग) संघ तथा प्रदेशद्वारा उच्च र न्यून आम्दानी भएका घरपरिवारहरू पहिचान गरी उच्च आम्दानी भएका परिवारहरूबाट कर उठाउने र न्यून आम्दानी भएका परिवारहरूको आर्थिक उन्नतिका

लागि व्यावसायिक करमा छुट साथै अनुदान, सहयोग तथा व्यवसायिक फ्रि-विमा नीति निर्माण गरी स्थानिय निकायलाई कार्यन्वयन गर्न लगाई आर्थिक असमानता कम गर्नुपर्ने देखिन्छ ।

(घ) नमुना छनोटमा परेका जनसंख्यामध्ये १४.४८ प्रतिशत को न्यून आम्दानी रहेको छ । यी घरपरिवारको आम्दानी वृद्धि गर्न सम्वन्धित वडा तथा गाउँपालिकाद्वारा अन्धविश्वाश, परम्परागत मूल्यमान्यताको उन्मुलन, व्यवसायिक तथा प्राविधिक शिक्षा, तालिम, विभिन्न रोजगारमूलक कार्यक्रम सञ्चालन र व्यवसायिक अनुदान तथा सहुलियत ऋण उपलब्ध गराउनु पर्ने देखिन्छ ।

### ५.१.२.३ आगामी अनुसन्धान सम्बन्धी सुझावहरू (Further Research Related Recommendations)

यो अध्ययन आम्चोक गाउँपालिका वडा नं. २ मा बसोबास गर्ने घरपरिवारमध्ये नमुना छनोटमा परेका घरपरिवारको आर्थिक वर्ष २०७३/७४ को आम्दानी र खर्चबीचको तुलनात्मक अध्ययनमा सीमित गरिएको छ । वर्तमान समयमा विश्वका केहि विकासशील देशबाहेक अन्य विकासशील तथा अल्पविकासशील राष्ट्रहरूको आम्दानी र खर्चबीचको असमानता दिनानुदिन बढ्दै गइरहेको छ । यसर्थ यो एउटा वर्तमान आर्थिक मुद्दाको रुपमा उभिरहेको छ । नेपालको चालु आर्थिक वर्ष २०७४/७५ प्रथम आठ महिना सम्ममा प्रतिव्यक्ति ऋण रु. २८,९६३ पुगेको छ तसर्थ आगामी आम्दानी र खर्चसँग अध्ययन अनुसन्धान गर्न चाहने व्यक्ति तथा संघसस्थाहरूका लागी निम्न सुझावहरू प्रस्तुत गर्दछु :

(क) यो अध्ययन आम्चोक गाउँपालिका वडा नं. २ मा बसोबास गर्ने घरपरिवारहरूको आम्दानी र खर्चबीचको तुलनात्मक अध्ययन गर्ने क्रममा आ. व. २०७३/७४ को तथ्याङ्कमा मात्र सीमित गरिएको छ । यस बाहेक सोहि स्थानका परिवारहरूको २ वा सो भन्दा बढी आर्थिक वर्षको आम्दानी र खर्चबीचको तुलनात्मक अध्ययन गर्न सकिन्छ ।

(ख) समग्रमा भोजपुर जिल्ला र आम्चोक गाउँपालिकाको आम्दानी र खर्चबीच तुलनात्मक अध्ययन गर्न सकिन्छ ।

(ग) जातिगत आम्दानी र खर्चबीच तुलनात्मक अध्ययन गर्न सकिन्छ ।

(घ) आम्चोक गाउँपालिकाले न्यून आम्दानी भएका घरपरिवारको आर्थिक स्थिति सुधारका लागि भएका पहलहरूको लागत, लाभ तथा प्रभावकारिताको अध्ययन गर्न सकिन्छ ।

# अनुसूची १ (Appendix 1)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रिय विभाग कीर्तिपूर, काठमाण्डौ

पारिवारिक आम्दानी, उपभोग तथा पेशा विवरण फाराम

घर संख्या : .................. मिति : २०७५ / /

घरमूलीको नाम : .............................. ठेगाना : ...............

फोन नं : ........................... पेशा : .................

परिवार संख्या : ........ पु :...... म :........ ण धर्म :.............

| क्र. सं. | आय विवरण (उत्पादन, विक्रि सहित) | रु मा | क्र. सं. | व्यय विवरण (उपभोग, खरिद) | रु मा |
|---|---|---|---|---|---|
| १ | कृषि | | १ | खाद्यन्न | |
| क | अन्न बाली | | क | अन्न बाली | |
| i | मकैं | | i | मकैं | |
| ii | कोदो | | ii | कोदो | |
| iii | धान | | iii | धान | |
| iv | गहुँ | | iv | गहुँ | |
| v | फापर | | v | फापर | |
| vi | अन्य | | vi | चामल | |
| ख | दलहन बील | | ख | दलहन बाली | |
| i | दालवोडी | | i | दालवोडी | |
| ii | चनामटर | | ii | चनामटर | |
| iii | अन्य | | ग | तेल | |
| ग | तेलहन बाली | | घ | घ्यूँ | |
| i | तोरी | | ङ | नुन | |
| ii | सर्शिउँ | | च | चिया, चिनि | |
| iii | तील | | छ | मसला | |
| iv | अन्य | | ज | तरकारी | |
| घ | तरकारी | | झ | माछा मासु | |
| ङ | मसला | | ञ | फलफूल | |
| २ | नगदे बाली | | २ | लत्ताकपडा | |
| i | अलैंची/अम्लिसो | | ३ | शिक्षा | |
| ii | माछा मासु | | ४ | स्वास्थ्य उपचार | |
| iii | अदुवा | | ५ | चाडपर्व | |
| iv | खुर्सानी | | ६ | मनोरञ्जन | |

| | | | | | |
|---|---|---|---|---|---|
| v | फलफूल | | ७ | फोन शुल्क | |
| vi | अन्य | | ८ | विद्युत शुल्क | |
| ३ | पशुपंक्षी पालन | | ९ | इन्धन शुल्क | |
| i | बाखा | | १० | यातायात शुल्क | |
| ii | भैसीराँगा | | ११ | सहयोग/चन्दा (दिएको) | |
| iii | गाईगोरू | | १२ | अनुदान (दिएको) | |
| iv | सुँगुर | | १३ | पुरस्कार (दिएको) | |
| v | कुखुरा | | १४ | कर (घरजग्गा, व्यवसायिक तथा अन्य) | |
| vi | परेवा | | १५ | पुनर्निमाण तथा मर्मत संहार खर्च | |
| vii | अन्य | | १६ | सामाजिक सेवा खर्च | |
| ४ | व्यपार/व्यवसाय | | १७ | क्षतिनोक्सान | |
| ५ | जागिर | | १८ | ऋण तिरेको | |
| ६ | ज्याला/मजदुरी | | १९ | अन्य विविध खर्च | |
| ७ | पेन्सन/भत्ता | | | | |
| ८ | वैदेशिक रोजगार | | | | |
| ९ | सहयोग/चन्दा (पाएको) | | | | |
| १० | अनुदान (पाएको) | | | | |
| ११ | ऋण (लिएको) | | | | |
| १२ | पुरस्कार (पाएको) | | | | |
| १३ | क्षतिपुर्ति (पाएको) | | | | |
| १४ | अन्य विविध स्रोत | | | | |
| | जम्मा | | | जम्मा | |

.............................

सुचनादाताको हस्ताक्षर

## **अनुसूची २ (Appendix 2)**

लक्षित समुह छलफल निर्देशिका

लक्षित समुह छलफलका लागि तयार गरिएको सूची

(१) आम्दानीको स्रोतहरू

(२) खर्चका क्षेत्रहरू

(३) आम्दानी न्यून हुनुका कारणहरू

(४) आम्दानी वृद्धि गर्ने उपायहरू

## अनुसूची ३ (Appendix 3)

# Marginal Propensity to Consume

(i)Total Household

Calculation of regression equation

| Y | C | CY | $Y^2$ |
|---|---|---|---|
| $\sum Y$ =26065500 | $\sum C$ = 17454246 | $\sum CY$ = 12597871923000.00 | $\sum Y^2$ =24465325070000.00 |

Here, n = 53

Where,

Y = Income

C= Consumption

The regression equation of C on Y is

C = a + bY ……. (a)

For a and b solve two normal equations

$\sum C = na + b\sum Y$ ……. (i)

$\sum CY = a\sum Y + b\sum Y^2$ …….(ii)

Substituting the values

17454246 = 53 a + 26065500 b …….(i)

12597871923000.00 = 26065500 a + 24465325070000.00 b …….(ii)

Multiplying equation (i) by 26065500, (ii) by 53 and subtracting (i) from (ii),

454953649113000 = 1381471500 a + 679410290250000 b

_ 667687211919000.00 = _ 1381471500 a + _ 1296662228710000.00 b

-212733562806000.00 = -617251938460000.00 b

$$\text{or } b = \frac{-212733562806000.00}{-617251938460000.00}$$

∴ b = 0.34

Substituting the value of b in equation (ii)

or 17454246 = 53 a + 26065500 (0.34)

or 17454246 = 53 a + 8983376.70

or 53 a = 17454246 - 8983376.70

or a = $\frac{8470869.3}{53}$

∴ a = 159827.72

Substituting the value of a and b in equation C = a + bY ……. (i),

∴ C = 159827.72 + 0.34Y

## (ii) Agriculture

Calculation of regression equation

| Y | C | CY | $Y^2$ |
|---|---|---|---|
| $\sum Y$ =14579100 | $\sum C$ =12025696 | $\sum CY$ =5467547423000.00 | $\sum Y^2$ =7468971810000.00 |

Here, n = 43

Where,

Y = Income

C= Consumption

The regression equation of C on Y is

C = a + bY ……. (a)

For a and b solve two normal equations

$\sum C = na + b\sum Y$ ……. (i)

$\sum CY = a\sum Y + b\sum Y^2$ ……. (ii)

Substituting the values

12025696 = 43 a + 14579100 b ……. (i)

5467547423000.00 = 14579100 a + 7468971810000.00 b ……. (ii)

Multiplying equation (i) by 14579100, (ii) by 43 and subtracting (i) from (ii),

175323824553600.00 = 626901300 a + 212550156810000.00 b

_ 235104539189000.00 = _ 626901300 a + _ 321165787830000.00 b

-59780714635400.00 = -108615631020000.00 b

or b = $\frac{-59780714635400.00}{-108615631020000.00}$

∴ b = 0.550387767

Substituting the value of b in equation (i)

or 12025696 = 43 a + 14579100 (0.55)

or 12025696 = 43 a + 8024158.296

or 43 a = 12025696 - 8024158.296

or a = $\frac{4001537.7}{43}$

∴ a = 93059.01637

Substituting the value of a and b in equation C = a + bY ……. (i),

∴ C = 93059.01 + 0.55Y

## (iii) Service sector

Calculation of regression equation

| Y | C | CY | $Y^2$ |
|---|---|---|---|
| $\sum Y$ =3516000 | $\sum C$ =2192050 | $\sum CY$ =1879099800000.00 | $\sum Y^2$ =3449497500000.00 |

Here, n = 5

Where,

Y = Income

C= Consumption

The regression equation of C on Y is

C = a + bY ……. (a)

For a and b solve two normal equations

$\sum C = na + b\sum Y$ ……. (i)

$\sum CY = a\sum Y + b\sum Y^2$ ……. (ii)

Substituting the values

2192050 = 5 a + 3516000 b ……. (i)

1879099800000.00 = 3516000 a + 3449497500000.00 b ……. (ii)

Multiplying equation (i) by 3516000, (ii) by 5 and subtracting (i) from (ii),

7707247800000 = 17580000 a + 12362256000000 b

_ 9395499000000.00 = _ 17580000 a + _ 17247487500000.00 b

-1688251200000.00 = -4885231500000.00 b

$$\text{or } b = \frac{-1688251200000.00}{-4885231500000.00}$$

$\therefore$ b = 0.35

Substituting the value of b in equation (i)

or 2192050 = 5 a + 3516000 b (0.35)

or 2192050 = 5 a + 1215068.56

or 5a = 2192050 - 1215068.56

$$\text{or } a = \frac{976981.44}{5}$$

$\therefore$ a = 195396.29

Substituting the value of a and b in equation C = a + bY ……. (i),

$\therefore$ C = 195396.29 + 0.35Y

## सन्दर्भ सूची (References)


अर्थमन्त्रालय (२०७४), *आर्थिक सर्वेक्षण २०७३/०७४,* काठमाडौं : अर्थ मन्त्रालय, नेपाल सरकार ।

अर्थमन्त्रालय (२०७५), *आर्थिक सर्वेक्षण २०७४/०७५,* काठमाडौं : अर्थ मन्त्रालय, नेपाल सरकार ।

अर्थमन्त्रालय (२०७६), *आर्थिक सर्वेक्षण २०७५/०७६,* काठमाडौं : अर्थ मन्त्रालय, नेपाल सरकार ।

अधिकारी, रमेश प्रसाद र दाहाल, गंगाघर (२०७२), *अर्थशास्त्र २०७२,* काठमाडौं : अस्मिता बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स प्रा. लि. ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय (२०७२), *नेपालको संविधान २०७२,* काठमाडौं : कानून किताब व्यवस्था समिति, नेपाल सरकार ।

केन्द्रिय तथ्याङ्क विभाग (२०६९), *राष्ट्रिय जनगणना २०७२,* काठमाडौं : केन्द्रिय तथ्याङ्क विभाग, थापाथलि, नेपाल सरकार ।

जिल्ला समन्वय समिति (२०७५), *भोजपुर जिल्लाको पार्श्वचित्र २०७५,* भोजपुर : जिल्ला समन्वय समिति, भोजपुर ।

नेपाल राष्ट्र बैंक (२०७५), *मौद्रिक नीति २०७५/०७६,* काठमाडौं : राष्ट्र बैंक, नेपाल सरकार ।

पौडेल, मिनराज (२०७१), *बृहत अर्थशास्त्र २०७१,* काठमाडौं : एम्. के. प्रकाशन र वितरक, भोटाहिटी, काठमाडौं ।

बराल, जनार्दन (२०७६ वैशाख १४), *नेपालको आर्थिक वृद्धि ७ प्रतिशत नजिक* । नयाँ पत्रिका दैनिक ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद (२०७६), *वार्षिक नीति तथा कार्यक्रम २०७५/०७६,* प्रदेश नं. १, बिराटनगर : मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यलय ।

राष्ट्रिय योजना आयोग (२०५९), *दशौं पञ्चवर्षीय योजना २०५९/६४,* काठमाडौं : राष्ट्रिय योजना आयोग, नेपाल सरकार ।

राष्ट्रिय योजना आयोग (२०७४), *१४ औं योजना २०७४/७६,* काठमाडौं : राष्ट्रिय योजना आयोग, नेपाल सरकार ।

संघीय तथा सामान्य प्रशासन मन्त्रालय (२०७५), *निवृत्तिभरण कोष विधेयक २०७५,* काठमाडौं : संघिय तथा सामान्य प्रशासन मन्त्रालय, नेपाल सरकार ।

सिंह, नागेश्वर (२०६७), *शिक्षाका आधारहरु,* काठमाण्डौं : पैरवी प्रकाशन, पुतली सडक, काठमाण्डौ ।

Friendman, M. (1930), *A Monetary Theory of National Income 1930*. Journal of Political Economy, USA.

International Monetary Found (2017). *World Economy Outlook 2017.* World: Washington D. C. of America.

Keynes, J.M. (1936), *The General Theory of Employment Interest and Money 1936*, Harcount Brance and Co; New York.

Marx, Karl (1961). *The Theory of Economics Growth 1961,* Guilford Press, https://www.jstor.org/stable/40400810

Modiglani, F. (1966). *The Life Cycle Hypothesis 1966*. Social Research. 33(2): 160-217.JSTOR 40969831

Rosto, W.W. (1962), *The Stage of Economic Growth*. London: Cambridge University Press.